नेपाल समाचारपत्र
नेपाली मनको नेपाली पत्रिका
NEPAL SAMACHARPATRA

मंगलबार, फागुन १५, २०७४ | Tuesday, February 27, 2018 | www.newsofnepal.com | नेसं ११३८ शिल्लाथ्व १२ | वर्ष २४, अंक ४८ | पृष्ठ १२ | मूल्य रू १०/–



२ { एमाले र माओवादी केन्द्र कम्युनिस्ट पार्टी नै होइनन्
५ { अनुदान रकममा बैंकको छलछाम
७ { बालविवाहको मारमा ग्रामीण भेगका महिला
१० { अर्थमन्त्रीका पाँच प्रतिबद्धता


# मन्त्रिमण्डलले अझै पूर्णता पाउन सकेन

## एमाले र माओवादी केन्द्रको आन्तरिक किचलो अझै टुंगिएन

नेपाल समाचारपत्र

काठमाडौं

सरकार गठन भएको डेढ सातापछि दोस्रोपटक मन्त्रिपरिषद् विस्तार भएको छ। तर मन्त्रिपरिषद्ले भने अझै पूर्णता पाउन सकेन। निर्वाचन आयोगले सरकारले प्रतिनिधिसभाको समानुपातिकतर्फको मत परिणाम सार्वजनिक गरेलगत्तै एमालेका अध्यक्ष केपी शर्मा ओली प्रधानमन्त्रीमा नियुक्त हुनुभएको थियो।

त्यसै गरी एक साताभित्र नै मन्त्रिमण्डलले पनि पूर्णता पाउने अपेक्षा गरिए पनि सत्तारूढ दल नेकपा एमाले र माओवादी केन्द्रको आन्तरिक किचलोका कारण मन्त्रिमण्ड विस्तार भए पनि पूर्णता पाउन सकेको छैन। १७ वटा मात्र मन्त्रालय राख्ने निर्णय सरकारले गरे पनि मन्त्री बन्ने आकांक्षीहरूको व्यवस्थापन गर्न एमाले र माओवादीलाई निकै दबाब परेको छ। धेरै नेता आकांक्षी रहेको गृह र अर्थ मन्त्री भने दुवै दलले टुंगो लगाएका छन्। पार्टीभित्रको आन्तरिक विवादको मुख्य कारण रहेको अर्थ र गृह मन्त्रीको टुंगो लागेको छ।

सोमबार प्रधानमन्त्री केपी शर्मा ओलीले चार मन्त्री थप्दै मन्त्रिपरिषद् विस्तार गरेका छन्। मन्त्रिपरिषद् विस्तार भएसँगै एमालेबाट महासचिव ईश्वर पोखरेल रक्षा, माओवादी नेता रामबहादुर थापा गृह मन्त्री बन्नुभएको छ। एमालेबाट डा. युवराज खतिवडा अर्थमन्त्री र माओवादी केन्द्रबाट मातृका यादव उद्योग वाणिज्य तथा आपूर्ति मन्त्री बन्नुभएको छ।



गृह मन्त्री बन्नुभएका थापा पूर्वरक्षा मन्त्रीका साथै पार्टीको संगठन विभागका प्रमुख हुनुहुन्छ। त्यसैगरी अर्थमन्त्री खतिवडाले गर्भनर र राष्ट्रिय योजना आयोगको उपाध्यक्षको जिम्मेवारी सम्हालिसक्नुभएको छ। रक्षा मन्त्री हुनुभएका पोखरेले एमालेका महासचिव हुनुहुन्छ भने उद्योग वाणिज्य तथा आपूर्ति मन्त्री बन्नुभएका यादव पूर्व वन मन्त्री हुनुहुन्छ।

नवनियुक्त मन्त्रीहरूले सोमबार नै राष्ट्रपति विद्यादेवी भण्डारीसमक्ष पद तथा गोपनीयताको शपथ लिएका छन्। उपराष्ट्रपति नन्दबहादुर पुन र प्रधानमन्त्री केपी शर्मा ओलीको उपस्थितिमा चार मन्त्रीले शपथ लिनुभएको छ। लालबाबु पण्डित र थममाया थापा प्रधानमन्त्रीको शपथकै दिन मन्त्री नियुक्त हुनुभएको थियो। नवनियुक्त मन्त्रीहरूले सोमबार नै कार्यभार सम्हालेका छन्। माओवादी केन्द्रले पाँच र एमालेले अझै ६ मन्त्री छनोट गर्न बाँकी रहेको छ। संघीय समाजवादी फोरम पनि सरकारमा सहभागी भएको अवस्थामा एमाले र माओवादीको बीचमा भएको १०/७ भागवण्डाबाट एक/एक मन्त्री घट्ने बताइएको छ।

संघीय समाजवादी फोरमसँग सहमति भएको अवस्थामा अझै पनि मन्त्रिपरिष्दले पूर्णता पाउन अझै केही दिन लाग्ने बताइएको छ। प्रधानमन्त्री नियुक्त भएजस्तै गरी मन्त्रिमण्डलले पनि पूर्णता पाउने अपेक्षा गरिए पनि सरकार गठन भएको डेढ साता बितिसक्दासमेत मन्त्रिपरिषद्ले पूर्णता पाउन सकेको छैन।

# २२२ स्कुलको गुरुयोजना शुरू

ईश्वरराज ढकाल, काठमाडौं

सरकारले देशभर निर्माण हुन लागेको २ सय २२ वटा नमुना विद्यालयको गुरुयोजना तयार गर्ने भएको छ। गुरुयोजना पास भएपछि ती विद्यालयहरूको निर्माण शुरू हुनेछ।

शिक्षा विभागले नमुना विद्यालय विकास विद्यालय सुधार गुरुयोजना तयार गर्न स्थानीयस्तरलाई नै जिम्मा दिएको छ।

विद्यालयका तर्फबाट कन्सल्टेन्ट तोक्ने र कन्सल्टेन्टले विद्यालय सुधार योजना निर्माण सहयोगी पुस्तिका र लक्ष्य निर्धारणका लागि नमुना विद्यालय व्यवस्थापन निर्देशिका, २०७४ को आधार लिएर ड्इङ डिजाइन तयार गरेपछि मात्रै नमुना विद्यालय निर्माण हुनेछन्।

शिक्षा विभागका निर्देशक दीपक शर्माले फागुनभित्र प्रारम्भिक ड्इङ डिजाइन पेस गर्नुपर्ने र सो ड्इङ डिजाइन पास भएपछि स्थानीय तहले स्वीकृत गरेर मात्रै विद्यालय भवन निर्माण हुने जानकारी दिनुभयो।

डिजाइन तयार गर्नुअघि विद्यालय कार्य सम्पादन परीक्षण, स्वमूल्याङ्कन, भौतिक पक्षको लेखाजोखा, विश्लेषण र आवश्यकता पहिचान, विज्ञ परामर्शदातासहित सरोकारवालासँग कम्तीमा २ दिने कार्यशाला सञ्चालन गर्नुपर्ने छ। गुरुयोजना निर्माण कार्यदलद्वारा योजना मस्यौदा तयारी, गुरुयोजनाको मस्यौदा विद्यालय व्यवस्थापन समिति, शिक्षक, अभिभावक शिक्षाप्रेमी, स्रोतकेन्द्र, विद्यालय निरीक्षक, स्थानीय गैसस, स्थानीय तहसँग छलफल एवम् सुझाव सङ्कलन गर्नुपर्ने छ।

**गुरुयोजनाअनुसार काम गराउने अधिकार स्थानीय तहलाई दिइएको विभागले जनाएको छ।**

त्यस्तै प्राप्त सुझावका लागि विद्यालय सुधार गुरुयोजनालाई अन्तिम रूप प्रदान विद्यालय सुधार गुरुयोजनाको मस्यौदा लेखाजोखाका लागि शिक्षा विभागमा पेस गर्ने र शिक्षा विभागबाट प्राप्त सुझावका आधारमा गुरुयोजनालाई अन्तिम रूप दिई स्वीकृतिका लागि विद्यालय रहेको स्थानीय तहमा पेस गरिने जनाइएको छ। स्थानीय तहबाट गुरुयोजना स्वीकृत भएपछि कार्यान्वयन गर्ने व्यवस्था गुरुयोजनामा रहेको छ। गुरुयोजनाअनुसार काम गराउने अधिकार स्थानीय तहलाई दिइएको विभागले जनाएको छ।

स्थानीय तह सञ्चालनमा आएको अवस्थामा नमुना विद्यालयको सम्पूर्ण निर्माण र अनुगमन गर्ने काम स्थानीय तहलाई दिइएको विभागले जनाएको छ। विभागका उपनिर्देशक शर्माले स्थानीय तहबाट स्वीकृत भएपछि मात्रै नमुना विद्यालयको भवन निर्माण हुने जानकारी दिनुभयो। गुरुयोजनामा डिजाइनरले लागत स्टिमेटसमेत पेस गर्नुपर्नेछ।

नमुना विद्यालयको निर्माणका लागि प्रारम्भिक बाल शिक्षाको पाठ्यक्रम र सिकाइका लागि सामग्री, कक्षागत र विषयगत पाठ्यक्रम सूचीमा प्रस्तुत गर्ने, विद्यार्थीलाई सेटमा पाठ्यपुस्तक, विषयगत शिक्षक निर्देशिका, पुस्तकालय, बुककर्नर, खेलकुदका सामग्रीहरू, स्वास्थ्य/शारीरिक विषयका उपकरण/सामग्री, विपद्जोखिम न्यूनीकरणसँग सम्बन्धित सन्दर्भ सामग्री, शिक्षकले स्थानीय स्रोत प्रयोग गरी तयार पारेका शैक्षिक सामग्री, विज्ञान प्रयोगशाला सामग्री, विद्यालय सङ्ग्राहलयका सामग्री, आईटीको व्यवस्था विद्युतीय हाजिरीको व्यवस्था विद्यालयको वेबसाइटलगायतका विषयलाई आधार बनाइएको छ।

(क्रमशः पृष्ठ ९ मा)

# आत्मसमर्पण गरेका चौधरी जेल चलान

काठमाडौं, (नेस)



जिल्ला अदालत कैलालीले राष्ट्रिय जनता पार्टीबाट सांसद पदमा निर्वाचित रेशमलाल चौधरीलाई पुर्पक्षका लागि हिरासतमा राख्न सोमबार आदेश दिएको छ। न्यायाधीश पर्शुराम भट्टराईको इजलासले चौधरीलाई जिल्ला कारागार धनगढी पठाउन आदेश दिएको हो।

(क्रमशः पृष्ठ ९ मा)

# आगलागी घटना बढ्यो

## दुई सातामा आठ स्थानमा आगलागी

नेपाल समाचारपत्र

काठमाडौं

गर्मीयाम शुरू भएसँगै राजधानीका विभिन्न स्थानमा आगलागीका घटना बढ्न थालेका छन्। पछिल्लो दुई सातामा राजधानीका विभिन्न ८ स्थानमा आगलागी भएको छ।

गर्मी लागेसँगै आगलागीका घटना बढेपछि काठमाडौं महानगरपालिका वारुणयन्त्रले सावधानी अपनाउन थालेको छ। आगलागीका घटना बढ्न थालेको बताउँदै वारुणयन्त्र प्रमुख बद्रीमान नगरकोटीले आगलागीका घटना हुन नदिन जनचेतनाका कार्यक्रम सञ्चालन गर्न थालेको बताउनुभयो।

हिजो सोमबार पुतली सडकस्थित शेयर मार्केटको भवनको पाँचौं तलामा रहेको एनआईसी एजुकेसन कन्सल्टेन्सीमा आगलागी हुँदा सो कन्सल्टेन्सी पूर्णरूपमा क्षति भएको थियो। बिहान करिब १० बजेबाट आगलागी शुरू भएको थियो। वारुणयन्त्र, प्रहरी र स्थानीयको सहयोगमा आगो नियन्त्रणमा लिइएको थियो। आइतबार राति सामाखुसीस्थित दीपशिखा स्कुलको होस्टलमा आगलागी भएको थियो।

सो आगलागीमा होस्टलका सामग्री जलेर नष्ट भएको थियो। कामपा, नेपाली सेना र प्रहरीको वारुण यन्त्रले आगलागी नियन्त्रण गरेको थियो। बिजुली सर्ट भएर सो आगलागी भएको थियो। यो महिनामा मात्रै ८ वटा आगलागीका घटना भएका छन्। माघ महिनाको तुलनामा फागुनमा बढी आगलागीका घटना भएको वारुणयन्त्र कार्यालयले जनाएको छ। अधिकांश आगलागी बिजुली सर्टका कारण भएको वारुणयन्त्र प्रमुख नगरकोटीले बताउनुभयो।

**आगलागीका घटना बढ्न थालेपछि वारुण यन्त्र कार्यालयले धुपबत्ती बाल्दा, चुरोट सल्काउँदा, विद्युतीय सामग्री चलाउँदा, घरमा अति प्रज्वलनशील पदार्थ भण्डारण गर्दा सावधानी अपनाउन आग्रह गरेको छ।**

आगलागीका घटना बढ्न थालेपछि वारुण यन्त्र कार्यालयले धुपबत्ती बाल्दा, चुरोट सल्काउँदा, विद्युतीय सामग्री चलाउँदा, घरमा अति प्रज्वलनशील पदार्थ भण्डारण गर्दा सावधानी अपनाउन आग्रह गरेको छ। 'अब महानगरक्षेत्रका वडा कार्यालयमार्फत जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने तयारी गरेका छौं।' -नगरकोटीले भन्नुभयो।

विशेष गरी पानी तान्ने मोटर सर्ट भएर, ग्यास लिक भएर बढी आगलागीका घटना हुने गरेका छन्। गर्मीयाममा बढीजसो आगलागी बस्तीनजिकैको जंगलमा हुने गरेको छ। जंगल जाने व्यक्तिले जानेर वा अन्जानमा आगो लगाउँदा बस्ती सखाप हुने गरेको छ।

यस्ता किसिमका आगलागीका घटना हुन नदिन चेतनामूलक कार्यक्रम सञ्चालन गर्ने योजना बनाएको वारुण यन्त्रले वडास्तरमै कार्यक्रम सञ्चालन गर्ने तयारी गरेको छ। गर्मीमा बढी आगलागी हुनुको कारण र समाधानको उपाय पत्ता लगाउन कामपाले वडास्तरमै कार्यक्रम सञ्चालन गर्न थालेको हो।

उता आगलागीका बेला वारुणयन्त्र सञ्चालन गर्ने निकायबीच समन्वय नहुँदा समस्या पर्ने गरेको कामपा वारुणयन्त्र कार्यालयले जनाएको छ। वारुणयन्त्र प्रमुख नगरकोटीले आगलागी हुँदा कस्ले के काम गर्ने भन्ने विषयमा स्पष्ट निर्देशन नहुँदा समस्या परेको बताउनुभयो।

कुन ठाउँमा कस्तो किसिमको आगलागी भएको छ। सो आगलागी कसरी नियन्त्रण गर्न सकिन्छ भन्ने विषयमा अध्ययन नै नगरी आगलागी नियन्त्रण गर्दा झन् बढी धनजनको क्षति हुने दाबी गर्नुभयो। आपसी समन्वय गरी आगलागी नियन्त्रण गर्दा क्षति कम गर्न सकिने उहाँको भनाइ थियो।







> नाकाबन्दीको बेलामा ओलीजीले कति कता राम्रो काम गरेको हो र राम्रो कामलाई राम्रो नै भन्नुपर्छ। नाकाबन्दीको विरोध गर्नुभो। उत्तरतिर व्यापार परवाहन सम्झौता गर्नुभो। नेपालको व्यापार पारवहनको अर्को ढोका खोल्नुभो। यो काम सकारात्मक हो।




# 'एमाले र माओवादी केन्द्र कम्युनिस्ट पार्टी नै होइनन'

**मोहन वैद्य**
**महासचिव, नेकपा (क्रान्तिकारी)**

नेपालमा एउटै कम्युनिस्ट पार्टी निर्माणको बहस शुरु भएको धेरै भइसकेको छ। लामो समयपछि नेपालका दुई कम्युनिस्ट पार्टी एमाले र माओवादी केन्द्रबीच पार्टी एकता गर्ने सात बुँदे सहमति भएको छ। शान्ति प्रक्रियामा आएपछि माआवादी टुक्रा-टुक्रामा विभाजित हुन पुग्यो। पटक-पटक फुट्ने र जुट्ने प्रक्रिया चलिरहेको छ। एमाले र माओवादी केन्द्रबीच पार्टी एकता गर्ने सहमतिलाई निकै अर्थपूर्णरुपमा हेरिएको छ। नेपालमा कम्युनिस्टहरु जुट्ने र फुट्ने लामो शृंखला चल्दैआएको छ। कतिपय अवस्थामा विचार र सिद्धान्तलाई भन्दा पनि पद र प्रतिष्ठाका कारण पनि कम्युनिस्टहरु विभाजनको संघारमा पुग्ने गरेका छन्। माओवादी केन्द्रका अध्यक्ष प्रचण्डसँग सम्बन्ध विच्छेद गरेर नेकपा (क्रान्तिकारी) पार्टी निर्माण गर्नुभएका मोहन वैद्यले पनि पार्टी फुटको सामना गर्नुपऱ्यो। वैद्यसँग असहमति राख्दै नेत्रविक्रम चन्द विप्लवले पार्टी विभाजन गरे। अहिले पुनः वैद्य र विप्लवको बीचमा पार्टी एकता गर्ने प्रक्रिया अगाडि बढेको छ। एमाले र माओवादीबीच हुन लागेको पार्टी एकता, नेपालमा एउटै कम्युनिस्ट पार्टीको निर्माण, ओली नेतृत्वको सरकारप्रतिको दृष्टिकोणलगायतको विषयमा केन्द्रित रहेर नेकपा (क्रान्तिकारी)का महासचिव मोहन वैद्यसँग नेपाल समाचारपत्रका लागि **मधुसूदन रायमाझी र प्रशान्त वली**ले गरेको कुराकानी :

**एमाले र माओवादी केन्द्रबीच हुन लागेको पार्टी एकतालाई कसरी हेर्नुभएको छ?**

अब एकता प्रक्रियालाई मैले दुई वटा कोणबाट लिएको छु। एउटा लामो समयदेखि सँगसँगै काम गर्दैआएका साथीहरू विचलित भएर एमालेसँग पार्टी एकता गर्न पुग्नु भो। यो दुःखद् विषय हो। दोस्रो कुरा उहाँहरूको बीचमा अहिले मात्र होइन लामो समयदेखि नै सहकार्य चल्दै आएको हो। दुई पार्टीका बीचमा विचार मिलेपछि पार्टी एकता गर्नु त्यसलाई स्वभाविकै अर्थमा लिनुपर्छ।

**दुई ठूला कम्युनिस्ट पार्टी मिल्ने तयारीमा छन्। तपाईंहरू पनि एउटै कम्युनिस्ट पार्टी बनाउनुपर्छ भन्ने पक्षमा हुनुहुन्छ। अब एउटै कम्युनिस्ट पार्टी होला त नेपालमा?**

एमाले र माओवादीलाई बाहिरबाट हेर्दा कम्युनिस्टजस्तो देखिन्छ। एमाले र माओवादी केन्द्रले नाम त कम्युनिस्ट राखेका छन्। तर उनीहरू कम्युनिस्ट होइनन्। उनीहरूले कम्युनिस्टको विचारधारा र राजनीतिक सबै छोडेर संसदीय व्यवस्थालाई नै स्वीकार गरेको अवस्था हो। हामी एमाले र माओवादी केन्द्रलाई कम्युनिस्ट पार्टी मान्दैनौं। हामीले सच्चा क्रान्तिकारी कम्युनिस्टहरूको भने एउटै केन्द्र बनाउने अभियानमा लागेका छौं। यसको लागि बहस र छलफल पनि चलिरहेको छ।

**ओली र प्रचण्डको मिलनलाई कसरी लिनुभएको छ?**

यो विचार मिल्नेहरूको मेल हो। उहाँहरूको बीचमा विचार मिल्यो। त्यसपछि एकताको लागि तयार हुनुभयो। तर यो मेललाई क्रान्तिकारी मेल, कम्युनिस्ट पार्टीको एकता, वामपन्थीहरूको एकता भन्ने पक्षमा हामी छैनौं। एमाले र माओवादी केन्द्रको एकता दक्षिणपन्थी गठबन्धन हो। उहाँहरू संसद्वादी शक्ति हो। उहाँहरू पुरानो राज्यसत्ताको संरक्षक हो। प्रचण्डजी र ओलीजीको पनि उस्तै विचार मिलेपछि पार्टी एकता स्वभाविकरूपमा लिनुपर्छ। ओलीजीको पनि झापा विद्रोहमा महत्त्वपूर्ण योगदान छ। झापा विद्रोहको ऐतिहासिक महत्त्वलाई पनि ओलीजीले तिलाञ्जली दिनुभो। यतापट्टि प्रचण्डजीले पनि दस वर्षे जनयुद्धको महत्त्वलाई तिलाञ्जली दिनुभो। अहिलेको पार्टी एकता तिलाञ्जली दिनेहरूको संगम मात्र हो।

**तपाईंले नेतृत्व गरेको पार्टी र विप्लवले नेतृत्व गरेको नेपाल कम्युनिष्ट पार्टीबीच एकता हुन लागेको हो?**

एकता हुनै लागेको त नभनौं। हामीले प्रयास शुरू गरेका छौं। हाम्रो उद्देश्य वैचारिक राजनीतिकरूपमा कुराकानी गर्दै समान धारणा बनाएर एकतामा जानुपर्छ भन्ने मत छ। तर के हो भने उहाँहरूले कसरी सोचिरहनुभएको छ? वार्ता बहस गर्ने क्रममा विषयवस्तु कसरी प्रस्तुत हुन्छ। ठ्याक्कै एकता हुन्छ भन्ने विषयमा पनि चाही नसोचौं। तर क्रान्तिकारीहरूलाई एकताबद्ध गर्ने प्रक्रिया भने अगाडि बढ्छ।

**फरक विचार राख्दै तपाईंसँग असहमति राख्दै विप्लव बाहिरिनु भएको थियो। अहिले एकताको आधार के हो?**

मिल्ने कुराहरू भनेको मुलभूतरूपमा सैद्धान्तिक र राजनीतिक आधार हो। सैद्धान्तिकरूपमा मार्क्सवाद लेलिनवाद र माओवाद उहाँहरूले भन्दै आउनुभएको छ। यहाँ कुरा मिल्छ। माक्सर्वाद, लेलिनवाद र माओवाद प्रचण्डजीले पनि भन्नुहुन्छ, त्यो अलग कुरा हो। दोस्रो कुरा उहाँले नयाँ जनवाद र समाजवाद भन्नुहुन्छ। हामीले पनि नयाँ जनवादी क्रान्तिकै दिशामा जाने हो। फेरि सँगसँगै भएको पार्टी अलग भएपछि र मिल्नको लागि समय लाग्ने कुरा त स्वाभाविक नै हो। एकता के हुन्छ भन्ने कुरा विषय प्रवेश भएपछि मात्र थाहा हुन्छ।

**विप्लवले अगाडि सार्नुभएको नयाँ जनवादी क्रान्तिको सम्भावना कत्तिको देख्नुहुन्छ ?**

तत्कालै क्रान्ति हुन त गाह्रो छ। यसको निम्ति परिश्रम र फेरि तयारी गर्नुपर्छ। विगतका गल्ती कमी कमजोरी विश्वासघात सबै कुराको समीक्षा हुनु जरुरी छ। हामीले पनि आत्मसमीक्षा गर्नुपर्छ। निश्चित परिश्रम गरेपछि हामी नयाँ जनवादी क्रान्ति सम्पन्न गरेर समाजवादी बाटोमा जान्छौं। यसको लागि समय र तयारीको आवश्यकता पर्छ। हामी किन सक्छौं भने राष्ट्रको समस्या राष्ट्रियता, जनजीविका र जनतन्त्रका समस्या हुन्। यो समस्याको समाधान अहिलेको संसद्वादी राजनीतिक दलहरूबाट हुन सक्दैन। अहिले वाम गठबन्धनको सरकार बनी पनि सक्यो। यसबाट अहिलेको समस्याको समाधान हुँदैन। यी समस्याको समाधान गर्नको लागि पनि हामी जनवादी क्रान्तिको बाटोमा अगाडि बढ्नैपर्छ।

**विप्लव र तपाईंको बीचमा भोलि पार्टी एकता हुँदा सशस्त्र विद्रोहमा जाने सम्भावना हुन्छ कि हुँदैन?**

अहिलेको अवस्थामा जनयुद्ध गर्ने सम्भावना त म देख्दै देख्दिनँ। विप्लवले अहिले जनयुद्ध नै गर्न थालेको भन्ने परेको छ। यो होइन भनेर बुझ्दा राम्रो हुन्छ।

**माओवादी पार्टीभित्र विचार र सिद्धान्त मिल्ने तर पार्टी नमिल्ने शृंखला देखियो नि किन?**

सामान्यरूपमा भन्दा यो कुरा ठीकै पनि हो। फुट्नेहरू दुई किसिमका छन्। एकाथरी विचार फरक भएकाले फुट्छन्। अर्काथरी पदको लागि पनि हुन सक्छ। प्रचण्डजी र बाबुरामजी नै हुँदा नै हामी विचार नमिलेर अलग भएका हौं। हामीले संसदीय व्यवस्था नमानौ भनेर स्पष्ट भनेका छौं। विचार नमिलेपछि अलग हुनु राम्रै कुरा हो। जहाँसम्म विचार मिल्ने पनि किन फुट्ने भन्ने गम्भीर कुरा हो। यो कुरा प्रचण्डजी र बाबुराजीको देखिएको कुरा हो। दुवै नेता संविधान जारी गर्न भूमिका खेल्नुभो। संविधान जारी भएपछि मात्र बाबुराजी पार्टीबाट अलगिनुभो। यसको पुष्टि बाबुरामजीले अझै गर्न सक्नुभएको छैन। मलाई लाग्ने प्रचण्ड र बाबुरामजी मिल्नुपर्दथ्यो। विचारको हिसाबमा उहाँहरू मिल्नुपर्दथ्यो। विप्लवजीहरू फुटेर जानुभएको हो। उहाँहरू नजानुपर्ने हो। कतिपय अवस्थाको फुट भनेको विचारभन्दा पनि अरू-अरू कारणले हुने गर्छन्। हामीले नेपालमा जनयुद्ध सफल पारेर नयाँ जनवादी राज्य सत्ता ल्याउने र समाजवादमा जाने भनेको कुरा हो। तर प्रचण्डजी र नेतृत्वमा बस्नुभएका साथीहरूले त्यो विचार छोड्नुभो। हामीले सकिएन। इमानदारितापूर्वक हामीले भन्ने हो भने दृढतापूर्वक संघर्ष गरेर अगाडि बढ्न सक्ने हाम्रो अवस्था भएन। सपना त बाँडेकै हो। ती सपना जिउँदै छन्। नेपाली जनताका समस्या त हल भएका छैनन्। हामीले ती सपना पूरा गर्ने बाटो छोडेका छैनौं। तर प्रचण्ड र बाबुरामजीले भने ती सपना देख्न छोड्नुभो।

**माओवादीमा विभाजनका लामै शृंखला देखियो। माओवादी आन्दोलन कहाँ आएर चुक्यो?**

माओवादी आन्दोलन लक्ष्य हासिल गर्ने अन्तिम अन्तिम बेलामा आइपुगेर चुक्यो। विजयको निकटै त नभनौं। तर झण्डै-झण्डै केन्द्रीय राज्यसत्ता लिने अवस्थामा जादाखेरी साथीहरूमा विचलन पैदा भयो। उहाँहरू धरमराउनु भो। उहाँहरूले नयाँ जनवाद भन्ने कुरा छोड्नुभो र लोकतान्त्रिक व्यवस्था अर्थात् संसदीय व्यवस्थालाई स्वीकार गर्नुभो। त्यो स्वीकार गरेलगत्तै वार्ता प्रक्रिया अगाडि बढिहाल्यो। त्यहाँ आएर क्रान्तिप्रति विश्वासघात र धोका भयो।

**तर प्रचण्डले त तपाईंहरूलाई पनि पार्टी एकतामा आउन आग्रह गर्नुभएको छ नि ?**

विचारबाट विचलित भएकाहरूले भन्ने नै यही हो। जनयुद्ध शुरू हुँदा 'रोमानिस्टजम' हो भनेर भन्थे। चार दिनमा नै सकिन्छ भन्थे। आफूले नसक्ने भएपछि दोषारोपण त गर्नुपऱ्यो नि। एमाले र माओवादीबीच एकता भएर बन्ने पार्टी एकतामा जाने कुनै सम्भावना छैन।

**विभाजित भएपछि कम्युनिस्टहरू किन तल्लोस्तरको गालीगलौचमा उत्रिन्छन्?**

त्यो सबैमा हुन्छ। कम्युनिस्टहरूमा अली बढी ख्याल हुन्छ। धेरै टुट्फुट र विभाजित भएको हुनाले गालीगलौच हुने गर्छ। बढी गालीगलौच गर्ने प्रवृत्ति गलत हो। यस्तो संस्कार हटाउनुपर्छ। गाली गर्दा पनि राजनीतिक भाषामा शिष्टतापूर्वक असहमति राख्नु नै राम्रो मानिन्छ।

> "एमाले र माओवादी केन्द्रको एकता दक्षिणपन्थी गठबन्धन हो
>
> अहिलेको पार्टी एकता तिलाञ्जली दिनेहरुको संगम मात्र हो
>
> तत्कालै क्रान्ति हुन त गाह्रो छ
>
> प्रचण्ड र बाबुरामजी मिल्नुपर्दथ्यो
>
> प्रचण्ड र बाबुरामजीले सपना देख्न छोड्नुभो
>
> त्यहाँ आएर क्रान्तिप्रति विश्वासघात र धोका भयो"

**अब तपाईंको पार्टीले लिने नीति के हो?**

सबैभन्दा पहिला त नेपालमा हामीले नयाँ जनवादी क्रान्ति गर्ने भनेका थियौं। हाम्रो पार्टी जनवादी क्रान्ति सम्पन्न गर्ने काममा जुटेको छ। दोस्रो हामी अहिले संगठनात्मकरूपमा अली कमजोर अवस्थामा छौं। संगठनलाई बलियो बनाउनुपर्ने आवश्यकता छ। तेस्रो जनतालाई गोलबन्द गर्ने। चौथो सच्चा कम्युनिस्ट पार्टीहरूलाई गोलबन्द गर्ने त्यो दिशामा हामी दृढतापूर्वक लाग्छौं। पाँचौं अहिलेको राष्ट्रियता जनजीविकाको र जनतन्त्रको सवाललाई लिएर सम्भव हुने पार्टीहरूसँग कार्यगत एकता गरेर अगाडि बढ्छौं।

**तपाईंको पार्टीले निर्वाचन बहिष्कार गर्ने र भाग लिने काम गर्नाले भ्रम सृजना भयो नि ?**

कम्युनिस्टहरूले संसदीय चुनावलाई उपयोग गर्छन्। यो कार्यनीतिक विषय हो। आवश्यक पर्दा त्यसको उपयोग पनि गर्छौं। अर्को परिस्थितिमा त्यसको बहिष्कार पनि गर्छौं। इतिहासको कुरा गर्ने हो पञ्चायतमा बहुदलको पनि उपयोग गरेको हो। जनयुद्ध शुरू गर्नुअघि २०४८ मा उपयोग गरेको हो। त्यसलगत्तै भएको मध्यावधी चुनाव बहिष्कार गरेको हो। हामीले उपयोग र बहिष्कार गर्ने हो। यसलाई सामान्य अर्थमा लिनुपर्छ।

**धेरैले एमाले र माओवादीको एकताले राजनीतिक स्थायित्व हुने अर्थमा पनि लिएका छन्। अब त देशमा समृद्धिको गति शुरू होला नि ?**

यो सरकारबाट समृद्धिको आशा र अपेक्षा गर्न सकिँदैन। किनभने सबैभन्दा पहिला त उहाँहरूले जनताका समस्या समाधान गर्न सक्नुहुन्न। उहाँहरूले बढी-बढी कुरा गर्नुभएको छ। ओलीजी प्रधानमन्त्री हुनुभो। उहाँले हड्ताल र बन्द गर्ने दिन गए भन्नुभो। समस्याको समाधान नगर्ने, बन्द हड्ताल पनि गर्न नदिने? सच्चा लोकतान्त्रिक पार्टीले जनताको आन्दोलन गर्ने अधिकारलाई सुनिश्चित राखेको हुन्छ। गर्ने/नगर्ने अर्को कुरा हो। आन्दोलन गर्ने अधिकार सुरक्षित राखिएको हुन्छ। भोलि आन्दोलन र बन्द गर्न पाइँदैन भन्नुहुन्छ। न समस्याको समाधान गर्नुहुन्छ। संविधानमा शिक्षा, स्वास्थ्य, खाद्य प्रभूत्व, रोजगारी, आवासलगायतका विषयलाई मौलिक अधिकारअन्तर्गत राखिएको छ। मौलिक हक त्यो त हुनुपर्छ भन्ने हो नि। के अहिले जनताले ती मौलिक हकको उपभोग गर्न पाएका छन् त ? शिक्षा र स्वास्थ्यलाई पूरै व्यापारीकण गरिएको छ। विद्यार्थीले पढ्न नसक्ने अवस्था सृजना भएको छ। आवासको समस्या गम्भीर भएर गएको छ। के त्यसको समाधान गर्न सक्नुहुन्छ? मुक्त कमैयाको घोषणा गरेको वर्षौं बितिसक्यो तर अहिलेसम्म पूरा भएको छैन। सुकुम्वासीको समस्या त्यत्तिकै छ। भूकम्पपछिको काम गराइको गति के छ? यो सबै चिज हेर्दा देशलाई समृद्ध बनाउन सक्नुहुन्न। राष्ट्रियताको कुरा गर्ने हो भने देशको सीमा मिचिएकै छ। यसका बारेमा वाम गठबन्धन चुइक्क पनि बोल्न सकेको छैन। खोइ त त्योबारेमा चासो? देशमा धेरै जलविद्युत्को स्रोत छ, खोइ यसको उपयोग गर्ने नीति बनाएको ? ठूलो जनसंख्या विदेशमा गएको छ। उनीहरूलाई स्वदेश फर्काउनुपऱ्यो नि त। यी काम गरेको खण्डमा धन्यवाद छ। यस ढंगले अहिलेको समस्या समाधान हुन सक्दैन। एमाले र माओवादीमा अझै पनि प्रशस्तै कलहका बिजहरू छन्।

**ओली त राष्ट्रियताको बारेमा अडान लिने नेताका रूपमा चिनिनुहुन्छ नि ?**

वास्तविक एमालेले महाकाली सन्धि गर्ने काम गऱ्यो। पहिला ओलीजीलाई दक्षिणतिरकै मान्छे हो भनेर मानिसहरूले भन्ने गर्थे। एमालेभित्रैबाट पनि त्यो आरोप लागेको सुनिएको थियो। ओलीका क्रियाकलाप पनि त्यस्तै थिए। हामीले पनि ओली दक्षिणतिरकै मान्छे हो भनेर भनेकै हो। पछि नाकाबन्दीको बेलामा ओलीजीले कति कता राम्रो काम गरेको हो र राम्रो कामलाई राम्रो नै भन्नुपर्छ। नाकाबन्दीको विरोध गर्नुभो। उत्तरतिर व्यापार परवाहन सम्झौता गर्नुभो। नेपालको व्यापार पारवहनको अर्को ढोका खोल्नुभो। यो काम सकारात्मक हो। अब उहाँ यही अडान र यसैमा टिकिराख्नुहुन्छ भनेर विश्वास गर्न सकिन्न। हाम्रो शुभकामना त टिक्न सक्नुपर्छ भन्ने हो। राष्ट्रियताको अडानमा हिजोकै जस्तै गरी टिक्नुहुन्छजस्तो छाँटकाँट देखिँदैन। टेलिफोन वार्ता र सुष्मा स्वराजको गतिविधि त राम्रो होइन। वहालवाला प्रधानमन्त्रीलाई अपमान गरेर सोध्दै नसोधी भेट्नु राजनीतिक र कुटनीतिक दृष्टिकोणले मिल्दैनथ्यो। जे होस् राष्ट्रियताको सन्दर्भमा आफ्नो अडान कायमै राखेर जानु होला भनेर भर पर्न सकिँदैन।

**वाम गठबन्धनले दस वर्षभित्र मुलुकलाई समृद्ध बनाउने योजना अगाडि सारेका छन् नि ?**

राजनीतिक दलहरूले चुनावमा जुन आर्थिकरूपमा ओइरो लगाउने काम भयो। चुनावमा करोडौं रुपियाँ खर्च भएको छ। त्यो पैसा कहाँबाट उठाउँछन् यिनीहरूले ? छाँटकाँट त छैन। प्रदेश सरकार बनेको छ। प्रदेशको लागि थुप्रो पैसा लाग्छ। कहाँबाट ल्याउने त्यो पैसा? रेमिटयान्स घट्न लाग्यो। समस्या छ। प्राकृतिक स्रोत र मानवीय स्रोतसाधन राम्रो तरिकाले सदुपयोग गर्ने, सबैले दुःख गर्ने हो भने आठ/दस वर्षमा देशको मुहार फेर्न सकिन्छ। तर उहाँहरू यो बाटोबाट अगाडि जानु हुन्न।

**देशलाई समृद्ध बनाउने अभियानमा त तपाईंहरूको पनि साथ हुन्छ कि हुँदैन ?**

अपेक्षा गरेको जस्तो विकास हुने हुने छाटँकाँट छैन। यो त राजनीतिले पनि थाहा हुन्छ। नवउदारवादी अर्थतन्त्र, यताबाट हेर्दा भारतीय शासकहरूको उत्पीडन। नवउदारवादी अर्थतन्त्र अंगालेका ब्रिटेन र अमेरिकाले छोडिसकेका छन्। अहिले हाम्रा नेताहरू त्यही नवउदारवादमा छन्। नवउदारवादबाट कसरी प्रगति हुन सक्छ ? दुई ठूला छिमेकीको बीचमा रहेको नेपाल। जनसंख्या र भूगोलको दृष्टिकोणले दुवै विकसित छन्। यो देशको निम्ति दुवै छिमेकीले अलिकता छुट दिनुपर्छ। डब्लुटीओको सदस्य भएर व्यापारमा प्रतिस्पर्धा गर्न सक्छ नेपालले? अरू मुलुकसँग सक्दैन। नेपालको अदुवा निकासिमा कत्ति ठूलो समस्या छ? नेपालको विशेषता हेर्ने हो भने जनसंख्या पनि प्रचूर छ। ठूलो दक्ष जनशक्ति पनि उत्पादन भएको छ। प्राकृतिक स्रोतसाधनले धनी छौं। राम्रो ढंगले सदुपयोग गर्न सकिन्छ। घोषणामा मात्र सीमित छ। जनतालाई उहाँहरूले भन्नुभएको छ। गर्न सक्ने देखिँदैन।

# कुस्माका दर्शक नचाए बद्रीले



दुर्गाप्रसाद शर्मा, पर्वत

हिउँदको यो मौसममा जतातती मेला महोत्सव भइरहेका छन्। मेला महोत्सवका नाममा अश्लील शब्दमा दोहोरी तथा छाडा र नग्न भएर नृत्य गर्ने क्रम पनि बढेको छ। अझ रातको समयमा उत्तेजक नृत्य र सुन्नै नसकिने शब्द भरिएका गीत गाएर दर्शक उफार्ने चलन पनि छ। तर दर्शकलाई नचाउन नग्न हुनै पर्दैन भनेर बद्री पंगेनीले देखाइदिए।

पर्वतको कुस्मा बजारमा पुन युवा क्लबले आयोजना गरेको मगर दिवसको मेलामा बद्री पंगेनी रातको ९ बजेसम्म नै धुलो उडाउने गरी नचाउन सफल भए। सधैं राजनैतिक र जनपक्षिय गीतमार्फत् दर्शकलाई रुवाउने बद्रीले यसपालि भने झण्डै दुई घण्टा लगातार माया प्रीतीकै गीत गाएर दर्शक रिझाए।

मञ्चमा चढ्दै 'माया प्रीतीका मात्रै गीत गाउँछु भनेर कार्यक्रम शुरू गरेका बद्रीले पछिल्लोपटक बजारमा ल्याएको *कान्छी ए कान्छी* बोलको गीतमा




वान्स मोर वान्स मोरको नारा घन्किरहेपछि सो गीत दोहोऱ्याएरै गाए। स्थानीय निर्वाचनका बेला *सै पनि एमाले, मै पनि एमाले* गीत गाएर बद्रीसँगै चर्चामा आएकी प्रिया भण्डारीसँगै यो *कान्छी ए कान्छी* गीत पनि बद्रीले गाए। उनले *ढल्के पीपल पलायो जरैबाट, खान्न म त पिँडालु कोक्यायो, तिम्रो रातो पछ्यौरी*लगायत एक दर्जन गीत गाएर दर्शकलाई लोभ्याए।

मगर समुदाय नाचगानमा खुलेरै प्रस्तुत हुने समुदाय हो। उनले आफू पनि मगरकै भान्जो भएकाले अझै सामिप्यता देखाउन खोजे। लगातार माया पिरतीका गीत गाएका बेला *मन थिएन जोगी बन्नलाई* बोलको गीत गाउन शुरू गरेका उनले एक टुक्कामै अन्त गरेर फेरि *कान्छी ए कान्छी* नै गाए। बद्रीका गीतमा मञ्चमा रहेका प्रमुख जिल्ला अधिकारी राजेश पन्थी, सशस्त्र प्रहरी उपरीक्षक बाबुराम अर्याल, जिल्ला समन्वय अधिकारी विष्णुप्रसाद भुसाललगायतका अतिथि पनि नाचिरहे।

पछिल्लो समयमा मेला महोत्सवमा छाडा गीत प्रस्तुत हुने र कपडा खोलेर उत्तेजक नृत्य देखाउँदा विकृति बढेकाले यस्ता कुरालाई निरुत्साहित गर्नुपर्ने बद्रीले बताए। नेपाल लोक तथा दोहोरी गीत प्रतिष्ठानका अध्यक्षसमेत रहेका पंगेनीले यस्ता कलाकारलाई कोहलपुरमा जस्तै स्थानीयस्तरमै बहिष्कार गर्न सके छाडा संस्कृति हराउने मौलिक संस्कृति बच्न सक्ने बताए। प्रतिष्ठानले गतवर्षदेखि नै यसबारेमा मेला आयोजकदेखि स्थानीय प्रशासनसम्म गुहारेको र अब दर्शक गुहार्ने बताए।

मगर दिवसको अवसरमा पुन क्लब पर्वतले वर्षेनी यस्तो मेला आयोजना गर्दै आएको छ। मगर संस्कृति झल्कने सोरठी, यानिमायासँगै ख्यातिप्राप्त कलाकारका प्रस्तुतिहरू प्रस्तुत गरिँदै आएको मेलामा कलाकार तथा सञ्चारकर्मी कृष्ण अखेली, दोहोरी गीत गायिका कृष्णा गुरुङलगायतले पनि दर्शकलाई भरपुर मनोरञ्जन दिइरहेका छन्। मेलामा पालिकास्तरीय भलिबल प्रतियोगितासमेत भइरहेको क्लबका अध्यक्ष कृष्ण पुनले जानकारी गराए। मेला मंगलबारसम्म चल्नेछ।

# करिनालाई गसिप रोक्न मलाईकाको सुझाव





बलिउडमा नायिकाको एक शानदार समूह छ जसमा नायिकाहरु करिना कपुर, मलाईका अरोरा, करिश्मा कपुर र अन्य केही युवती सामेल छन्।

भारतीय सञ्चार माध्यमका अनुसार यो समूह बलिउडको हरेक पार्टी तथा समारोहमा एकसाथ देखिन्छ। उनीहरु एकअर्कासिंग निकै रमाइलो गर्छन्। साथै एकअर्काका लागि राय सल्लाह पनि दिन्छन्।

हालै नायिका मलाईका अरोरा र उनकी बहिनी अमृता अरोरा अर्की नायिका नेहा धुपियाको एक च्याट शोमा पुगे। उक्त च्याट शोमा नेहाले मलाईकालाई तपाई आफ्नो साथी करिना कपुरलाई के सल्लाह दिन चाहनुहुन्छ? भनेर प्रश्न गरिन्। मलाईकाले तुरुन्त जवाफ दिइन्–▯करिना स्टप गसिपिङ।▯ बलिउडमा करिना गसिपिङ क्विनका रुपमा चिनिन्छिन्। करण जौहर, रणवीर कपुरलगायतका व्यक्तिहरु मान्छन् कि बलिउडको कुनै पनि खबर सबैभन्दा पहिले करिनाबाटै थाहा पाइन्छ। मलाईकाले पनि यो कुरा सहजै स्वीकार्दै उनलाई सुझाव दिन पछि हटिनन्।






# विचार

जसले आफ्नो समय बरबाद गऱ्यो उसले यो बुझ्ने हुन्छ कि उसको एउटा पनि इच्छा पूरा हुँदैन र जीवन सधैं दुःखमय हुनेछ। त्यसैले समयलाई चिन।
- बर्टेन्ड रसेल

म तिम्रा विचारहरूसँग असहमत छु तर तिमीले आफ्ना विचारहरू राख्न पाउनुपर्छ भन्ने पक्षमा जीवनभरि लडिरहनेछु।
- जिन ज्याक रुसो

## सम्पादकीय

नेपाल समाचारपत्र NEPAL SAMACHARPATRA

# जनप्रतिनिधिहरुमा गाम्भीरताको खाँचो

स्थानीय तहको पुनर्संरचना गर्दा स्थानीय तहका प्रमुख, उपप्रमुखलगायत जनप्रतिनिधिहरु प्रधानमन्त्रीभन्दा बढी जिम्मेवारी हुनुपर्ने तर्कहरु अघि सारिएको थियो । संविधानमै पहिलोपटक स्थानीय तहका अधिकारहरु उल्लेख भएको सन्दर्भमा सो तर्कले जनप्रतिनिधिहरुको जिम्मेवारी निकै रहेको संकेत गरेको थियो । पछि स्थानीय सरकार सञ्चालन गर्न बनेको ऐनले संविधानका अधिकारहरुलाई केही हदसम्म कटौती गरे पनि जनप्रतिनिधिहरुले बहन गर्नुपर्ने दायित्वहरु अहिले पनि कम छैनन् । स्थानीय तहको निर्वाचन भएको १० महिना बितिसक्दा पनि जनताले यसलाई वास्तविकरुपमा अनुभूत गर्न नसक्नु निकै उदेक लाग्दो रहेको छ ।

स्थानीय तहलाई जनताको घरदैलोको सरकारका रुपमा व्याख्या गर्दै चुनावताका सिंहदरबारको अधिकार जनताको घरदैलोमा आएको राजनीतिक दल र तिनका उम्मेदवारहरुले आ–आफ्ना घोषणापत्रमार्फत बताएका थिए । झन्डै २० वर्षपछि भएको स्थानीय चुनावले मुलुकमा जनताले दिनहुँ भोग्नुपरिरहेका समस्या समाधान गर्ने र जनताको प्रत्यक्ष सरोकारका विषय क्रमशः समाधान हुँदै जाने जनताले आशा गरेका थिए । तर यसबीचमा जनप्रतिनिधिहरुले आफूले गाडी चढ्न नपाएकोमा आक्रोश व्यक्त गरेका, कृषि बजेट गाडी किन्नमा खर्च गरेका, विदेश भ्रमणलाई निकै तीव्रता दिएका घटनाहरु बाहिर आएका छन् । ललितपुर महानगरपालिकाका प्रमुखले ९ महिनामा लगभग ९ पटक विदेश भ्रमण गरेको तथ्य सञ्चारमाध्यममा आएको छ। स्थानीय तहमा अहिले भइरहेको अस्तव्यस्त र जनप्रतिनिधिहरुको प्राथमिकता कहाँनिर छ भन्ने एउटा उदाहरणका रुपमा लिन सकिन्छ। लोकप्रिय भाषण गर्ने, जनताको प्रत्यक्ष सरोकार राख्ने काममा सिन्कोसमेत नभाँच्ने, विदेश भ्रमणलाई प्राथमिकतामा राख्ने, आ–आफ्ना हितलाई नै सर्वोपरि ठान्ने र जनताको शासकका रुपमा आफूलाई लिने मनोवृत्ति जनप्रतिनिधिहरुमा बढ्दै गएको छ । यसलाई दुर्भाग्य नै मान्नुपर्दछ ।

अहिले नेपाल संघीय व्यवस्थामा प्रवेश गरेको छ। संघीय व्यवस्थाको वास्तविक अनुभूत गराउन स्थानीय तहको अहम् भूमिका रहेको छ । समुदायको तल्लो तहमा रहेका नागरिकलाई राज्यको स्रोत–साधनमा पहुँच पुऱ्याउने, ती समुदायको नेतृत्व क्षमता विकास गर्ने, जनतालाई आधारभूत सेवा प्रदान गर्नेजस्ता कार्य स्थानीय तहको प्रभावकारिताले मात्र सम्भव छ । यो तथ्यलाई जनप्रतिनिधिहरुले आफ्नो काम र व्यवहारमा प्रतिविम्बित गर्न सकेका छैनन् । शुरुको छ महिना स्थानीय तहसम्बन्धी ऐन नआएको भन्दै बहानाबाजी गरिरहेका जनप्रतिनिधिहरुले अहिले प्रदेशले आवश्यक कानुन तयार नगरेको भन्दै काम गर्न आलटाल गरिरहेका छन् । जनताले सुधारको अनुभूत गर्ने सानातिना काममा भन्दा फ्लाइओभर बनाउने, मोनोरेल ल्याउनेजस्ता लोकप्रिय भाषणमा जनप्रतिनिधिहरु रमाइरहेका छन् । जनताका आकांक्षा, धरातलीय यथार्थबोध गरेर जनप्रतिनिधिहरुले व्यावहारिक सुधारका कामहरुलाई प्राथमिकता दिनु तत्कालका लागि उचित हुनेछ । यसले संविधानमा व्यवस्था भएका अधिकारलाई क्रमशः कार्यान्वयन गर्दै स्थानीय तहलाई विकासको बलियो इकाइका रुपमा स्थापित गर्नेछ ।

# किन चाहियो दुई तिहाइ ?



डा. टीकाराम पोखरेल

प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनमा एमाले र माओवादी केन्द्रको संयुक्त वाम गठबन्धनले दुई तिहाइको दाबी गर्दै आक्रामक शैलीमा चुनाव प्रचार अगाडि बढाए। वाम गठबन्धनबाट आँत्तिएको कांग्रेसले वाम गठबन्धनलाई कम्युनिस्ट अधिनायकवादको अभ्यासको रूपमा भ्रम छर्न खोजे पनि जनताले त्यो कुरा पत्याएनन्। वाम गठबन्धनलाई बहुमत आयो। तर दुई तिहाइ भने थोरै सिटले पुगेन। गठबन्धनको भारी बहुमतसहित केपी ओली प्रधानमन्त्री भए पनि उनलाई बहुमतले चित्त बुझेन। उनले दुई तिहाइ बहुमतको सरकारको इतिहास रच्न खोजे। त्यसैले सरकार चलाउन सुविधाजनक बहुमत हुँदाहुँदै पनि प्रधानमन्त्री ओली आफ्नो सरकारलाई दुइ तिहाइको समर्थन पुऱ्याउन जुटिरहेका छन्। संविधान संशोधन, महाअभियोग पारितलगायतका केही कामबाहेक अन्य कामका लागि दुई तिहाइ चाहिँदैन। सरकार चलाउन त झन् दुई तिहाइ आवश्यक नै छैन। त्यसो भए आखिर प्रधानमन्त्री ओलीलाई दुई तिहाइ किन चाहियो त ?

> भविष्यमा पार्टी फुटेमा एमाले संसद्मा अल्पमतमा पर्ने निश्चित छ। त्यति बेला एमालेका लागि सत्ता छोड्ने, कांग्रेस गुहार्ने र मधेसवादी गुहार्ने तीन विकल्प हुन्छ। त्यसैले जुन बेला पऱ्यो त्यही बेला गुहार्नुभन्दा अहिलेदेखि नै गुहार्नु ठीक ठानेर पनि मधेसवादी दललाई सँगै लिएर हिँड्ने एमालेको स्वार्थ हुन सक्छ।

### मधेसवादीको माग सम्बोधन

संविधानको घोषणासँगै सबैभन्दा पेचिलो मुद्दा नै संविधान संशोधन बन्यो। संविधानमाथि मधेसवादी दलको आक्रोश मात्र बर्सिएन, भारतीय असन्तुष्टिसमेत पोखियो। संविधानकै कारण नेपालीले लामो समय नाकाबन्दीको सामना गर्नुपऱ्यो। संविधानपछि स्थिरता आउला भनेको झनै अस्थिरता पो देखा पऱ्यो। संविधान संशोधनका सवालमा मधेसवादी र एमाले विपरीत ध्रुवमा भएकाले वर्गसत्रुजस्ता देखिए। एकातिर संविधान संशोधन गर्न नमान्ने एमाले र संविधान संशोधन नगरी मूलधारको राजनीतिमा नआउने मधेसवादी अडानका बीच देशको संक्रमणकालीन अवस्था झनै तरल भयो। तर प्रतिनिधि र प्रदेशसभाको निर्वाचनको परिणामपछि हिजोका वर्गसत्रुहरू मित्रमा परिणत हुन खोजिरहेका छन्। एमाले र फोरम एउटै सरकारमा सहकार्य गर्न बाटो खोज्दै छन्। त्सो भए के संविधान संशोधन गरी मधेसवादीको माग पूरा गर्न अब एमाले सहमत भएको हो ? के त्यसैको लागि यो दुई तिहाइ बहुमत चाहिएको हो ?

### प्रत्यक्ष कार्यकारी राष्ट्रप्रमुख

संविधानसभामा संविधान निर्माणका दौरान जनताद्वारा प्रत्यक्ष निर्वाचित कार्यकारी कि संसद्बाट बहुमतप्राप्त कार्यकारी भन्ने बहस पनि निकै पेचिलो बन्यो। कांग्रेस संसद्को बहुमतप्राप्त कार्यकारीको पक्षमा भए पनि एमाले र माओवादी केन्द्र जनताबाट प्रत्यक्ष निर्वाचित कार्यकारीको पक्षमा थिए। तर अन्तिम अवस्थामा आएर एमाले संसदीय कार्यकारीको पक्षमा उभिएपछि प्रत्यक्ष कार्यकारीको एजेन्डा असफल भयो। संविधानमा संसद्मा बहुमतप्राप्त कार्यकारीको व्यवस्था भयो। तर समानुपातिक प्रणालीको संसदीय व्यवस्थामा संसद्बाट निर्वाचित सरकारबाट राजनीतिक स्थिरता आउने सम्भावना अत्यन्त कम हुन्छ। राजनीतिक स्थिरता चाहने हो भने चाहे राष्ट्रपति वा प्रधानमन्त्री जेसुकै होस् तर प्रत्यक्ष निर्वाचित कार्यकारीको विकल्प छैन। त्यसो भए एमाले र माओवादी केन्द्रले संविधान संशोधन गरी प्रत्यक्ष कार्यकारीतर्फ जानका लागि दुई तिहाइको कसरत गरेको त होइन ? अन्यथा दुई तिहाइको कसरत किन ?

### महाअभियोग

नेपालको संविधानअनुसार कसैलाई महाअभियोग लगाएर हटाउन परे दुई तिहाइ चाहिन्छ। दुई तिहाइ नपुगेकै कारण तत्कालीन प्रधान न्यायाधीश सुशीला कार्कीविरुद्ध दर्ता गरिएको महाअभियोग प्रस्तावबाट कांग्रेस र माओवादी केन्द्र पछाडि हटेका थिए। तत्कालीन अख्तियार प्रमुख लोकमानसिंह कार्कीविरुद्ध दर्ता गरिएको महाअभियोग प्रस्ताव पारित गर्ने सवालमा दलहरूबीच मतभिन्नताका कारण प्रस्ताव नै लामो समयसम्म संसद्मा अलपत्र परेको थियो। पछि यी दुवै विवाद अदालतको निर्णयबाट किनारा लागे। सुशीला कार्कीविरुद्धको महाअभियोग सबै क्षेत्रबाट आलोचित भई अदलतले समेत उल्ट्याएपछि संसद्बाट पनि कांग्रेस र माओवादी केन्द्र फिर्ता लिन बाध्य भए। महाअभियोग अलपत्र पर्नाको मुख्य कारण अभियोग दर्ता गर्नेहरूसँग दुई तिहाइ थिएन। त्यसैले भविष्यमा कसैलाई महाअभियोग लगाई हटाउन दुई तिहाइ बहुमत चाहिएको हो कि ?

### कम्युनिस्ट राज्यसत्ताको हाउगुजीको पुस्ट्याइँ

वाम गठबन्धनबाट अत्तालिएको कांग्रेसले वाम गठबन्धनबाट कम्युनिस्ट अधिनायकवाद आउने हल्ला फिँजायो। यो मात्र चुनावी एजेन्डाका लागि फिँजाइएको हाउगुजी थियो भन्ने कुरा चुनावपछि उसले कम्युनिस्ट अधिनायकवादको हौवा छोड्नुले पनि साबित गरिसकेको छ। बरु यति बेला वाम गठबन्धनचाहिँ कांग्रेसको हाउगुजीलाई सत्य साबित गरौंला भनेझैँ गरी सरकारको समर्थनमा दुई तिहाइ पुऱ्याउन र कम्युनिस्ट राज्यसत्ता नै स्थापना गरौँला भनेझैँ गरी लागिपरेको छ। न दुई तिहाइले राज्यसत्ता कब्जा हुन्छ, न त्यो सम्भव छ। भलै सत्ता कब्जा किन नहोस्, कम्युनिस्ट अधिनायकवाद किन नआओस्, तर कांग्रेसलाई कहिलेकाहीँ हल्ला गर्न भने वाम गठबन्धनको दुई तिहाइ मसला बन्छ।

### पाँचबर्से सत्ता टिकाउने कसरत

केपी ओलीको वर्तमान सरकारलाई पाँचबर्से स्थायी सरकार भन्नेहरू धेरै छन्। तर दुई वर्ष पनि टिक्दैन भन्नेहरू पनि नभएका होइनन्। यो पाँचबर्से हो कि दुई वा तीन बर्से हो, वा छ महिना पनि देख्न नपाउने हो, त्यो समयले बताउला। अहिलेलाई सबै हनुमानका अनुमान मात्र हुन्। कुन-कुन हनुमानका अनुमान कागताली परेर मिल्छन्, त्यो भिन्नै कुरा हो। अहिले नै देखिएको एउटा कुराचाहिँ सत्य के हो भने, यो सरकारलाई पाँच वर्ष सजिलो गरी टिक्न देलान् भन्ने कुरामा चाहिँ आशंका छ। स्वयम् प्रधानमन्त्रीलाई पनि यो कुरा राम्ररी थाहा छ। त्यसैले सरकार ढाल्न केही व्यक्ति वा समूहबाट प्रयास भएमा अहिले आफूसँग दुई तिहाइमा रहेमा त्यो बेला कम्तीमा ५१ प्रतिशतको बहुमत त गुमाउन नपर्ला भन्ने कुराको सुनिश्चितताको लागि पनि प्रधानमन्त्री केपी ओलीबाट दुई तिहाइको प्रयास भएको हुन सक्छ।

माओवादी केन्द्र र एमाले जुट्न सजिलो थिएन र भएन पनि। जसरी जुट्न सजिलो भएन त्यसै गरी एकै भएर बस्न पनि सजिलो छैन। तर भविष्यमा फुट्नचाहिँ गाह्रो पटक्कै छैन। भविष्यमा पार्टी फुटेमा एमाले संसद्मा अल्पमतमा पर्ने निश्चित छ। त्यति बेला एमालेका लागि सत्ता छोड्ने, कांग्रेस गुहार्ने र मधेसवादी गुहार्ने तीन विकल्प हुन्छ। त्यसैले जुन बेला पऱ्यो त्यही बेला गुहार्नुभन्दा अहिलेदेखि नै गुहार्नु ठीक ठानेर पनि मधेसवादी दललाई सँगै लिएर हिँड्ने एमालेको स्वार्थ हुन सक्छ।

दुई तिहाइका यी प्रश्नहरू सही हुन् ? यदि सही होइनन् भने दुई तिहाइ पुऱ्याउनको लागि यत्रो कसरत किन ? नेपालको संविधानले सरकार सञ्चालनका लागि दुई तिहाइ चाहिन्छ भन्दैन। नचाहिएको कसरत गर्नु औचित्यपूर्ण पनि हुँदैन। यो निरर्थक हो। निरर्थक होइन भने पर्दापछाडि अर्को स्वार्थ हुनुपऱ्यो। यदि त्यस्तो स्वार्थ छैन भने जनताका सामु दुई तिहाइको आवश्यकताको पुष्टि गर्न सक्नुपऱ्यो।

कुनै पनि सरकार बलियो चाहिन्छ तर त्यो सरकार यस्तो पनि बलियो नहोस् कि त्यसले जे गर्न चाहे पनि विपक्षीले रोक्न नसकोस्। सरकारसँग दुई तिहाइ बहुमत भएमा संविधान संशोधनसमेत सरकारले चाहेको बेला चाहेका धारा तुरुन्तै हुन सक्छ। विपक्षीको सहमतिको आवश्यकता पर्दैन। तर संविधान सहमतिको दस्तावेज भएकोले यस्तो गम्भीर विषयमा विपक्षीविना कहिल्यै संशोधन गरिनुहुन्न। महाअभियोग पारित गर्न सरकारसँग पर्याप्त बहुमत भयो भने भोलि सरकारका निर्णयप्रति असहमति राख्ने कुनै पनि अंगका पदाधिकारीमाथि सरकारले महाअभियोगको हतियार तेर्स्याउन सक्छ। त्यतिखेर शक्ति सन्तुलन र नियन्त्रणको अवस्था नै समाप्त हुन्छ। त्यसैले सरकारका लागि सुविधाजनक बहुमत आवश्यक छ, तर दुई तिहाइ कदापि आवश्यक छैन। यसले विपक्षीहरूको आशंकालाई बढवा दिन्छ। राज्यसत्तामा अति आवश्यक मानिएको शक्ति सन्तुलन र नियन्त्रणलाई समेत चुनौती दिन्छ। त्यसैले दुई तिहाइ होइन, सुविधाजनक बहुमत र सशक्त प्रतिपक्षको अभ्यास गर्नु नै उपयुक्त हुन्छ।

## पाठक पत्र

### प्रबुद्ध समूहको बैठकका सहभागीहरूसँग आग्रह

काठमाडौंमा शुरू भएको नेपाल र भारतबीचको सन् १९५० को शान्ति तथा मैत्री सन्धि पुनरवलोकन गर्न बसेको नेपाल-भारत प्रबुद्ध समूहको बैठकले सन्धिको मस्यौदालाई अन्तिम रूप दिने अपेक्षा गरिएको छ। पुरानो सन्धिमा नेपालले जलस्रोत र सीमा तथा व्यापार र पारवहनको क्षेत्रमा धेरै कुरा गुमाएको छ र भारतीय पक्षलाई बढी फाइदा हुँदै आएको छ। यो सातौं चरणको बैठकबाट नेपाली पक्ष समान हक स्थापित गर्न सफल हुने सम्भावना देखिएको छ। बैठकलाई केवल औपचारिकतामा मात्र सीमित नराखी परिणाममुखी बनाउनुपर्ने भएको छ। दुई देशबीचको लामो इतिहास बोकेको नेपाल-भारत सम्बन्धलाई यो बैठकले नयाँ मोडमा पुऱ्याउने अपेक्षा नेपाली जनताले गरिरहेका छन्।

यी दुई छिमेकी मुलुकहरूबीच विद्यमान सुसम्बन्धमा यदाकदा विचलन पैदा हुने गरेको पाइन्छ। भारतले नेपालविरुद्ध केही वर्षअघि लगाएको नाकाबन्दीलाई त्यसको एक उदाहरणका रूपमा लिन सकिन्छ। मित्रतालाई व्यवहारमा कार्यान्वयन गर्न भारत पटक-पटक अल्मलिएको पाइन्छ। पुरानो सन्धि सम्झौताले देखा परेका विविध समस्याहरूलाई केलाएर नयाँ ढंगबाट समयसापेक्ष नयाँ सन्धिको आवश्यकतालाई यो सातौं बैठकले मनन गर्ने अपेक्षा गरिएको छ। तर, दुई दशकअघिकै मस्यौदामा छलफल हुने भएपछि धेरै नयाँ कुरा नेपालले प्राप्त गर्न सफल नहुने भएको छ।

यी दुई देशबीचका सम्बन्धहरू कागजमा भन्दा पनि भावनामा बलियो हुनुपर्छ भन्ने नेपाली जनताको मान्यता हो। धर्म, संस्कृति र सामाजिक रीतिरिवाजहरू पनि लगभग समान छन्। तर, विडम्बना यो छ कि भूगोल र जनसंख्याको हिसाबले ठूलो देश भारतको मनोविज्ञान यदाकदा विचलित हुन्छ र छिमेकी देशहरू त्यसको मारमा पर्ने गर्दछन्। अब बन्ने नयाँ सन्धिले नेपाल र भारतबीच समानताको हक स्थापित गराउन महत्वपूर्ण भूमिका खेल्न सक्ने अपेक्षा नेपाली जनताले गरेका छन्। सरकार परिवर्तनसँगै अत्यन्त उत्साहित भएर भारतले नेपालप्रति प्रदर्शन गर्ने गरेको सद्भाव चिरकालसम्म कायम रहन सकोस् भन्ने हाम्रो चाहना हो। आजको यो एक्काइसौं शताब्दीको आधुनिक युगमा कोही कसैसँग पनि हेपिएर बस्न चाहँदैन। नेपाल-भारत सन्धिका मस्यौदाकारहरूले यो वास्तविकतालाई बुझेर नयाँ सन्धिलाई अन्तिम रूप दिन हामी प्रबुद्ध समूहको बैठकका सहभागीहरूसँग आग्रह गर्दछौं।

*सुधिर केसी, म्याग्दी।*

### गतिशील समाजमा राज्यको नीति

समाज गतिशील र परिवर्तनशील छ। परिवर्तनशील समाजलाई मुलुक र समाजको समग्र विकाससँग जोड्नका लागि राज्यले लिने प्रभावकारी नीति, कार्यक्रम र योजनाले धेरै हदसम्म काम गर्दछ। समाजलाई गति दिनका लागि र मुलुकको समग्र विकासका लागि सबैको सहभागिता हुन जरुरी छ। नेपालको सन्दर्भमा भन्नुपर्दा राज्यको मूलधारमा अहिले पनि पुरुषहरूको वर्चश्व छ। जसले गर्दा सबै क्षेत्रले अपेक्षित कृतरूपमा विकास गर्न सकेका छैनन्। विभेदयुक्त समाजमा महिलावर्ग थिचिएका छन्, हिंसामा परेका छन्। जसका कारण समाज विकासक्रममा महिलाहरूको सहभागिता हुन पाएको छैन।

मुलुक दिन-प्रतिदिन विपन्नताको खाडलमा रुमलिएको छ। यी र यावत् कुराहरूलाई विश्लेषण गर्दै समाजमा रहेको लैंगिक हिंसाकै कारण समाजको विकासक्रम मन्द भएको ठहर गर्दै राज्यले सिंगो मुलुकलाई हिंसामुक्त बनाउन विभिन्न कार्यक्रमहरू गरिरहेको छ। यससम्बन्धी काम गर्ने अधिकारकर्मीहरूले समेत आ-आफ्नो तवरबाट हिंसामुक्त समाज निर्माणका लागि भूमिका खेलिरहेका छन्। समाजलाई हिंसामुक्त बनाउनका लागि पछिल्ला दिनहरूमा अभियानकै रूपमा विभिन्न कार्यक्रमहरू हुने गरेका छन्। जति औपचारिक कार्यक्रम भए पनि व्यावहारिक रूपमा सुधार भएको पाइएको छैन। समाजलाई हिंसामुक्त बनाउनका लागि जसले जस्तो भूमिका निर्वाह गरे पनि यस्तो अभियान आफूबाट, आफ्नो घरबाट शुरु गर्न सके मात्र समाज हिंसामुक्त बन्न सक्छ।

समाजमा पछिल्ला दिनहरूमा हिंसाका रूपहरू फेरिएका छन्। केही वर्षअगाडि जस्तो महिलामाथि चरम हिंसा भएको हाल खासै सुनिदैन। अहिले मानसिक हिंसाहरूका कुरा बढी बाहिर आएका छन्। हिंसाका कुराहरू गरिरहँदा स-साना हिंसाका रूपहरूलाई पनि निराकरण गर्नका लागि सबैले आफैंबाट शुरु गर्नुपर्छ। हिंसामुक्त समाज निर्माणका लागि आफूलाई बदल्न जरुरी छ। हिंसाले सधैंभरि विध्वंशलाई नै टेवा पुऱ्याउने गर्दछ। यस अर्थ श्रीमान्ले श्रीमतीलाई, परिवारले छोरीलाई, सासूले बुहारी वा बुहारीले सासूलाई विभेद गर्दा त्यहाँ भएको हिंसाले सो परिवारलाई कमजोर बनाउँछ। परिवार कमजोर हुँदा समाज हुँदै देश मन्दविषको सिकार हुन पुग्छ। यही कुरा कुनै परिवारमा पुरुषमाथि पनि महिलाहरूले गरिरहेका हुन्छन्।

क्षणिक आनन्द वा आवेगलाई शान्त बनाउन हिंसा गर्दा सबैलाई घाटा पुगिरहेको हुन्छ। यही कुरा अहिले नेपालमा जन्मने सबै नेपालीले बुझ्नुपर्छ, हृदयबाट नै हिंसामुक्त व्यक्ति बन्न सक्ने जागरण चलाउनुपर्छ। हिंस्रक प्रवृत्ति त्याग्नुपर्दछ। अनि मात्र समतामूलक समाज निर्माण हुन सक्छ। यस्तो समाज निर्माण भएमा देशले उल्लेख्य प्रगति गर्न सक्छ। जनता हर्ष, उमंग, सुखसयलका साथ जीवनयापन गर्न सक्छन्। मुलुकको समृद्धिका लागि हिंसामुक्त समाज अपरिहार्य छ। समतामूलक समाज निर्माणका लागि सबैलाई सद्बुद्धि मिलोस्। हिंसाका विषयमा सबैले आवाज उठाउनु जरुरी छ।

*- प्रशान्त केसी, डोटी*

## सामाजिक सञ्जाल



न्यायाधीशसँग जोडिएको मुद्दामा सम्बन्धित न्यायाधीश आफैंले फैसला गर्नु र सम्मानित अदालतको बुइँगलमा बसेर प्रेस स्वतन्त्रतामाथि अंकुश लगाउन खोज्नु सम्मानित अदालतको मानहानि होइन र श्रीमान् ? जनता जान्न चाहन्छ, श्रीमान्।

**Dhan Raj Gurung**
**@dhanrgrg**



चिन्ता अरूको कामको होइन, आफ्नो कामको गरौं। घर, परिवार, समाज, कार्यालय जहाँ जुन भूमिकामा हुनुहुन्छ त्यो भूमिकाबमोजिमका कार्य सत्य, निष्ठापूर्वक सबैले गरौं, देश आफैं बन्छ।

**Bijay Paudel**
**@PaudelBijay**

लाभग्राहीको मृत्यु भएपछि, विदेशिएपछि र बिरामी भएर थलिएर रातो किताबमा संशोधन गरेर दोस्रो व्यक्ति (श्रीमान्, श्रीमती, छोरा, छोरी) हकदारले वा हकदारको मञ्जुरीमा उक्त अनुदान रकम पाउन सम्पूर्ण कागजात र प्रक्रिया पूरा गरे बैंकले एकछिन पनि ढिला नगरी उक्त रकम सहज तरिकाले दिनुपर्ने हुन्छ।

# नेपाल

# अनुदान रकममा बैंकको छलछाम

## पीडितको पैसा १ महिनासम्म रोकेर अन्यत्रै महँगो ब्याजमा लगानी

सुरेश तामाङ, ललितपुर

गोदावरी नगरपालिकाका-६ कोटडाँडाकी विष्णुमाया तामाङ एकल महिला हुनुहुन्छ। उहाँले झण्डै १ वर्षअघि आफ्नो श्रीमान् गुमाउनुभयो। उहाँका २ छोरा र ५ छोरी छन्। श्रीमान्को मृत्युपछि परिवार सम्हाल्ने जिम्मेवारी उहाँकै थाप्लोमा छ। 'एक वर्ष भयो बूढा स्वर्गे भाको। त्यसपछि सबै जिम्मा मेरो टाउकोमाथि छ।' -विष्णुमायाले सुनाउनुभयो।

यता भूकम्पले ढलेका घर ठड्याउनु पनि छ उहाँलाई। अहिले घर ठड्याउन उहाँसँग पैसा छैन तर पनि हार खानुभएको छैन्। 'भूकम्पले घर ढाल्यो, कालले बूढालाई लग्यो। साथमा पैसा छैन तर मन मरेको छैन। यही जुनीमा घर बनाउँछु।' -उहाँको भनाइ थियो।

विष्णुमायासँग त्यति ठूलो सपना पनि छैन। सरकारले दिने भनिएको उही अनुदानको पैसाले सानो घर बनाएर बस्ने मनमा धोको छ। यही आफ्नो धोको पूरा गर्न जति संघर्ष गरे पनि अल्झनहरू थपेको थपै छन् उहाँको गोरेटोमा। उहाँ भन्नुहुन्छ- 'समस्यै समस्या छ। घर बनाउन आइसकेको पैसा पनि पाउन मुस्किल छ। धाएको धायै छु, ६ महिना भो।'

विष्णुमायाले नयाँ घर बनाउन सरकारले उपलब्ध गराएको अनुदान रकमको पहिलो किस्तासमेत अहिलेसम्म पाउनुभएको छैन। अनुदानको पहिलो किस्ता पाउन ६ महिनादेखि लागिरहे पनि हात लाग्यो शून्य भएको छ उहाँलाई।

अनुदान रकम पाउने रातो किताबमा श्रीमान्को नाम थियो। श्रीमान्को नाममा रहेको उक्त किताबलाई संशोधन गर्दै विभिन्न झमेला पार गरेर बैंकसम्म अनुदान रकम लिन करिब ६ महिना लाग्यो। रातो किताबमा नाम संशोधन गर्नुपर्दा वडा कार्यालयको सिफारिसमा भूकम्पीय आवास पुनर्निर्माण आयोजनाअन्तर्गतको जिल्ला आयोजना कार्यान्वयन एकाइले संशोधन गरिदिन्छ। तर, अझै पाउन सक्नुभएको छैन उहाँले। सम्पूर्ण कागजात र प्रक्रिया पुर्‍याएर गएको बुधबार अनुदानको पहिलो किस्ता लिन भनेर माछापुच्छ्रे बैंकको चापागाउँ शाखामा पुग्नुभयो उहाँ।

तर, कागजात र प्रक्रिया मिले पनि तपाईंको सबै काम सकियो भनियो। बैंकको सम्पूर्ण काम सकाएपछि बैंकका कर्मचारीले अब १ महिनापछि पैसा लिन आउनु भन्दै अनुदान रकम दिनुको साटो उल्टै फर्काइदिए। उहाँले आफ्नो श्रीमान्को नाममा बैंकमा जम्मा भएको अनुदान रकम पाउन रातो किताबमा संशोधन गरेर आफ्नो नाम राख्नुभयो।

श्रीमान्को मृत्युदर्ता, नाता प्रमाणित गराउनुभयो, वडाको सिफारिसदेखि सम्बन्धित निकायको सिफारिस बटुलेर बैंक पुग्नुभयो तर श्रीमान्को नाममा बैंकमा जम्मा भएको रकम श्रीमतीको नाममा खाता खोलेपछि रकम ट्रान्सफर गरेर सोही दिन पठाउनुपर्ने भए पनि उहाँलाई निराश बनाएर बैंकका कर्मचारीले घर पठाइदिए। उहाँले त्यो दिन सम्झँदै भन्नुभयो- 'यो दुःखीलाई जहाँ गए पनि दुःखैदुःख। कहीं गएर पनि खुसी भएर फर्किन नपाइने भयो।'

सबै कागजपत्र र प्रक्रिया मिलेपछि लाभग्राहीको नाममा आएको पत्र सहज ढंगले उपलब्ध गराउनु सम्बन्धित बैंकको कर्तव्य र जिम्मेवारी पनि हो। तर, यहाँ लाभग्राहीलाई झुक्याउँदै बैंकले अर्कै धन्दा सञ्चालन गरिरहेको भूकम्पपीडित लाभग्राही विष्णुमायालाई त्यही दिन रकम नदिनुले खुल्यो। बैंकको उक्त धन्दामा भूकम्पपीडित त्यहींमाथि एकल महिला विष्णुमाया पनि पर्नुभयो।

हामी विष्णुमायासहित अन्य लाभग्राहीको पनि यस्तो गुनासो सुनेर भेरिफाइका लागि बैंक पुग्नुपर्ने भयो। हामी सूचनालाई पच्छ्याउँदै उक्त बैंकमा प्रमाण जुटाउन गएको शुक्रबार उक्त बैंक पुग्यौं। बैंक पुग्दा यस सूचनालाई प्रमाणित गर्ने दृश्यहरू प्रशस्त देख्न पाइयो। त्यस दिन बैंकमा पुग्दा, हामीले सोही वडाकै अमर न्यासुरसँग बैंकको रिसेप्सनमा भेट भयो। उहाँ त्यहाँ आफ्नो व्यक्तिगत खाता खोल्न कागजात मिलाइरहनुभएको थियो।

अनुदान रकमको पहिलो किस्ता उहाँको बुबा मंगरसिंह न्यासुरको नाममा आएको रहेछ। बुबाको मृत्युपछि उहाँले पनि सबै कागजात र प्रक्रिया अपनाएर आफ्नो नाममै उक्त रकम पाउन बैंक पुग्नुभएको रहेछ।

अमरसँग सामान्य कुरा गर्दा उहाँसँग पनि विष्णुमायाकै जस्तो व्यवहार बैंकबाट दोहोरिने पक्का देखियो। यस्तै आशंकामा दुवै घटना उस्तै-उस्तै लागेपछि हामीले चुपचाप बसेर अमर र बैंकका कर्मचारीबीचको गतिविधि नियालिरहयौं।

अमरको हातमा बुबाको मृत्युदर्ता, बुबासँगको नाता प्रमाणित प्रमाणपत्र, छोरालाई लाभग्राही बनाउन आमाले दिएका मञ्जुरीनामा पत्र, वडा कार्यालयको सिफारिस, नागरिकताको फोटोकपी, भूकम्पीय आवास पुनर्निर्माण आयोजनाअन्तर्गतको जिल्ला आयोजना कार्यान्वयन एकाइले रकम उपलब्ध गराउनु भन्ने सिफारिसलगायत सम्पूर्ण कागजात थियो। उहाँको सबै कागजात सिलसिलेवार मिलाएर बैंकको रिसेप्सनमा बसेका कर्मचारीले अमरको नाममा खाता खोलिदिए। ताकि आफ्नो बुबाको नाममा बैंकमा जम्मा भएको अनुदान रकम आफ्नो खातामा जम्मा होस्।

कागजात मिलाउने र खाता खोलिदिने काम बैंकका कर्मचारीले २ मिनेट पनि लगाएनन् तर खाता खोल्ने काम सकेपछि अमरलाई पनि सोही रिसेप्सनमा रहेका बैंक कर्मचारीले १ महिनापछि पैसा लिन आउनु भनेर फर्काइदिए। हामीले गरेको आशंका मेल खायो, बैंकले भूकम्पपीडितको नाममा आएको अनुदान रकम जानी-जानी रोकेकै हो भन्ने आखैं अगाडि पुष्टि भयो। त्यसपछि अमर अनुहारभरि आशंका र निराशा बोक्दै बैंकका कर्मचारीलाई केही प्रतिक्रिया नजनाई हस भनेर त्यहाँबाट निस्कनुभयो।

विष्णुमाया र अमर जस्तै अन्य धेरै लाभग्राहीकै अवस्था यस्तै छ। सबै प्रमाण र प्रक्रिया पुर्‍याए पनि लाभग्राहीको नाममा बैंकमा जम्मा भएको अनुदान रकम बैंकले रोकेर राख्दा कैयौं लाभग्राही समस्यामा छन्। सोझासाझा लाभग्राही त बैंकका कर्मचारीले फर्काइदिँदा सजिलै फर्के तर कुनै टाठाबाठाले थप चियोचर्चो गर्दा भने झमेला हुने डरले बैंकका कर्मचारीले म्यानेजरतिर देखाउने र म्यानेजरले उही दिन वा २/४ दिनपछि हुन्छ आउनु भन्ने दृश्य बैंकमा बस्दा प्रत्यक्ष देखियो।

यो कथा कुनै सुदूर गाउँको होइन, वास्तविकता हो। मुलुकको राजधानीदेखि १० किलोमिटरमा रहेको ठाउँको यस्तो अवस्था छ भने अरू ठाउँको अवस्था कस्तो छ भन्ने चित्र यसले सजिलै देखाउँछ। उक्त बैंकको चापागाउँ शाखामा गोदावरी नगरपालिकाभरिका सम्पूर्ण भूकम्पपीडित लाभग्राहीका अनुदान रकम जम्मा हुन्छन्।

सरकारले भूकम्पपीडितलाई ३ लाख दिने भनिएकोमा पहिलो किस्तामा ५० हजार बैंकमा जम्मा गरिदिन्छ। यसरी भूकम्पपीडितले पाउनुपर्ने लाखौं अनुदान रकम बैंकले रोकेर राख्दै अन्यत्र ब्याजमा लगानी गरिरहेको बताइन्छ। माछापुच्छ्रे बैंकमा भूकम्पपीडितको अनुदान रकम जम्मा गर्दा शुरुमा कमिसनको खेल भएको समेत बताइएको छ।

लाभग्राही स्वयंले पाउनुपर्ने रकममा भने बैंकले यस्तो गरेको पाइएन तर लाभग्राहीको मृत्यु भएपछि, विदेशिएपछि र बिरामी भएर थलिएर रातो किताबमा संशोधन गरेर दोस्रो व्यक्ति (श्रीमान्, श्रीमती, छोरा, छोरी) हकदारले वा हकदारको मञ्जुरीमा उक्त अनुदान रकम पाउन सम्पूर्ण कागजात र प्रक्रिया पूरा गरे बैंकले एकछिन पनि ढिला नगरी उक्त रकम सहज तरिकाले दिनुपर्ने हुन्छ। भूकम्पीय आवास पुनर्निर्माण आयोजनाअन्तर्गतको जिल्ला आयोजना कार्यान्वयन एकाइले अनुदान रकम उपलब्ध गराउन पठाएका सिफारिस बैंकले पाउनेबित्तिकै त्यसको अभिलेख बैंकले राखेर सो रकम लाभग्राहीलाई दिनुपर्ने हो। तर, उक्त बैंकले यस मामिलामा यस्तो गरिएको पाइएन।

सोही बैंकका डिप्युटी म्यानेजर दीपक आचार्यले बैंकले लाभग्राहीको पैसा रोकेर राखेको विषयलाई अस्वीकार गर्नुभयो। उहाँले भन्नुभयो- 'हामीले लाभग्राहीको रकम रोकेर राखेको होइन। बैंकमा कम जनशक्ति भएकाले ३ हप्ताजति लाग्छ भनेका हौं। यो समय प्रोसेसमै लाग्ने समय हो।'

तर, बैंकमा कर्मचारी कम भएको देखिँदैन। बैंकको रिसेप्सनलगायत जताततै इन्टर्न गर्न आएका र बैंककै कर्मचारी धेरै देखिन्छन्। यस विषयमा ललितपुर क्षेत्र नं १ का प्रदेश सांसद चेतनाथ सञ्जेलसँग कुरा राख्यौं। उहाँले बैंकले लाभग्राहीको अनुदान रकम रोकेर राख्न नहुने बताउनुभयो। उहाँले भन्नुभयो- 'बैंकले त्यसरी लाभग्राहीको रकम रोक्न पाइँदैन। उनीहरूले सहज ढंगले उक्त रकम पाउनुपर्छ। मेरो विशेष ध्यान पुगेको छ। म पहल गर्छु।'

राष्ट्रिय पुनर्निर्माण प्राधिकरणका प्रवक्ता यमलाल भुसालले पनि बैंकले लाभग्राहीलाई सहज तरिकाले अनुदान रकम दिनुपर्ने बताउनुभयो। 'लाभग्राहीको नाममा गएको रकम रोकिनुहुन्न। लाभग्राही लिन बैंक पुग्दा बैंकले तुरुन्त दिनुपर्ने हुन्छ। रोकेर राख्न पाइँदैन', प्रवक्ता भुसालले भन्नुभयो- 'यसलाई मैले सिरियस्ली लिएको छु। थप कुरा बुझेर एक्सनमा जान्छु।'

# प्रजातन्त्र सेनानीको श्रद्धाञ्जली सभा

भक्तपुर, (नेस)

प्रजातन्त्र सेनानी स्व. लीलाबहादुर पण्डितको १३औं दिनको पुण्यतिथिमा श्रद्धाञ्जली सभाको आयोजना गरिएको छ।

नेपाली कांग्रेस चाँगुनारायण नगर समन्वय समितिले उहाँकै निवास डाँडागाउँ-३, सुँडालमा आयोजना गरेको कार्यक्रममा प्रजातन्त्र सेनानी स्व. पण्डितले प्रजातन्त्रका लागि गरेको लामो संघर्षको चर्चा गरियो।

श्रद्धाञ्जली सभामा बोल्दै नेपाली कांग्रेसका नेता शिवबहादुर खड्काले पण्डितले प्रजातान्त्रिक लडाइँका क्रममा पटक-पटक गरी १८ वर्ष जेलजीवन बिताउनुभएको स्मरण गर्दै पण्डितको निधनले पार्टीलाई अपूरणीय क्षति भएको बताउनुभयो। नेपाली कांग्रेसको आह्वानमा प्रजातन्त्रका लागि लामो संघर्ष र त्याग गरेको र पण्डित कुनै लोभमा नफसेको बताउनुभयो।

कार्यक्रममा कांग्रेस जिल्ला सभापति दुर्लभ थापाले प्रजातान्त्रिक आन्दोलनका अथक योद्धा पण्डितको निधनले कांग्रेस भक्तपुरले आफ्नो अभिभावक गुमाएको उल्लेख गर्दै उहाँले जीवनभर कुनै पनि सरकारी लाभको पदमा समेत लोभ नगर्नुभएको स्मरण गर्नुभयो।

सभामा कांग्रेस नेता गणेशमान चक्रधर, माथवरसिंह बस्नेत, राजाराम खड्का कांग्रेस चाँगुनारायण नगर समन्वय समिति अध्यक्ष यादव अधिकारी, किरण न्यौपानेलगायतले पण्डितले देखाएको बाटोमा हिँड्न सके र उहाँका अधुरा कामलाई पूरा गर्न सके स्व. पण्डितप्रति सच्चा श्रद्धाञ्जली हुने उल्लेख गर्नुभयो।

सभामा स्व. पण्डितका नाती प्रकाश पण्डितले उहाँको स्मृतिमा प्रतिष्ठान खोल्ने र अक्षय कोष राख्ने घोषणा गर्नुभयो।

कोषमा सरकारको तर्फबाट रु. १ लाख, जिल्ला सभापति दुर्लभ थापाबाट १ लाख र अन्य नेता तथा कार्यकर्ता तथा दाताबाट गरी करिब रु. ३ लाख नगद संकलन भइसकेको छ। पण्डितको गत फागुन १ गते ८४ वर्षको उमेरमा निधन भएको थियो।

# आगलागीबाट करोडको क्षति

काठमाडौं, (नेस)

काठमाडौं महानगरपालिका-२८ पुतलीसडकस्थित भवनको पाँचौं तलाको एनआईसी एजुकेसनल कन्सल्टेन्सीको किचनमा खाना पकाउने क्रममा सोमबार ग्यास लिक भई आगलागी हुँदा कन्सल्टेन्सीका ४ वटा कोठा पूर्णरूपमा जलेर क्षति भएको छ।

महानगरीय प्रहरी वृत्त सिंहदरबारको प्रहरी टोली, ६ वटा दमकल, नेपाली सेना र स्थानीयको सहयोगमा उक्त आगो नियन्त्रणमा आएको थियो।

# लागूऔषधसहित ६ जना पक्राउ

भक्तपुर, (नेस)

महानगरीय प्रहरी परिसर भक्तपुरले लागूऔषधसहित ६ जनालाई पक्राउ गरेको छ।

भक्तपुर नगरपालिका-१ दूधपाटी शिद्धपोखरीबाट लागूऔषध सेवन तथा खरिद-बिक्री गरिरहेको अवस्थामा प्रहरी गस्ती टोलीले उनीहरूलाई पक्राउ गरेको हो।

पक्राउ पर्नेमा मकवानपुर हेटौंडा उप-महानगरपालिका-६ बस्ने आशिष कार्की, सिन्धुपाल्चोक साँगाचोक नगरपालिका-९ बस्ने रमेशबहादुर खत्री, सिन्धुपाल्चोककै भोटसिपा-३ बस्ने बधन भन्ने दीपक श्रेष्ठ, खोटाङ फेदी १ बस्ने दौलत राई, काभ्रेपलाञ्चोक बेथानचोक गाउँपालिका-५ बस्ने सुमन तामाङ र भक्तपुर नगरपालिका-६ बस्ने विकेश पहरी रहेका छन्।



हयाप्पी होली : फाल्गुण पूर्णिमाका दिन मनाइने होली पर्वका लागि काठमाडौंको असनमा रङ, पिचकारीलगायत सामग्री खरिद गर्दै सर्वसाधारण। तस्वीर : मोनिका मल्ल/काठमाडौं




सिनेमा कर्नर










## अग्नि यातायात प्रा. लि.

दिवा सेवा काठमाडौंबाट बिहान ८ बजे पोखरा ८ बजे
रात्री सेवा काठमाडौं काँकड्भिट्टा र धरान
फो. नं. ०१-५२२५०३३
मो. नं. ९८४१५७९६९७ ( शम्भु )

## माउन्ट मकालु यातायात सेवा

काठमाडौं-बिर्तामोड-ताप्लेजुङ
प्रस्थान दिउँसो २ बजे
केन्द्रीय कार्यालय, कलंकी
सम्पर्क फोन : ०१-५२२५१७२, ५२२५२५२, ५२२५१२३

## आजको राशि

ज्यो. चन्द्रेश शर्मा

**मेष** : परिवार, इष्टमित्रमा विवाद, निरर्थक दौडधुप, लखतरान भइनेछ।
**वृष** : पैसा प्राप्ति, जागिर, पढाइ, व्यापारमा सफलता, सम्मान बढ्नेछ।
**मिथुन** : धनलाभ, सुख-सन्तोष, पराक्रम वृद्धि, मानसिक प्रसन्नता।
**कर्कट** : उपहारादि वस्तु प्राप्ति, आफ्नो बोली बिक्ने, कार्य सफल हुनेछ।
**सिंह** : साथीभाइसँग विवाद, धनहानि, दुर्घटनाको सम्भावना देखिन्छ।
**कन्या** : साथीभाइबाट सहयोग, पारिवारिक सुख, मिष्ठान्न भोजन प्राप्ति।
**तुला** : कोसेली-उपहारादि वस्तु प्राप्ति, कामकाज सफल, स्फूर्ति जाग्नेछ।
**वृश्चिक** : प्रतिष्ठा वृद्धि, राज्यबाट लाभ, पढाइ वा परीक्षामा सफलता।
**धनु** : रोगको भय, काममा बाधा, आर्थिक नोक्सानी, शारीरिक कष्ट।
**मकर** : धनलाभ, मान-सम्मान, समस्याको समाधान, वाहन सुख हुनेछ।
**कुम्भ** : आर्थिक लाभ हुने, प्रतिस्पर्धी वा शत्रुमाथि विजय हासिल हुनेछ।
**मीन** : काममा सफलता, स्वस्थताको महसुस, आम्दानीको सम्भावना।

# नेपाल

वन विनाश गरेर निर्माण गरिएको १४ किलोमिटर सडकको दायाँबायाँ १२ मिटर चौडाई र १ मिटर उचाई रहेको छ। १ महिना १६ दिनमा नै वन फँडानी गरेर सडक निर्माण गरिएको छ।

## सडकका नाममा वन फँडानी



सञ्जय कार्की, रौतहट

वन फडानी गरेर निर्माण गरिएको सडकलाई वैधानिकता दिन लागिएको छ। सडक बनाउने नाममा काटिएका हरिया रूखहरूको लगत तथ्यांक भने जिल्ला वन कार्यालयसँग छैन। वन फँडानी भएर सडक निर्माण गरिरहँदा भने जिल्ला वन कार्यालय रौतहटका कर्मचारी निरीह बनेका छन्।

जिल्ला वन कार्यालय रौतहटको स्वीकृतिबिना नै साल, पीपल, जामुन, कर्मा, बाभ्की, भुर्कुटलगायत प्रजातिका ५ सयभन्दा बढी रूख कटान गरेर जंगलसैया धन्सार सडक निर्माण गरिएको छ। काटिएका रूखहरूको गोलियाको घाटगद्दि कहाँ गरिएको छ भन्ने विषयमा जिल्ला वन कार्यालय अनभिज्ञ छ। अधिकांश गोलिया र दाउरा हराएका छन्। जंगलको बीच भएर निर्माण गरिएको सडकको वैधानिकता दिन नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'बाट उद्घाटनसमेत गराइएको छ।

सडक निर्माणका लागि बागमती सिँचाई आयोजना, डिभिजन सडक कार्यालय चन्द्रनिगाहपुरको स्काईभेटर, लोडर प्रयोग गरिएको छ। चन्द्रपुर नगरपालिकाको बारुण यन्त्रबाट धुलाम्मे बाटोमा पानी हाल्ने काम भएको छ। वातावरण र पर्यावरणमा ह्रास आउने गरी वन फँडानी गरिएको छ यसको छानविन हुन सकेको छैन। प्रमुख जिल्ला अधिकारी उद्धव थापासमेत यस्तो फँडानी भइरहँदा मौन बसेका थिए।

वन विनाश गरेर निर्माण गरिएको १४ किलोमिटर सडकको दायाँबायाँ १२ मिटर चौडाई र १ मिटर उचाई रहेको छ। १ महिना १६ दिनमा नै वन फँडानी गरेर सडक निर्माण गरिएको छ। उक्त सडक निर्माण भएपछि डिभिजन सडक कार्यालय चन्द्रनिगाहपुरका प्रमुख सुमन योगेश र जिल्ला वन कार्यालय रौतहटका प्रमुख वनअधिकृत दीर्घनारायण कोइरालालाई सम्मान गरिएको छ। उहाँहरूलाई नेकपा माओवादीका अध्यक्ष प्रचण्डबाट सम्मान गरिएको हो।

जनप्रतिनिधि नै सम्मिलित भएपछि वन कर्मचारीसमेत अवैध रूख कटान नियन्त्रण गर्न सकेका छैनन्। वन ऐन ०४९ अनुसार वनभित्रको कुनै पनि ठाडो रूख कटान गर्न मन्त्रिपरिषद्को निर्णय हुनुपर्ने प्रावधान रहेको तर रौतटका ती दुवै वनक्षेत्रभित्रका रूख कटानको अनुमतिबिना नै कटान गरिएको छ। इलाका वन कार्यालय जंगलसैयाका सहायक वन अधिकृत सोन्फी पासवानले आदेशबिना नै रूखहरू कटान भइरहेको बताउनुभयो। जिल्ला वन कार्यालय रौतहटका प्रमुख दीर्घनारायण कोइरालाले स्वीकृत आदेश र अनुमतिबिना नै त्यसक्षेत्रमा रूख कटान भएको स्वीकार गर्नुभयो। उहाँले रूख कटानको नियन्त्रण गर्न खोज्दा नसकिएको बताउनुभयो।

# हटाउनै सकिएन छाउपडी

## ९७ प्रतिशत महिला प्रभावित

कालीबहादुर मल्ल, कालिकोट

कर्णाली क्षेत्रमा रहेका ९७ प्रतिशत महिला महिनावारी भएको समयमा छुट्टै छाउ कोठामा बस्ने गरेको पाइएको छ। एक्सन वर्क्स नेपाल भेरी वातारण विशिष्टता समूहको सहजीकरणमा सञ्चालित कर्णाली छाउपडी प्रथा न्यूनीकरण परियोजनाले गरेको अनुसन्धानले कर्णालीमा छाउपडीको डरलाग्दो तथ्यांक सार्वजनिक गरेको हो।

कर्णालीका मुगु, जुम्ला र कालिकोटका २१ साविकका गाउँ विकास समितिमा गरेको अध्ययनअनुसार कुनै-कुनैरूपमा अहिले पनि छाउपडी प्रथा डरलाग्दो अवस्था पाइएको छ। कालिकोटको साविक खाँडाचक्र नगरपालिका र तिलागुफा नगरपालिका साविक-७ गाविस र १६ वटा वडामा गरिएको अध्ययनमा डरलाग्दो तथ्यांक सार्वजनिक गरेको छ।

अहिले पनि समाजमा छाउपडी भएका महिलाहरूले पुरुष सदस्यलाई छुन गाईवस्तु, फलफूलका बोटहरू, बालीनाली छुन, घर तथा भान्सामा प्रवेश गर्न मन्दिर परिसरमा हिँड्न धार्मिक तथा सामाजिक क्रियाकलापहरूमा भाग लिन सामान्य खाना खान, दूध तथा दूधजन्य पदार्थहरू खान पारिवारिक शौचालय, धारा प्रयोग गर्न विद्यालय जान तथा अन्य ठाउँमा जान गतिशीलता रहेको पाइएको भेरी वातारण विशिष्टता समूह कालिकोट जिल्ला अधिकृत दमिला शाहीले बताइन्। 'धेरै समुदायमा, समुदायका ठूला व्यक्तिहरू, श्रीमान्हरू, सासु आमाहरू, पूजारी, धामीझाँक्रीहरू तथा हजुरआमाहरूले छाउपडी प्रथालाई सघाउ पुर्‍याएको देखिन्छ', उनले भनिन्- 'अनुसन्धान गरेमध्ये धेरैजसो महिलाले कुनै न कुनै प्रकारको छाउपडी प्रथा जब्बर रहेको पाइएको छ।'




अध्ययन अनुसार ३३.९ प्रतिशतले महिनावारी हुनु भनेको अपवित्र, २७.२ प्रतिशतले महिनावारी भएका बेला महिलाहरू छुट्टै कोठमा बस्नुपर्ने, ४३.२ प्रतिशत महिला र पुरुष १९.० प्रतिशत हुँदैन भन्ने मान्यता रहेको पाइएको शाहीले बताइन्। 'उमेर भिन्नता र शैक्षिकस्तरले महिनावारी भएको बेला बस्ने ठाउँको बारेमा फरक-फरक विचार भएको पाइन्छ' - उनले भनिन्। जातिगत हिसाबले ब्राह्मण ५५.९५ प्रतिशत, छेत्रीमा ५.२५ प्रतिशत, दलित ४१.५५ प्रतिशत, ठकुरी २९.७५ प्रतिशत महिलाहरू छाउगोठमा बस्ने गरेको पाइएको भेरी वातारण विशिष्टता समूहले जनाएको छ।

अध्ययनअनुसार साधारण कपडाको सेनेटरी प्याड प्रयोग गर्ने ७५.३ प्रतिशत, घरमा बनाएको सेनेटरी प्याड प्रयोग गर्ने ३१.२ प्रतिशत, पसलमा पाइने सेनेटरी प्याड प्रयोग गर्ने २७.९ प्रतिशत र कुनै पनि साधनको प्रयोग नगर्ने १७.७ प्रतिशत रहेको भेरी वातारण विशिष्टता समूहले जनाएको छ। महिनावारी भएको बेला ७५.५ प्रतिशत किशोरी र महिलाहरूले घरमा प्रवेश नगर्ने, ९१.१ प्रतिशत भान्सामा नजाने र खानेकुरा नछुने, ८८.७ प्रशित महिलाले दूध र दूधजन्य पदार्थ नखाने गरेको, ७१.१ प्रतिशत महिलाहरूले छुट्टै बसेर स्वास्थ्य समस्या भोगेको, ७७.८ प्रतिशत महिला बच्चा जन्माएको बेला छुट्टै छाप्रोमा बसेको, ९७.५५ प्रतिशत महिला छुट्टै कोठामा र ठाउँमा बस्ने गरेको, ३८.७ प्रतिशत महिलाले महिनावारी भएका बेला एउटा न एउटा स्वास्थ्य समस्या भोगेको अध्ययन उल्लेख गरिएको छ।

महिनावारी भएका बेला असामान्य रगत बग्ने (७२.७५ प्रतिशत, ढाड दुख्ने समस्या ७२.७५ प्रतिशत, असामान्य दु:खाइ ५४.५५ प्रतिशतमा, टाउको दु:खाइको समस्या २६.१५ प्रतिशत, चक्कर आउने ३.३५ प्रतिशत, शरीर दु:खाइ १४.८५ प्रतिशत, ज्वरो आउने समस्या २.१५ प्रतिशत महिलाहरूमा रहेको तथ्यांकमा उल्लेख गरिएको छ। महिनावारी भएको बेला स्वास्थ्य समस्या आएकामध्ये ७६.७५ स्वास्थ्य जाँच गर्न जाने गरेको र ८६.६५ प्रतिशत महिलाहरूले स्थानीय स्वास्थ्य चौकीमा जाने गरेको र १७.४५ प्रतिशत महिलाहरू निजी औषधि पसलमा जाने गरेको पाइएको तथ्यांकमा उल्लेख गरिएको छ।

अध्ययनअनुसार २.२५ प्रतिशत महिलाहरूले महिनावारी भएका बेला कुनै न कुनै दुर्घटना भोगेको, जंगली जनावरको आक्रमण, सर्पको टोकाई, अन्य शोषण भएको उल्लेख गरिएको छ।

महिनावारी भएका बेला ९७.५ छात्राहरू विद्यालय जाने गरेको, १.३५ प्रतिशत छात्राहरू विद्यालय अनुपस्थित हुने गरेको, विद्यालयमा उपस्थितमध्ये ७२.६५ प्रतिशत छात्राहरूले विद्यालयमा विद्यालय समयभित्र बस्न सजिलो महसुस गर्ने गरेको र ४०.६५ प्रतिशत अतिरिक्त क्रियाकलापमा भाग लिन असजिलो मान्ने गरेको, महिनावारीका कारणले १७.९ प्रतिशत किशोरीहरू विद्यालय छाड्ने गरेको, ४.३ प्रतिशतले परीक्षा नदिने गरेको, २.७५ विद्यालय जाने किशोरी पढिरहेको घरको कोठामा बस्ने गरेको, २५.१ प्रतिशत छात्रा छाउगोठमा बस्ने गरेको र २४.९ प्रतिशत छात्रा गोठमा बस्ने गरेको २३.८ प्रतिशत छात्रा अर्को कोठामा बस्ने गरेको तथ्यांकमा उल्लेख गरिएको छ।

## वर्गीकृत डिस्प्ले

बोरिङ्ग इनारको रातो पहेलो पानीलाई शुद्ध र सफा गरिन्छ।
जलपादेवी वाटर सोलुशन
फोन नं:- ९८५१०६९३९२, ९८५१०२१०३८

**जग्गा विक्रीमा**
का.म.पा १९ कंकेश्वरी मन्दिरसँगै, डल्लु पुलबाट टेकु जाने लिंकरोडमा जोडिएको स्कुल, कलेज, अस्पताल, व्यापारिक मल, हलको लागि अति उपयोगी ५ रोपनी जग्गा विक्रिमा छ।
सम्पर्क नं.:- ९८४१३१४७८१

**वर्गीकृत डिस्प्ले**
आइतबार, मंगलबार, बिहीबार र शुक्रबार
रू. १००० ।-
मूअकबाहेक
विस्तृत जानकारीका लागि
कामना न्युज पब्लिकेशन प्रा.लि. भीमसेनस्थान
फोन : ४२१९९८४, ४२१९०२६, ४२१९६२२, ४२१९४४५

# दुई समिति बनाउँदै सकियो प्रदेश बैठक

नेपाल समाचारपत्र

विराटनगर

प्रदेश नम्बर १ को सोमबार बसेको प्रदेशसभा बैठकले दुई वटा समिति निर्माण गरेको छ। विराटनगरस्थित प्रदेशसभा भवनमा आज बसेको बैठकले सर्वसम्मतरूपमा दुवै समिति गठन गर्ने प्रस्ताव पारित गरेको हो।

सभामुखको अध्यक्षता तथा उपसभामुख र कानुनमन्त्री पदेन उपाध्यक्ष रहने गरी गठन भएको ११ सदस्यीय समिति गठनको प्रस्ताव बैठकमा सभामुख प्रदीपकुमार भण्डारीले गर्नुभएको थियो। समितिमा प्रदेश संसद्मा प्रतिनिधित्व गर्ने सबै दलका प्रतिनिधि रहेका छन्। समितिमा नेकपा एमालेका इन्द्रमणि पराजुली, बुद्धिकुमार राजभण्डारी र जयमाया गजमेर, नेपाली कांग्रेसका केदार कार्की, माओवादी केन्द्रका मोहनबहादुर खड्का, संघीय समाजवादी फोरमका जयराम यादव, राप्रपाकी इन्दिरा राई र संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्चका विष्णु तुम्बाहाम्फे रहनुभएको छ।

समितिले प्रदेशसभाको अन्तरिम कार्यविधिको दफा १५ बमोजिम सभाको बैठकमा पेस हुने विषयको प्राथमिकता र समयअवधिको निर्धारण गर्नेछ। यस्तै प्रदेशसभा बैठकलाई सुव्यवस्थित ढंगले सञ्चालन गर्ने र सभामुखले आवश्यक ठहऱ्याएको विषयमा परामर्श दिने काम पनि समितिले गर्नेछ। आजकै बैठकले प्रदेशसभाको कार्यसञ्चालन गर्न बैठकको सुव्यवस्था कायम राख्न तथा विभिन्न समितिहरूको गठन, काम कारबाही र अन्य कुरा नियमित गर्नका लागि ११ सदस्यीय प्रदेशसभा नियमावली मस्यौदा समिति गठन गरेको छ।

नियमावली मस्यौदा समितिमा एमालेका लीलावल्लभ अधिकारी, उत्तमकुमार बस्नेत, एकराज कार्की र सावित्रा रेग्मी, नेपाली कांग्रेसका सूर्यमाराज राई र शान्तादेवी पौडेल, माओवादी केन्द्रका झलकबहादुर मगर र रामकुमार राई, संघीय समाजवादी फोरमका रामचन्द्र लिम्बू, राप्रपाकी इन्दिरा राई र संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्चका विष्णु तुम्बाहाम्फे रहनुभएको छ।

प्रदेशसभा बैठकमा नियमावली मस्यौदा समिति गठनबारेको प्रस्ताव एमाले सांसद बुद्धिकुमार राजभण्डारीले राख्नुभएको थियो भने कांग्रेसका सांसद ज्योति सुब्बाले समर्थन गर्नुभएको थियो। प्रदेशसभाको अर्को बैठक चैत ७ गते बस्नेछ।

## वर्गीकृत विज्ञापन

**डिप्रेशन र माईग्रेनको सफल उपचार !!!**

- टाउको दुख्ने, चस्कने-घोच्ने, झुम्म हुने, रिङटा लाग्ने, कान कराउने डम्म हुने
- निन्द्रा नलाग्ने, झस्कने, निन्द्रामा बरबराउने, सपना नराम्रो देख्ने,
- डरलाग्ने, मुट हल्लने, आत्मबलको कमी, नर्भस हुने
- हातगोडा गल्ने, कमजोर महसुस हुने, हिनताबोध हुने
- डाह, छटपटि हुने, के गरौं कसो गरौं हुने, मर्न मनलाग्ने
- नकरात्मक सोच आउने, टोलाउने, हुलमा जान नसक्ने
- झर्को लाग्ने, चाँडै रिस उठ्ने, चाँडै बिर्सने
- धेरै आलस्य लाग्ने, रमाइलो गर्ने मन नलाग्ने, धेरै सुत्ने
- श्वास रोकिएला जस्तो हुने, गाह्रो हुने, केही भैहाल्ने होकी भनेर आत्तिने।
- हातखुट्टा पोल्ने, झमझम्याउने, निदाउने
- ग्यास्ट्रिक र स्टुलमा म्युकस देखिने समस्या
- पढ्नमा कन्सनट्रेशन नहुने र मेमोरी पावरको कमी पूर्ति गरिने
- पिसाब चाँडे चाँडो लाग्ने, मुख वा शरिर हप्प तात्ने, घाँटीमा अप्ठ्यारो भइरहने, हात वा शरिर काम्ने हुने
- औषधि खाँदा पनि निको नभएको प्रेशर समस्या ठिक पारिने
- औषधी खाँदा वा इन्सुलिन लिंदासमेत ठिक नभएको सुगर रोगी ठिक हुने
- आँखा पोल्ने, बिझाउने, सुख्खा हुने
- ढाड दुख्ने, नसा च्यापिएको, छाती मुटु दुख्ने, पेट दुख्ने, पोल्ने, डम हुने, खाएको नपच्ने निको हुने।

नोट : **कहींबाट नभएकाहरूलाई पनि निको पारिने।**

उपचारमा नयाँ आविस्कार सम्बन्धी NTV+ बाट प्रत्येक सोमबार प्रसारण हुने कार्यक्रम बिहान ८:०० देखि ८:३० सम्म र प्रत्येक मंगलबार दिउँसो २:०० देखि २:३० बजेसम्म आउने कुरा सबैमा अवगत गराइन्छ।

युनिक मेडिटेशन सेन्टर
नारायणी पेट्रोल पम्प
रिङरोड, बाफल
४२७९५९५, ९८४९२२८०५९, ९८१३१२५५५८

**मर्मत**

अमूल्य समय, अनावश्यक खर्च र झन्झटबाट छुट्टकारा पाउन पन्चरसिल पन्चरप्रुफ प्रयोग गर्नुहोस् साथै लोडसेडिङको विकल्पको लागि ९५० VA देखि ६.५ KVA सम्मको I र III फेज जेनेरेटरहरु धमाधम बिक्री भइरहेको छ । डिलर चाहनेले र BULKमा लट नै उठाउँन चाहनेले पनि सम्पर्क राख्नुहोला ।

**उपलब्धी सुविधाहरू**

(१) मोटरसाइकल खरिद बिक्री।
(२) जेनेरेटर मर्मत होम सर्भिस।
(३) नयाँ जेनेरेटर बिक्री।
(४) इन्जिन मर्मत १०,००० किमि ग्यारेन्टी।
(५) डेन्टपेन्ट र रंगरोगन

**चाहियो**

**मोटरसाइकल मिस्त्री र हेल्पर चाहियो।**
खान बस्नको सुविधासहित।
If you are satisfied,
tell others
If not tell us.
**राजु मो-बाइक कन्सर्न**
न्यूप्लाजा, पुतलीसडक, काठमाडौं
फोन नं. ४४३१२८६, ५०१०५५०

**बाथ तथा दमको अचुक उपचार**

हिमाली जडीबुटीहरूको ११ वर्षको लगातार अनुसन्धानपश्चात् साध्य तथा असाध्य रोगमा अपूर्व सफलता।

बाथ एवं नसारोग : स्यालको बोसो, चौंरीको घियू, मूला बीउ, रायो बीउको तेलमा ५१ जडीबुटीलाई सिद्ध गरिएको मालिस तेल र ८१ जडीबुटीबाट निर्मित खाने औषधीबाट बाथमा सफलता।

दम : रूद्राक्षको जराको सत्व, कागतीको जराको सत्व, कण्टकारीको जराको सत्व, दशौं वर्ष पुरानो सख्खर (गुड) का साथमा १३ जडीबुटीलाई सिद्ध गरिएको औषधीबाट दममा सफलता।

मधुमेह : मधुमेह धातु (वीर्य क्षीण हुने) रोग पनि भएकाले वीर्य पुष्टिका लागि- गुर्जोको सत्व, कृष्णब्राम्ही, विमिरोको जराको सत्व, ओखरको तेल, बाँसको जराको सत्व, नीर बाबरीको दानालगायत ११ जडीबुटीबाट वीर्य पुष्टि एवं मधुमेहमा सफलता साथै ग्यास्ट्रिक, अल्सर, पुरानो आउँ, अल्काई, पिनास, पुरानो खोकी, प्यारालाईसिस, साइटिका, कम्मर-घुँडा दुख्ने, नसा च्यापिएको, हड्डी खिइएको, महिनावारीमा तल्लो पेट दुख्ने, श्वेतप्रदर, शीघ्रपतन, यौन अक्षमता, गानोगोला जस्ता सबै खाले पुराना रोगको सफल उपचार गरिन्छ।

**विशाल आयुर्वेद तथा ध्यान-दर्शन योगाभ्यास प्रशिक्षण आश्रम**
**महाराजगन्ज चक्रपथ, नारायणगोपाल चोक परमेश्वर मार्ग, आस्था कला केन्द्रसँगै (अमेरिकन एम्बेसीको अपोजिट साइडबाट ५-७ घर माथि आएपछि परमेश्वर मार्गमा छिर्ने)**
**फोन : ४७२००४६**
**मोबाइल : ९८५१०७३५००**

## नेपाल समाचारपत्र NEPAL SAMACHARPATRA को वर्गीकृत विज्ञापन तथा ग्राहक संकलन काउन्टरहरू

**काठमाडौं** गोर्खा न्यूज एण्ड स्टेशनरी सोह्रखुट्टे, नयाँबजार, फोन : ४३५५७६०, ९८४१८८७७१६, फ्याक्स नं. : ४३८५३९९ ● स्मार्ट इन्भेष्टमेन्ट प्रोमोशन नेपाल, जोरपाटी, फोन नं. : ०१४९१३०१०, ९७४१०१७२५३ ● एस.एस. स्टेसनरी, बालाजु, ४३८०२३०, ४३८७२७५ ● बी.एन्ड.बी. स्टेशनरी एन्ड कम्युनिकेसन सेन्टर महाराजगन्ज फोन: ३७०७०५, फ्याक्स: ३७२७९९ ● जय बागेश्वरी कम्युनिकेसन जयबागेश्वरी, फोन : ४४६७०३४, २०१३९११, ४४६६६११, ४४७६८१७ ● योञ्जन कम्युनिकेसन विशालनगर ४-४१६५६१, ४-४३५१८७ ● वीडलिक मिडिया प्रा.लि. पुरानो बानेश्वर चोक, ४४९२३०९/२०१४९३२, ९८४३१०५७३८ ● किपु बुक प्वाइन्ट कीर्तिपुर ३३१७७५ ● कार्य विनायक बुक एन्ड स्टेसनरी ४२६७३२४ वसन्तपुर ● मनकामना कम्युनिकेसन चावहिल ४४६७८४७, फ्याक्स : ४४८६८१९ ● डी.के. बुक, भोटाहिटी २५२३२० ● माउण्टेन एयर एक्सपोर्ट एण्ड ट्रेडर्स जावलाखेल, बागडोल फोन : ५५५४७५५, ५५४३७१९ ● होराइजन कम्युनिकेसन गोंगबु नयाँ बसपार्क, फोन: ३५३९४१, फ्याक्स: ३५३९९६ ● ध्रुवको पसल डिल्लीबजार, फोन: ४३९२०१ ● पञ्चावती बुक्स एण्ड स्टेसनरी चावहिल चोक, फोन: ४८६५१३, ४-४८१४३६ ● पिपल्स बुक्स, पकनाजोल, २१८०४४, ४-२१२३८५ ● सार्वजनिक टेलिफोन, पब्लिक कन्ट्रयाक्ट प्वाइन्ट कालीमाटी चोक, फोन नं. : ४-६७४८०१ ● मनकामना गिफ्ट ग्यालरी वनस्थली ४३६४९२४ ● काष्ठमण्डप डिस्ट्रिब्युसन प्रा.लि. टेकु, काठमाडौं, फोन : २०१०८२१, ०१६२२०७८५, मो. ९८५१०७२००४ ● साइ म्युजिक एन्ड मुभिज नयाँ बानेश्वर, फोन : ४४६१३५५, ४४९३५१२ ● बाबा सपिङ प्वाइन्ट महाराजगन्ज फोन: ४-४२६५४५ ● न्यू पी.पी. बुक्स एन्ड ट्रेडर्स कलंकी चोक फोन: २८२४५१, २८०६७३, फ्याक्स: २८१८०२ ● कान्तिपुर फोटोकपी एण्ड स्टेसनरी सप्लाईर्स स्वयम्भु किमडोल, राईजी फोन: २८१०४५, मोबाइल : ९८१०-७०४३५ ● कम्युनिकेशन प्लस, क्षेत्रपाटी ढल्को फोन : २०२१९४८, ४-२६६७५१ सनम स्टेसनरी एण्ड जनरल सप्लाईर्स, सोह्रखुट्टे फोन: ३५८६४१ ● स्टुडेन्ट बुक्स एण्ड स्टेसनर्स जोरपाटी चोक (मिनिबस स्टप) फोन: ४७६६२८ ● विद्या बुक्स एन्ड स्टेसनरी लेखनाथमार्ग, ठमेल, फोन : ४४१३९५४ ● मिडिया एन्ड कम्युनिकेसन नेटवर्क पेप्सीकोला, फोन : ६६३७९१९, ४२४६९३५, ९८५११०६५७५ ● सन्ध्या बुक्स सेन्टर ४३१२५३१ (स्पेन्ट्र) थानकोट, इमाखेल (बसपार्क) नवीन बुक्स एन्ड स्टेशनरी, अनामनगर (गौशाला बुक्स एन्ड स्टेशनरी, गौशाला, फोन: ४-४८३६१४ ● एमएस सेढाइ स्टेसनरी एन्ड बुक्स सेन्टर बसुन्धरा-९, काठमाडौं, ४३५६४७५ ● SEVEN EDUCATIONAL CONSULTANCY (P) Ltd . Putalisadak, Kathmandu, Phone : 4238020, 4-424615, P .O . Box : 24829 l Nepaltar Cyber &Communation Nepaltar, Kathmandu, Contact No : 01-4384875, 9841-419658 ● शिक्षा बुक्स एन्ड स्टेसनर्स सामाखुसी, काठमाडौं, ४३६५७७६, मोबाइल : ९८४१-४८३०९६ (नवराज अधिकारी) ● क्वीक कम्यूनिकेशन प्रा.लि., बालाजु, फोन नं. : ४-३८३४५२, फ्याक्स : ४-३८५४२६ स्वयम्भु कम्युनिकेशन, डल्लु, आवास, दयामान वज्राचार्य ९८४१२१९१७३ फोन : ४२७४६३३, ४२८९२६०

**ललितपुर** हाम्रो टेलिफोन सेवा (ग्वार्को) ५५५०१२४, ५५२४०९८, ५५५५०९८, ९७४१०५१८६० ● ज्ञान स्टेनसरी, पाटनढोका, फोन: ५४५५९२ ● ललित म्यागजिन एन्ड स्टेसनरी लगनखेल, ललितपुर, ५५५३९३१, ५५५३४३४० ● श्रेष्ठ स्टेसनरी सेन्टर ठैव, ललितपुर, फोन : ९८४१५१६९५७ ● लालित्य प्रिन्टर्स लगनखेल, फोन : ५५४३५८२ ● दिगो स्टेसनरी लगनखेल, फोन: ५४२२१२, प्रधान कमिनिकेशन ललितपुर, फोन: ९८४१७६९५९२ ● निशा बुक्स एण्ड स्टेशनरी, लगनखेल, ५५३१९५७, ९८४१६२७४८९

**भक्तपुर** सुन्दर पुस्तक, ठिमी, ६३१४७३, ● मल: स्टेसनरी गठाघर, फोन: ६३०७५७ ● बेबिस आर्ट इटाछें : ६१२७२४

२०७४, फागुन
मंगलबार
१५

१४ वर्षको उमेरमा एकाएक पहिलो सन्तान जन्मियो त्यसपछि दोस्रो र अहिले १८ वर्षमा तेस्रो सन्ताकी आमा बनेकी छु, छोरा नजन्माएको भन्दै परिवारले विभिन्न दुःख दिने गरेका छन्।

# नेपाल

## बालविवाहको मारमा ग्रामीण भेगका महिला



ललित सिंह, बझाङ

१५ वर्षको उमेरमा कल्पनाको छिमेकी गाउँको १२ वर्षीय केटासँग मागी बिहे भयो, १४ वर्षको उमेरमा पहिलो सन्ताकी आमा बनेकी उनी अहिले तेस्रो सन्ताकी आमा बनेकी छन्। आफूले बिहे गर्न नमाने पनि बाबुआमाको बाध्यताले बिहे गरेको बताउने कल्पनाका साथमा अहिले ३ नाबालक छोरी रहेका छन्।

आफ्नो उमेर ६ महिनामा हुँदा आमा बिरामी भएको र उपचार गर्न पैसा नभएपछि छिमेकी गाउँको एक व्यक्तिबाट १५ हजार नगदमा आफूलाई ठूलो भएपछि बिहे गरिदिने शर्तमा बाबुले बिक्री गरेको हुँदा आफूले बालविवाहको मार खप्नुपरेको उनले बताइन्।

'सानो छँदा केही थाहा भएन, १४ वर्षको उमेरमा एकाएक पहिलो सन्तान जन्मियो, त्यसपछि दोस्रो र अहिले १८ वर्षमा तेस्रो सन्ताकी आमा बनेकी छु, छोरा नजन्माएको भन्दै परिवारले विभिन्न दुःख दिने गरेका छन्। श्रीमान् तेस्रो छोरी जन्मेको भोलिपल्ट भारत गए, परिवारले निकै दुःख दिने गरेका छन्' -बुगल नगरपालिका-३ की कल्पना बोहोराले बताइन्।

कल्पना एक नमुना पात्र मात्र हुन् उनीजस्तै अर्की अनिता बोहरा पनि १२ वर्षको उमेरमा आफ्नो बिहे भएको र १५ वर्षको उमेरमा छोरा जन्मेपछि एक वर्ष नपुग्दै श्रीमान्को घाँस काट्ने क्रममा भीरबाट लडेर मृत्यु भएपछि अहिले निकै दुःख भोग्नु परेको बताउँछिन्।

**अठार वर्षको उमेरमा ३ सन्तानकी आमा कल्पना**

उनले भनिन्- 'न्याय खोज्न कहाँ जानु पर्छ थाहा छैन। अहिले घरबाट निकाला गरेको छ। माइतीको सहारामा बस्तै आएकी छु। परिवारका सबैले किनेर ल्याएको तेरो आमाको प्राण बचाएको भनेर जवाफ लगाउने कुटपिट गर्ने गरेका छन्।'

उनी भन्छिन्- 'उमेरले १९ वर्ष भयो सँगैका साथीसंगी विद्यालायमा पढ्दै छन्। म विधवा हुनुपरेको छ। कसरी जीवन काट्ने? निकै पीडामा छु। परिवारसँगै गाउँलेले पोइटोका भनेर हेला गर्न गरेका छन्, कक्षा ५ मा पढ्दै गर्दा चार वर्षअघि ६ कक्षामा पढ्ने गाउँकै केटासँग मेरो बिहे भयो, मलाई त्यतिखेर बिहे गरेको हो भन्ने लागेको थिएन। मैले स्कुल पढ्न पाउँछु होला जस्तै लागेको थियो। बिस्तारै पोइली घरमा पठाउने काम गरियो अहिले मन भए र पनि विद्यालय छोडनुपरेको छ।'

गाउँमा सबैले १६ वर्ष नपुग्दै छोरीको बिहे गरिदिने गरेका छन्। दैनिक घाँस दाउरा र चुलो चौकोमा हाम्रो जीवन चलेको छ। संसार के हो? महिलाको अधिकार के हो? थाहा छैन। चुनावको समयमा गाउँमा मत माग्न आएका नेता सबैलाई बालविवाह रोक्न पहल गरिदन सामूहिक अनुरोध गरेका थियो। लागू भएको छैन माघ र फागुनको १२ गतेसम्म १३ बालिकाको उमेर नपुग्दै बिहे भएको छ। राज्यको गाउँसम्म पुहँच पुगेको छैन। आफूले सदरमुकाम चैनपुर एक्लै पुग्न सकिँदैन।

राज्यले 'बिहेबारी २० वर्ष पारि' भन्ने नीति बनाएको छ बालविवाह गरिन लागेको जो कोहीले पनि थाहा पाएर हामीलाई खबर गर त्यस्तो परिवारका सदस्यलाई कानुनअनुसार कारबाहीका लागि प्रहरी प्रशासनमा खबर गरिने महिला तथा बालबालिका कार्यालय बझाङका प्रमुख लीला घलेले बताए।

उनले भने- 'हामीले सदरमुकाम वरपरका गाउँमा बालविवाह पूर्णरूपमा रोक्न लगाएका छौं, विकटका गाउँमा बालविवाहसँगै जारी प्रथा, धन प्रथा र जबरजस्ती प्रथा कायमै रहेको छ। यसलाई हटाउन हामीले मात्र सम्भव हुँदैन। अभिभावक, प्रशासन र स्थानीय राजनीतिक दल र निर्वाचित जनप्रतिनिधिले बढी चासो दिनुपर्छ।'

## निलम्बित प्रहरी जवानहरू हिरासतमुक्त

हेटौंडा, (नेस)

फरार अभियुक्त पक्राउ परेपछि निलम्बनमा परेका प्रहरीहरू धरौटीमा रिहा भएका छन्। लागूऔषधसहित पक्राउ परेका अभियुक्तलाई म्याद थप गर्न अदालत लैजाँदै गर्दा फरार भएपछि ड्युटीमा खटिएका प्रहरीलाई निलम्बन गरी हिरासतमा राखिएको थियो।

लागूऔषध गाँजा अभियोगमा माघ २२ गते पक्राउ गरी म्याद थपका लागि अदालतमा लैजाने क्रममा सर्लाही-२ का दीपेन्द्र साह प्रहरी हिरासतबाट हत्कडी फुस्काएर भग्न सफल भएका थिए। ड्युटीमा खटिएका ३ जना प्रहरी जवानलाई निलम्बन गरिएको थियो।

फरार रहेका साहलाई प्रहरीले सर्लाहीबाट माघ २८ गते पक्राउ गरेको थियो। निलम्बनमा परेका प्रहरीलाई हिरासतमुक्त गरे पनि अनुसन्धान जारी रहेको प्रहरीले जनाएको छ। अपराधी भागेपछि ड्युटीमा खटिएका प्रहरी जवानहरू हरिचन्द्र थामी, श्रीकृष्ण आचार्य र अशोक विकलाई निलम्बन गरी हिरासतमा राखेर अनुसन्धान भइरहेको थियो।

प्रहरी जवान हरिचन्द्र थामीलाई ३० हजार धरौटी राखी हिरासतमुक्त गरिएको छ। प्रहरी जवान श्रीकृष्ण आचार्य र अशोक विकलाई जनही १५ हजार धरौटीमा हिरासतमुक्त गरेर थप अनुसन्धान चलिरहेको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी नायव उपरीक्षक दिलीपराज झाले जानकारी दिनुभएको छ।

उनीहरूको निलम्बन फुकुवा नभएको उहाँले जानकारी दिनुभयो। बयान जारी रहेको तथा बयान सकिएपछि निर्णय हुने उहाँले जानकारी दिनुभयो।

## गोली हान्ने समातिए

डोटी, (नेस) । आपसी विवादमा गोली हानी फरार भएका डोटीको आदर्श गाउँपालिका-६ गोसेडाका ४४ वर्षीय धर्म लुहारलाई प्रहरीले सोमबार पक्राउ गरेको छ। जिल्ला प्रहरी कार्यालय डोटीका प्रहरी प्रवक्ता (डीएसपी) शिवबहादुर सिंहले दिनुभएको जानकारीअनुसार प्रहरी चौकी तिल्ताली सैनबाट प्रहरी सहायक निरीक्षक कर्णबहादुर घर्तीको कमान्डमा खटिएको ७ जनाको प्रहरी टोलीले लुहारलाई पक्राउ गरेको हो।

गोली हानेर भारततर्फ भाग्न जानेक्रममा प्रहरीले लुहारलाई डोटीको तलारा क्षेत्रबाट पक्राउ गरेको हो। लुहारले शनिबार दिउँसो आपसी विवाद हुँदा सोही गाउँपालिका बस्ने वर्ष ५५ का देव अधिकारीलाई गोली हानी फरार भएका थिए। लुहारको गाली लागि गम्भीर घाइते भएका अधिकारीको भारतमा उपचार भइरहेको छ। लुहारलाई जिल्ला प्रहरी कार्यालय डोटीको प्रहरी हिरासतमा राखी आवश्यक सोधपुछ भइरहेको प्रहरीले जनाएको छ।


**श्री धनलक्ष्मी बचत तथा ऋण सहकारी संस्था लिमिटेडका ऋणी प्रदेश नं....ताप्लेजुङ्ग जिल्ला साबिक थेचम्बु गा.वि.स. वडा नं. ८ घर भई हाल ल.पु.जि.ल.पु.म.न.पा. वडा नं. १२ बस्ने नरेन्द्र तिम्सिनालाई कर्जा चुक्ता गर्न आउने बारेको सूचना ।**



तपाई रुपनारायणको नाति देवीप्रसादको छोरा ताप्लेजुङ्ग जिल्ला साविक थेचम्बु गा.वि.स.वडा नं. वडा नं. ८ घर भई हाल ल.पु.जि.ल.पु.म.न.पा.वडा नं. १२ बस्ने, सिभिल ईन्जिनियरिङ्ग र बिभिन्न प्रकारका ठेक्कापट्टा सम्बन्धि काम गरी आउनु भएका, तपाईले आफना नाउँ दर्ताको प्रा.लि. कम्पनी द.नं. १२६१०४।०७१।०७२ को ए एण्ड ए नेपाल प्रा.लि. कम्पनी देखाई कम्पनीको प्रयोजनको व्यावसायिक कार्य गर्न मिति २०७४।२।२३। मा यस संस्थाबाट कर्जा लिई धनलक्ष्मी बचत तथा ऋण सहकारी संस्था लि.को नाममा यातायात व्यवस्था कार्यालय बागमतीमा दर्ता रहेको ईन्जिन नं. QD32-250463 च्यासिस नं. JN1CJUD22Z0089048 को बा.१४.च. ७०९७ नम्बरको NISSAN पिक अप गाडि धितो दिनु भई मासिक किस्ताबन्दीमा कर्जा चुक्ता गर्ने शर्त गर्नु भएकोमा कर्जा प्रवाह हुँदाका अवस्थामा भएको शर्त बमोजिम हालसम्म कुनै पनि किस्ता रकम नतिरी नबुझाई बस्नु भएकोले तपाईलाई पटक पटक कर्जा चुक्ता गर्न मौखिक तारताकेता गर्दा सोको वेवास्ता गरी लिखित पत्राचार गर्दा समेत पत्र बुझ्न ईन्कार गरी कर्जा चुक्ता गर्नमा समेत ईन्कार गरी आउनु भएको हुँदा यो सूचना प्रकाशित गरिएको छ । अतः सूचना प्रकाशित मितिले ३५ दिनभित्रमा कर्जाको सावाँ, व्याज, हर्जाना सहितको रकम तिर्न बुझाउन आउनु होला, अन्यथा यसै सूचनाका आधारमा यस संस्थाको नाउँमा दर्ता हुन आएको उल्लेखित सवारी साधन बिधिवत् लिलाम बिक्री गरी कर्जा असुली उपर गरिने व्यहोरा जानकारी गराईन्छ। सोबाट असुल उपर हुन नसकेको रकमको हकमा सहकारी ऐन र नियमावली बमोजिम भई जाने व्यहोरा समेत यसै साथ सूचित गरिन्छ ।



**निजी तथा आवासीय विद्यालय अर्गनाइजेशन, नेपाल (प्याब्सन)**
**जिल्ला कार्यसमिति, काठमाडौं**

**सूचना !**

शैक्षिक - सत्र २०७४ को कक्षा ९ को बार्षिक परीक्षा यही चैत्र ८ गते बिहिबारदेखि सञ्चालन हुन गइरहेको कुरा सहर्ष जानकारी गराउँदै यस परीक्षामा सहभागी हुन सम्पूर्ण प्याब्सन सदस्य विद्यालयहरूलाई हार्दिक अनुरोध गरिन्छ । साथमा **SEE - 2074** को परीक्षा तालिका समेत निम्नानुसार रहेको जानकारी गराइन्छ ।

**Examination Schedule- 2074**

| Routine for Class 9 | | Subject | SEE - 2074 Routine | |
|---|---|---|---|---|
| Date | Day | | Date | Day |
| 2074-11-08 | Thursday | English | 2074-11-08 | Thursday |
| 2074-11-09 | Friday | Nepali | 2074-11-09 | Friday |
| 2074-11-12 | Monday | C.Maths | 2074-11-12 | Monday |
| 2074-11-13 | Tuesday | Science | 2074-11-13 | Tuesday |
| 2074-11-14 | Wednesday | Social Std. | 2074-11-14 | Wednesday |
| 2074-11-15 | Thursday | HPE | 2074-11-15 | Thursday |
| 2074-11-16 | Friday | Opt. I (O. Maths) | 2074-11-16 | Friday |
| 2074-11-18 | Sunday | Opt. II (Com./Acc.) | 2074-11-17 | Saturday |

सम्पर्क फोन: ०१–४३८१९७८, ०१-४३५४३९१, नोटिस बोड नं. १६१८०१४३८१९७८

परीक्षा समय — १) बिहान १०:०० बजेदेखि १:०० बजेसम्म,
२) बिहान १:०० बजेदेखि ४:०० बजेसम्म

यी दुवै सिफ्टका लागि फरक फरक सेटको प्रश्नपत्रहरू हुनेछन् ।

- बार्षिक परीक्षाको लागि प्रश्नपत्र मात्रै पनि वितरण गरिने छ ।
- सहभागी हुन चाहने विद्यालयहरूले विद्यार्थीहरूको कुल संख्या, ऐच्छिक प्रथम, ऐच्छिक द्वितीय र परीक्षाको समय समेत स्पष्ट पारी यही फागुन ३० गतेभित्र प्याब्सन जिल्ला कार्यालयमा बुझाइदिनु हुन अनुरोध गरिन्छ ।
- प्रयोगात्मक परीक्षाहरू सम्बन्धित विद्यालय आफैँले सञ्चालन गर्नु हुन जानकारी गराइन्छ ।
- प्रवेशपत्र २०७४ फागुन १५ गते मङ्गलबारदेखि प्याब्सन जिल्ला कार्यालयबाट वितरण गरिने छ ।
- प्रश्नपत्र तथा उत्तर पुस्तिका २०७४ चैत्र ७ गते बुधबार १२:०० बजेदेखि वितरण गरिने छ ।
- परीक्षाको शुल्क एकमुष्ठ रकम एभरेष्ट बैंकको खाता नं. ०२०००१०५२००२०३ मा जम्मा गरिदिनु हुन हार्दिक अनुरोध गरिन्छ ।


## दृष्टिविहीन विद्यार्थीका लागि छात्रावास निर्माण

दुर्गाप्रसाद शर्मा, पर्वत

जिल्लाकै एकमात्र दृष्टिविहीन स्रोतकक्षा सञ्चालित विद्यालयमा अध्ययनरत विद्यार्थीहरूका लागि छात्रावास निर्माण गरिएको छ।

पर्वतको सदरमुकाम कुश्माबजारस्थित शिवालय माविमा अध्ययनरत दृष्टिविहीन विद्यार्थीका लागि छात्रावास निर्माण गरिएको हो। करिब ७७ लाखको लागतमा छात्रावास निर्माण सम्पन्न भएको हो।

भाडाको घरमा बस्दै आएका दृष्टिविहीन विद्यार्थीको बसाइँमा सहज होस् भन्ने उद्देश्यले प्लान नेपालले उक्त आवास निर्माण गरेको हो। ७७ लाख ८५ हजार ४ सय ७० मा निर्माण भएको उक्त छात्रावास शुक्रबार एक कार्यक्रमका बीच प्रतिनिधिसभा सदस्य सांसद पदम गिरी र प्यान नेपालका उपराष्ट्रिय निर्देशक बरान बेकटले संयुक्तरूपमा विद्यालयलाई हस्तान्तरण गर्नुभएको छ। छात्रावासमा २१ जना दृष्टिविहीन विद्यार्थी बस्दै आएका छन्। छात्रावासको क्षमता भने १४ जनाको रहेको छ। भान्साघरसहित छात्र र छात्राको बेग्लाबेग्लै सुत्ने व्यवस्था भवनमा गरिएको छ।

दृष्टिविहीन विद्यार्थीलाई सहजरूपमा पढ्ने वातावरण सिर्जना गराउनका लागि दातृ निकायको सहयोगमा सो छात्रवास निर्माण गरिएको हो। हस्तान्तरण समारोहमा बोल्दै प्रतिनिधिसभाका सांसद पदम गिरीले फरक क्षमता भएका बालबालिकालाई सहजरूपमा शिक्षाको पहुँच पुऱ्याउन सरकारले भौतिक संरचना र शिक्षामा ध्यान दिनुपर्नेमा जोड दिनुभयो। उहाँले आफ्नो कार्यकालमा सक्दो प्रयास गरेर शिक्षाको क्षेत्रमा काम गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो।

कार्यक्रममा बोल्दै प्लान नेपालका उपराष्ट्रिय निर्देशक बरान वेकेटले सबै क्षमताका बालबालिकालाई शिक्षाको समान अवसर पुऱ्याउन र शिक्षाको विकास गराउन प्लान नेपालले महत्त्वपूर्ण काम गरेको बताउनुभयो। उहाँले शिक्षा र प्रविधि विकासबाट मात्रै देशले समृद्धि हासिल गर्न सक्ने बताउनुभयो। छात्रावासमा विभिन्न जिल्लाका साथै पर्वत जिल्लाका २१ जना दृष्टिविहीन विद्यार्थी बस्दै आएका छन्।

क्षमताभन्दा धेरै विद्यार्थी भएको हुँदा छात्रावास ब्यवस्थापनमा भने कठिनाइ भएको विद्यालयका व्यवस्थापन समितिका अध्यक्ष ईश्वर गिरीले बताउनुभयो। उहाँले छात्रावासमा अझै कोठाको अभाव रहेको बताउनुभयो। विद्यालयसँगै रहेको उक्त छात्रावासमा थप सहयोगको अपेक्षा गिरीले गर्नुभयो।

## दुर्घटनामा मृत्यु

इलाम, (नेस) । मेची राजमार्गअन्तरगत इलाम नगरपालिका वडा नम्बर १० मा मोटरसाइकल दुर्घटना भएको छ। दुर्घटनामा परी सोमबार मोटरसाइकल चालक इलाम सन्दकपुर गाउँपालिका-४ का ४४ वर्षीय गणेशकुमार राईको मृत्यु भएको हो।

झापाबाट इलामतर्फ आउँदै गरेको मे१प ४२६४ नम्बरको मोटरसाइकल मेची राजमार्गको गोदकस्थित मैनाली होटल छेउमा दुर्घटनामा परेको थियो। तीव्र गतिमा रहेको मोटरसाइकल सडकबाट करिब ५० मिटर तल खसेको जिल्ला प्रहरी कार्यालय इलामले जनाएको छ।

## प्रदेश नं ३ को राजधानी नुवाकोट बन्ने सम्भावना बढ्यो

नुवाकोट, (नेस)

प्रदेश नं ३ को राजधानी नुवाकोट बन्ने सम्भावना बढेर गएको छ। प्रदेश नं ३ का भौतिक योजना तथा पूर्वाधारमन्त्री केशव स्थापितले प्रदेशको राजधानी ४ महिनापछि सर्ने र त्यो नयाँ ठाउँको पहिचान भइसकेको बताउनुभयो।

तर जग्गा व्यवसायीले जग्गा किनेर अस्तव्यस्त पार्ने भएकाले तत्काल सो ठाउँ सार्वजनिक गर्न नमिल्ने भन्दै उहाँले आउँदो ४ महिनाभित्र राजधानी सर्ने बताउनुभयो। सबै हिसाबले हेटौंडा उपयुक्त नहुने भएकाले नयाँ ठाउँको पहिचान भई तयारी भइरहेको मन्त्री स्थापितले बताउनुभयो। सञ्चारकर्मीहरूसँग कुरा गर्दै पूर्वाधारमन्त्री स्थापितले राजधानी राख्ने भनिएको नयाँ ठाउँबारे सार्वजनिक गर्न भने अहिले नै नमिल्ने बताउनुभयो।

हेटौडा कुनै पनि कोणबाट स्थायी राजधानी बन्ने सम्भावना नरहेकाले पनि प्रदेश सांसदहरू यसको विकल्पको खोजीमा नुवाकोटतर्फ लागेको बताइएको छ। काठमाडौंबाट नजिक रहेको र चीन प्रवेशको महत्त्वपूर्ण स्थानसमेत रहेकाले नुवाकोट नै बनाउनेबारे धेरै जना प्रदेश सांसद सकारात्मक रहेको पाइएको छ। 'प्रदेशको केन्द्र पर्ने गरी राजधानी सार्ने तयारी गरिएको ठाउँमा ७ लाख रोपनी जग्गा एकै ठाउँमा रहेको र ३ लाख रोपनी वन रहेको पनि उहाँको दाबी छ। त्यो ठाउँमा ५० हजार रोपनी खोलाले खाएको जग्गा छ।


**हार्दिक श्रद्धाञ्जली**



जन्ममितिः वि. स. १९८४/०५/२४

स्वर्गारोहणः वि.. स. २०७४/११/०३

**स्व.चैतन्य राजदली**

यस संस्थाका सचिव श्री शरद राजदली का पूजनीय पिता
श्री **चैतन्य राजदली**को असामयिक
निधन भएको आज १३ औं दिनको पुण्यतिथिमा दिवंगत
आत्माको चिरशान्तिको कामना गर्दै
हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौ ।
यस दुःखद घडिमा ईश्वरले सम्पूर्ण परिवारमा
धैर्यधारण गर्ने शक्ति प्रदान गरुन् भनी
भावपूर्ण समवेदना प्रकट गर्दछौं ।

**एलियन बचत तथा ऋण सहकारी संस्था लि. परिवार**
बसन्तपूर ,काठमाडौं



**Nepal Police Secondary Boarding School**
Sanga, Kavre

**Invitation for Sealed Quotation**

Date of First Publication: 2074/11/15

The **Nepal Police Secondary Boarding School** invites sealed quotations from registered contractors for the following works.

| Quotation No. | Detail of Works | Document Fee Rs. | Bid Bond Amount Rs. | Last Date of purchase | Last Date and Time of Submission | Date and Time of Opening |
|---|---|---|---|---|---|---|
| 2074-75/ SQ/1 | Construction of Roofing Works at Hostel | 1000.00 | 33,000.00 | 2074/11/29 (within office hour) | 2074/11/30 12:00 hrs. | 2074/11/30 13:00 hrs. |
| 2074-75/ SQ/2 | Replacing of CGI sheet in Multipurpose Hall | 1000.00 | 27,000.00 | 2074/11/29 (within office hour) | 2074/11/30 12:00 hrs. | 2074/11/30 13:00 hrs. |

1. Bid must be valid for **45 days** after the opening of bids and Bid Security Validity must be at least **75 days** from the date of bid opening.
2. Eligible Bidders may obtain further information, the sealed quotation forms and inspect the details of works to be done from the office of Nepal Police Secondary School, Sanga.
   **Telephone no.: 011-663495**
   **Email: npsaccount@dps.edu.np**
3. Bid Document Fee shall be deposited in **Account No. 01500100044115000001** of **Nepal Police Higher Secondary Boarding School Sanga** at **Nepal Bank Ltd. Banepa, Kavre.**
4. If bidder wishes to submit Cash Security, the cash should be deposited in **Account No. 00501030252553, Nepal Police HSB School Deposit Account at Nepal Investment Bank Ltd. Banepa, Kavre** and submit the receipt of the deposited amount of cash along with the Sealed Quotation.

# विश्व

**अनुमति**

साउदी अरेबियाली सरकारले पहिलो पटक महिलालाई पनि सेनामा प्रवेश गर्ने अनुमति दिएको छ।



**चयन**

पूर्वपत्रकार माइकल म्याककोर्म्याक (दायाँ) अस्ट्रेलियाको नयाँ उपप्रधानमन्त्रीमा छनोट भएका छन्।



2018, FEB
Tuesday
27

विश्व २ मिनेट

## चीन

### वान्टेड फिर्ता

बेइजिङ, (एजेन्सी)

इन्टरपोलले निर्वासित विगुर मुसलमान नेताविरुद्ध जारी वान्टेडको सूचना फिर्ता लिएको छ। चीनले इन्टरपोलको उक्त फैसलामा असन्तोष व्यक्त गरेको छ। इन्टरपोलले वान्टेडको अलर्ट फिर्ता लिएका उनी आतंकवादी भएको चीनले जनाएको छ। चीनको पश्चिमी प्रान्त सिन्जियाङका विगुर समुदायमा धेरैजसो मुस्लिम छन्। चीनले उक्त इलाकामा भइरहेको अशान्तिका लागि विगुर पृथकतावादी इस्लामिक कट्टरपन्थी जिम्मेवार रहेको बताउँदै आइरहेको छ। म्युनिखस्थित वल्ड विगुर कांग्रेसका प्रमुख डोल्कम इसाविरुद्ध इन्टरपोलले जारी गरेको वान्टेड अलर्ट फिर्ता लिइएको मानव अधिकार समूह फेयर ट्रायल्सले जनाएको छ।

## पाकिस्तान

### सन्तको देश

इस्लामावाद, (एजेन्सी)

पाकिस्तानका प्रधानमन्त्री साहिद खकान अब्बासीले पश्चिम सञ्चारमाध्यममाथि पाकिस्तानको गलत तस्वीर प्रस्तुत गरेको आरोप लगाएका छन्। लाहौरमा आयोजित साहित्य उत्सवमा आफ्नो सम्बोधनमा पाकिस्तान आतंकवादीको नभई सन्तहरूको देश भएको अब्बासीले बताए। अमेरिकाले हालै मात्र पाकिस्तानलाई आतंकवादीलाई संरक्षण गर्ने राष्ट्रको सूचीमा राख्ने प्रस्ताव गरेको थियो। त्यसका लागि पाकिस्तानलाई आफ्नो छवी सुधार्ने ३ महिनाको समय दिइएको थियो। उक्त उत्सवमा कयौं चर्चित लेखक, विद्वान र विदेशी प्राज्ञिक सहभागी भएका छन्।

## नाइजेरिया

### पिताको चिन्ता

अबुजा, (एजेन्सी)

कटरपन्थी इस्लामिक लडाकू समूह बोको हरामद्वारा अपहरित १ सय १० जना बालिकामध्ये एक चौध वर्षीया बालिकाका पिताले सोमबार नाइजेरियाली सरकारले तत्काल यस विषयमा ठोस कदम चाल्नुपर्ने विचार व्यक्त गरेका छन्। काछाल्ला बुकार नामक ती व्यक्तिले आफूहरू आफ्ना सन्तान बोको हरामसँग लामो समय नरहून् भन्ने चाहेको र त्यस्तो अवस्थामा जे पनि हुनसक्ने बीबीसीलाई बताएका छन्। गत १९ फ्रेब्रुअरीमा उत्तर-पूर्वी योवे राज्को दाप्ची शहरमा रहेको एउटा विद्यालयमा अचानक प्रवेश गरेका लडाकूहरूले ती बालिकाको अपहरण गरेका थिए।

## अस्ट्रेलिया

### नयाँ उपप्रम

सिड्नी, (एजेन्सी)

एउटा क्षेत्रीय अखबारका पूर्वसम्पादक माइकल म्याककोर्म्याकलाई सोमबार अस्ट्रेलियाको उपप्रधानमन्त्रीमा चयन गरिएको छ। उनले बार्नाबी जोयसलाई प्रतिस्थापन गर्न लागेका हुन्। दुई वर्ष उपप्रघानमन्त्री रहेका जोयसले आफ्नो एकजना पूर्वकर्मचारी महिलासँगको यौन सम्बन्धको अभियोगको कारण शुक्रबार पदबाट राजीनामा दिएका थिए। सन् १९९३ मा समलिंगी यौन सम्बन्धलाई एक घृणित कार्यको उपमा दिँदै आफ्नो अखबारमा एउटा स्तम्भ लेखेबापत म्याककोम्यार्क निकै आलोचित हुन पुगेका थिए। अज्ञात कन्जरभेटिभ मानिने उनलाई राष्ट्रिय विधायकहरूले छनोट गरेका थिए।

# नासाको चन्द्रमा अभियानमा महिला अन्तरिक्ष यात्री पर्ने !



वासिङ्टन, (एजेन्सी)

नासाका जोन्सन स्पेस सेन्टरका निर्देशक डाक्टर एलेन ओचोआले नासासँग रहेका सक्रिय ३ अन्तरिक्ष यात्रीमा १ महिला भएको जानकारी दिएका छन्। त्यसैले यसै शताब्दिमा चन्द्रमामा अर्को कदम कुनै महिलाको हुने सम्भावना एक तिहाइ रहेको उनले बताए।

सन् १९६० मा नासाले चन्द्रमामा महिलालाई पठाउने उसको कुनै योजना नभएको बताउँदै महिलाको दरखास्त अस्वीकार गरेको थियो। अस्वीकृत हुनेमा अमेरिकाकी पूर्वविदेशमन्त्री हिलारी क्लिन्टन पनि परेकी थिइन्।

चन्द्रमाको आगामी मानव अभियानमा महिला अन्तरिक्ष यात्रीको सम्भावना खुला रहेको बताउँदै ओचोआले यदि त्यस्तो भएमा सन् १९७० को चन्द्रमा यात्रामा पुरुषपछि अब महिला यात्री हुने बताए।

सन् १९८३ मा अन्तरिक्षमा जाने पहिलो अमेरिकी अन्तरिक्ष यात्री सेली राइड थिइन्। सन् २०१३ मा पनि नासाले ८ जना अन्तरिक्ष यात्रीको कक्षामा आधा महिला भएको घोषणा गरेका थिए।

**रूस-अमेरिकी सम्बन्धको अभियानमा प्रभाव**

ट्रम्प र रुस सम्बन्धको जाँचले अमेरिका र रुसबीच तनावको स्थिति रहेको छ। संयुक्त अभियानमा पर्न सक्ने यसको प्रभावका विषयमा ओचोआले भने- 'यसको अन्तर्राष्ट्रिय अन्तरिक्ष केन्द्र (आईएसएस) मा दुई देशको सम्बन्धले कुनै असर पर्ने छैन। दुवै देशले एउटा ठूलो लक्ष्यलाई केन्द्रित गरी काम गरिरहेका छन् र यो अत्यन्त सहयोगी बनेको छ।

चन्द्रमामा पुनः मानव पठाउने अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको फैसला हानीकारक हुन सक्ने ओचोआले स्वीकार गरे। उनले भने- 'आफ्नो लक्ष्यतर्फ स्थिरतापूर्वक बढिरहने हो भने कर तिर्नेको पैसाको सही प्रयोग कसरी हुन्छ भन्ने कुरा गर्न सकिन्छ।'

नासाले पहिलेदेखि नै चन्द्रमा र त्यसको नजिकको यात्रा अभियान योजना बुनिरहेको र त्यसबाट मंगल ग्रहमा मानव पठाउने तयारी गर्ने सोचमा रहेको उनले बताए।

**अन्तरिक्ष यात्री बन्न चाहन्थिन् हिलारी क्लिन्टन**

अमेरिकी पूर्वविदेशमन्त्री हिलारी क्लिन्टनले आफ्नो किताब र भाषणहरूमा धेरैपटक आफू अन्तरिक्ष यात्री बनेर चन्द्रमामा जान चाहेको बताएकी थिइन्। यद्यपि सन् १९६१ मा १४ वर्षको उमेरमा उनले नासालाई पत्र लेखेकी थिइन्। तर, नासाले जवाफमा केटी तथा महिलालाई अन्तरिक्ष यात्रीका रूपमा लिने योजना नभएको लेखेको थियो।

# सिरियामा युद्ध जारी, रसायनिक हतियार प्रयोग

दमास्कस, (एजेन्सी)

युद्ध विराम गर्ने सहमतिलाई लत्याउँदै सिरिया सरकारले विद्रोहीको प्रभाव क्षेत्रमा हवाई हमला जारी राखेको छ। पछिल्लो हमलामा क्लोरिनजस्ता रसायनिक हतियारको पनि प्रयोग गरिएको छ।

राजधानी दमास्कसनजिकको घोउटामा विद्रोही नियन्त्रित क्षेत्रमा सिरियाले बमबारी गर्दा ५ सय ४० भन्दा बढी मानिसको मृत्यु भइसकेको छ। बीबीसीका मध्यपूर्व सम्पादक जेरेमी बोवेनका अनुसार सिरियामा सात वर्षदेखि लडाइँ जारी छ र यस क्रममा युद्धविराम बिरलै मात्र हुने गरेको छ।

आक्रमणमा सिरिया सरकारलाई रुस सरकारले सहयोग गर्दै आएको छ। रुसले भने विद्रोही संगठन जैश अल इस्लामले युद्ध विरामको उल्लंघन गरेको आरोप लगाएको छ।

रुसको यस आरोपमा जैश अल इस्लामका प्रवक्ताले भनेका छन्- 'जब सिरिया सरकारले नै संयुक्त राष्ट्र संघको प्रस्ताव मानिरहेको छैन भने हामी पनि आफ्ना बच्चाहरूसँग हात बाँधेर बस्न सक्दैनौं।'

सिरियामा पछिल्लो हमला सुरक्षा परिषद्मा ३० दिनको संघर्षविरामको प्रस्ताव पारित भएको केही घण्टापछि भएको हो। सिरियामा हवाई र स्थल सैन्य कारबाही जारी छ।

आइतबार मात्र फ्रान्स र जर्मनीले रुससँग सिरिया सरकारलाई युद्धविरामको सम्मान गर्न दबाब दिन आग्रह गरेका थिए।

यसैबीच संयुक्त राष्ट्र संघका महासचिव एन्टोनियो गुटरेसले पूर्वी घोउटाको हालतलाई 'पृथ्वीमा नर्क' जस्तै भएको टिप्पणी गरेका छन्। हवाई र स्थल आक्रमणबाट मृत्यु हुनेहरूको संख्या अधिक छ। आक्रमण भएको क्षेत्रमा लगभग ४ लाख व्यक्ति फसेका छन्।

यसैबीच रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले हिंसाग्रस्त पूर्वी घोउटामा नियमित मानवीय राहत र उद्धार कार्य बन्द गर्ने आदेश दिएका छन्। यो कार्य मंगलबारदेखि पुनः शुरू गरी त्यहाँ फसेका मानिसहरूलाई सुरक्षित गन्तव्यमा लगिने पनि बताइएको छ।



# अन्तर्राष्ट्रिय सहयोगको आह्वान



ट्रिपोली, (एजेन्सी)

लिबियाली प्रधानमन्त्री फायेज सेर्राजले लिबियाली सरकारलाई सहयोगका लागि सोमवार अन्तर्राष्ट्रिय जगत्समक्ष सोमबार आग्रह गरेका छन्। अन्तर्राष्ट्रिय संघ संगठनबीचको सहयोग र समन्वयमा जोड दिँदै उनले सबै अन्तर्राष्ट्रिय समुदायसँग लिबियाका लागि सहयोगको आग्रह गरेको सरकारी सञ्चारमाध्यमले जनाएको छ।

उनले लिबियाली सरकार र अन्तर्राष्ट्रिय संगठनबीचको सहयोग र सम्पर्कले लिबियाको विकास र स्थायित्वमा सहयोग पुग्ने धारणा व्यक्त गरेका छन्। संयुक्त राष्ट्रसंघको समर्थनमा प्रधानमन्त्री बनेका उनले सामाजिक मर्यादाका लागि पनि यो सहयोग र समन्वय कायम रहने बताएका हुन्।

लिबियाका लागि संयुक्त राष्ट्रसंघको सहयोग मिसनका उपविशेष प्रतिनिधि र उपप्रमुखसँग राजधानी त्रिपोलीमा भएको छलफलमा सेर्राजले सो आह्वान गरेका हुन्। लिबियाको राजनीतिक र आर्थिक अवस्थाको विकासमा संयुक्त राष्ट्रसंघको भूमिकाको विषयमा यो छलफल जारी रहेको पनि बताइएको छ।

यसबाट लिबियाको सेवाग्राही कार्यक्षेत्रमा जारी द्वन्द्व र कठिनाइलाई कम गर्ने प्रधानमन्त्रीको सञ्चार कार्यालयद्वारा जारी विज्ञप्तिमा जनाइएको छ। लिबियामा सन् २०११ मा तत्कालीन राष्ट्रपति मोमर गद्दाफी अपदस्थ भएयता विभिन्न समूहमा विभाजित राजनीति समूहका कारण अस्थिरता उत्पन्न भएको छ।

# तालिवानी तालिम केन्द्रमा भीषाण हमला

काबुल, (एजेन्सी)

अफगानिस्तानको सरकारी फौजले सोमबार इस्लामिक लडाकू समूह तालिवानको नियन्त्रणमा रहेको तिनीहरूको एउटा तालिमकेन्द्रमा आक्रमण गरी ध्वस्त पारिदिएको सरकारी सूत्रले जनाएको छ। अफगान फौजको नेतृत्वको एक समूहले बादख्शान प्रान्तको वार्डोज जिल्लामा तालिवान लक्षित सो कारबाही गरेको अफगानिस्तानको गृह मन्त्रालयद्वारा प्रकाशित एक विज्ञप्तिमा जनाइएको छ।

त्यस केन्द्रमा तालिवानले भण्डार गरेका असंख्य बम र हातहतियार सेनाको कारबाहीका क्रममा ध्वस्त भएको र त्यहाँ रहेका ठूलो संख्याका तालिवान लडाकू भागेका सो मन्त्रालयले जानकारी दिएको छ। त्यसैगरी यस कारबाहीको क्रममा तालिवानका १४ जना सशस्त्र लडाकू पनि मारिएको समाचारमा जनाइएको छ। अफगान सुरक्षा अधिकारीहरूलाई तालिवानविरुद्धको कारबाहीमा केही महिनायता अमेरिकी र उत्तर एटलान्टिक सन्धि संगठन (नेटो) आबद्ध संयुक्त फौजले स्थल र हवाई कारबाहीमा सहयोग गर्दै आएका छन्।

तालिवानका तर्फबाट सरकारी अधिकारी र सुरक्षाबललक्षित आक्रमण केही महिनायता बढ्न थालेपछि अमेरिकी र नेटो आबद्ध संयुक्त सेनाले पुनः तालिवानमाथि कारबाही शुरू गरेका छन्। यसैबीच अफगानिस्तानको पार्वान प्रान्तको प्रान्तीय राजधानी चरिकारबाट करिब ५० किलोमिटर टाढा रहेको सियागुद जिल्लामा गरिएको सुरक्षा कारबाहीमा केही सशस्त्र लडाकूको मृत्यु भएको पनि सरकारी अधिकारीहरूले बताएका छन्।

यस कारबाहीको विषयमा अहिलेसम्म तालिवान समूहले भने कुनै टिप्पणी गरेको छैन। त्यसैबीच अफगानी गृह मन्त्रालयले सो क्षेत्रमा ठूलो संख्यामा तालिवानको ज्यान गएको अनुमान गरिएको जानकारी दिएको छ।



# १६ तुर्केली महिलालाई मृत्युदण्डको सजाय




बग्दाद, (एजेन्सी)

इराकको एउटा अदालतले इस्लामिक स्टेट्स (आईएस) समूहसँग आबद्ध रहेको अभियोगमा टर्कीका १६ महिलालाई मृत्युदण्डको सजाय सुनाइएको सो अदालतका प्रवक्ता अब्दुल सत्तार अलले बताएका छन्। इराकको सर्वोच्च न्याय परिषद्का प्रवक्ताका अनुसार ती महिलाले आईएस लडाकूसँग विवाह गरेका र तिनीहरूलाई आवश्यक सहयोग गरेको आरोप लगाइएको छ।

न्यायाधीशका अनुसार ती महिलाहरूले आईएस लडाकूहरूसँग बिहे गरेको र आवश्यक सामग्री उपलब्ध गराएर लडाकूहरूलाई आक्रमणका लागि सघाएको स्वीकारेका छन्। ती महिलाहरूको उमेर २० देखि ५० वर्षसम्मको रहेको र तिनीहरूलाई कालो पोसाकमा अघिल्लो दिन राजधानी बग्दादस्थित फौजदारी अदालतमा उपस्थित गराइएको थियो।

ती १६ महिलामध्ये चार जनाको स-साना बालबालिका पनि रहेका बताइएको छ। आईएस लडाकूहरूको आफन्त भएको आशंकामा यसअघि कम्तीमा ५ सय ६० जना महिला र ६ सय बालबालिका इराकमा पक्राउ परेका एएफपी समाचार समितिले जानकारी दिएको थियो।

यसैगरी सन् २०१७ मा मोसुल शहरका लागि भएको लडाइँमा आईएस पक्षबाट लडेको आरोपमा गत जनवरीमा एकजना जर्मन महिलालाई मृत्युदण्ड सुनाइएको थियो। यसै महिनाको शुरूमा पनि टर्कीकी एक महिलालाई मृत्युदण्ड दिइएको थियो भने अन्य १० जनालाई आजीवन कारावासको सजाय सुनाइएको थियो।

राज्यका अन्य अंगको स्वैच्छाचारितालाई निरुत्साहित गर्ने अभियानमा सञ्चार जगत्‌को अभिभावकको रूपमा हेरिने सम्मानित न्यायालयको नेतृत्व प्रतिशोधको भावना लिएर प्रेस स्वतन्त्रताकै विरुद्ध लाग्ने कुरा कल्पनाभन्दा बाहिरको सोचाइ भएको सोसाइटीले जनाएको छ।

# 'पत्रकार बन्धु को-को बन्लान् मन्त्री?'

दीपेन्द्र थापा, काठमाडौं

मन्त्रिमण्डल विस्तार हुने भएपछि सोमबार बिहानैबाट सिंहदरबारमा अरू दिनको भन्दा भिन्नै चहलपहल थियो। सरोकारवालाहरू कुन कुन मन्त्री आउलान् भनेर समाचार खोज्न मोबाइल र कम्प्युटरको माउस चलाउँदै अनलाइनमा व्यस्त देखिन्थे। खासगरी विभिन्न मन्त्रालयका कर्मचारीहरूलाई यसमा बढी चासो देखिन्थ्यो। उनीहरू त मन्त्रीको टुंगो लागेर शपथ लिएपछि आ-आफ्नो मन्त्रालय सम्हाल्न आउलान् र स्वागतका लागि तैनाथ हुनुपर्ला भनेर सर्तक देखिन्थे। त्यही भएर होला उनीहरू प्रश्न सोध्थे- 'पत्रकार बन्धु को को बन्लान् मन्त्री?'

कुनै कुनै मन्त्रालयका कर्मचारी त मन्त्रीमा चर्चा चलेका व्यक्तिलाई फोन गरेर सोधेको गफ लगाउँथे। एकपछि अर्का कर्मचारी मन्त्रालय आउने क्रम जारी रहेको थियो।

एक कर्मचारी भन्दै थिए- 'आज कुर्नु मात्र पर्न हो कि पहिला नि खै पर्खंदा पर्खंदा रातिको १० नै बजेको थियो, आज नि त्यस्तै हुने हो कि?' अर्का कर्मचारी हाँस्दै फोनमा सुनाउँदै थिए- 'खै आज फूल ओइलाउने हो कि! फ्रिजमा राख्नुपर्ला।'

पंक्तिकार पर्यटनबाट अर्थमन्त्रालय पुग्दा पनि त्यस्तै चर्चा, परिचर्चा थियो। कर्मचारी यसैमा गफिरहेका थिए। राजस्व सचिवले एकपछि मन्त्री आउँदै हुनुहुन्छ भनेपछि पछिचाहिँ धेरैलाई विश्वास भएको थियो।

यसैबीच केही मन्त्रीको टुङ्गो पनि लागेछ। शपथ पनि भएछ। मन्त्रीहरूले ४ बजेर ३० मिनेटमा मन्त्रालय सम्हाल्ने निधो पनि भएछ। 'माथि' बाट निर्देशन आएपछि ती मन्त्रालय मातहतका निकाय र विभाग, कार्यलय, बोर्डका कर्मचारीलाई स्वागतका लागि तयारी हुन भ्याई नभ्याई भयो। सहसचिव, उपसचिवहरू अधिकृतस्तरका कर्मचारीलाई जम्मा हुन आदेश दिँदै थिए। सबै कर्मचारी हस्याङ फस्याङ गर्दै उनीहरू मन्त्रीको स्वागतका लागि तैनाथ भए।

उनीहरूले जानकारी दिँदै गरेको सुनिन्थ्यो- 'कोही सबै व्यवस्थापन गर्दै छौं, कोही मन्त्री ज्यूको साजसज्जामा लाग्नुभएको छ, कोही सरसफाइमा त कोहीलाई फूल ल्याउन पठाइएको छ।' कुर्दा कुर्दै अर्थमन्त्री युवराज खतिवडा अर्थ सचिवसँगै मन्त्रालय आउनुभयो। स्वागत लिएर हाँस्दै भन्नुभयो- 'म पनि फूल लिएर धेरै जनाको स्वागतमा बसें, धरै समय बिताएँ, २५ वर्षपछि पालो आयो। तपाईंहरूको पनि पालो आउँछ सबैको ब्राइट फ्युचर छ।'

यसरी विभिन्न मन्त्रालयका कर्मचारीको दिनचर्या सोमबार को मन्त्री बन्ला र स्वागतका लागि कति बेलासम्म बस्नुपर्ला भनेरै बितेको थियो।

# लोकतन्त्रका लागि चुनौती

ललितपुर, (नेस)

राष्ट्रिय एकता, शान्ति र सद्भावका लागि सबै नेपालीले शान्ति र न्यायको अनुभूत गर्न पाउने अवस्था निर्माण गर्नुपर्नेमा एक कार्यक्रमका वक्ताहरूले जोड दिएका छन्।

राष्ट्रिय बौद्धिक केन्द्रले ललितपुरमा आयोजना गरेको अहिलेको नेपालको सन्दर्भमा राष्ट्रिय एकता विषयक विचार गोष्ठीमा बोल्दै उनीहरूले सो कुरामा जोड दिएका हुन्।

सो अवसरमा पूर्वप्रधानन्यायाधीश कल्याण श्रेष्ठले मुलुकमा सर्वसाधारण जनताले अझै न्याय नपाइरहेको स्थिति लोकतन्त्रका लागि चुनौती रहेको धारणा राख्नुभएको छ। 'राष्ट्रिय एकता, न्याय, शान्ति जस्ता शब्दहरू अहिले खोक्रो बनाइएको छ। यसो हुनुलाई दुर्भाग्य मान्नुपर्दछ,' -उहाँले भन्नुभयो। मुलुकमा अन्याय, विभेद र असमानता यथावत राखेर लोकतन्त्रको लक्ष्य प्राप्त गर्न नसक्ने पनि उहाँको ठहर रहेको छ।

राष्ट्रिय सभाका सदस्य वृषेशचन्द्र लालले संविधानले एक नेपाली र अर्को नेपालीबीच भइरहेको विभेदलाई संस्थागत गरेको बताउँदै संविधानलाई स्वीकार्य बनाउन संशोधन आवश्यक रहेको धारणा राख्नुभयो।

सो अवसरमा त्रिविका पूर्वउपकुलपति तथा पूर्वराजदूत केदारभक्त माथेमाले शिक्षा, स्वास्थ्यमा सबै नेपालीको पहुँचले नै लोकतन्त्रको संस्थागत गर्ने धारणा राख्नुभयो। 'नेपालीहरूले आफ्नै परिवेश, समाज, सभ्यता, संस्कृति बुझ्ने शिक्षा आजको खाँचो रहेको छ।' -उहाँले भन्नुभयो।

नेकपा एमालेका केन्द्रीय सदस्य रूपनारायण श्रेष्ठले जनताको बलिदानीबाट प्राप्त संघीयता, गणतन्त्र र लोकतन्त्रको मर्मलाई आत्मसात् गरेर मुलुकलाई समृद्धि र संघीयताको दिशामा डोहऱ्याउनुपर्नेमा जोड दिनुभयो।

संघीय समाजवादी फोरम नेपालका केन्द्रीय सदस्य रेखा यादवले सबै नेपालीलाई राज्यसत्तामा बराबर हिस्सेदारी नबाएसम्म मुलुक शान्ति र समृद्धिको बाटोमा नजाने बताउनुभयो। 'मधेसीलगायत बहुसंख्यक जनताले राज्यले विभेद, बहिष्करणमा पारेको अनुभूत गर्दै आएको छ। यसलाई मनदेखि हटाएर समानताको अनुभूत गराउन राज्यको चरित्रलाई परिर्वतन गर्नुपर्ने खाँचो छ।' -उहाँले भन्नुभयो।

केन्द्रका अध्यक्ष पवनलाल श्रीवास्तवले राजनैतिक दलहरू आ-आफ्ना स्वार्थमा अल्झिराखेमा मुलुक समृद्ध र राष्ट्रिय एकता सुदृढ नहुने बताउँदै भन्नुभयो- 'राष्ट्रिय एकताबिना मुलुकको अस्तित्व नै समाप्त हुनेछ। सबै जातजाति नागरिक र विभिन्न दल, नेता-कार्यकता राष्ट्रिय एकता जगेर्नाका लागि एक हुनुपर्दछ।'

# संसारकै नमुना प्रहरी बनाउँछु : गृहमन्त्री थापा

काठमाडौं, (नेस)

गृहमन्त्री रामबहादुर थापा 'बादल' ले नेपालको प्रहरी प्रशासनलाई संसारकै नमुना प्रहरी प्रशासन बनाउने बताउनुभएको छ।

मन्त्रालयमा सोमबार पदवहालीपछि मातहतका कर्मचारी र सुरक्षाकर्मीलाई निर्देशन दिँदै उहाँले मुलुकको समृद्धिका लागि शान्ति सुरक्षा र सुशासन पहिलो सर्त भएको बताउनुभयो।

सो अवसरमा गृहमन्त्री थापाले आफ्नो क्षमताले भ्याएसम्म काम गर्ने प्रतिबद्धता जनाउँदै यसका लागि सबैको सहयोगको अपेक्षा गर्नुभयो। यसअघिका राम्रा कामलाई निरन्तरता दिई सकारात्मक कामको अनुशरण गर्ने स्पष्ट पार्दै उहाँले कर्मचारी र सुरक्षाकर्मीको वृत्ति विकासमा पनि ध्यान दिने धारणा राख्नुभयो।

यता रक्षामन्त्री ईश्वर पोखरेलले पनि सोमबार नै पदभार ग्रहण गर्नुभएको छ। उहाँले मन्त्रालयमा पदभार ग्रहण गर्दै नेपाली सेना र भारती सेनाबीच भारतको पिथौरागढ हुने संयुक्त सैनिक अभ्यास सूर्यकिरणको फाइल सदर गर्नुभयो।

# प्रेस स्वतन्त्रता कुण्ठित हुन सक्ने संकेत

काठमाडौं, (नेस)

नेपाल मिडिया सोसाइटीले संविधानको मौलिक हकअन्तर्गत सञ्चार हकको समेत अपव्याख्याले प्रेस स्वतन्त्रता कुण्ठित हुन सक्ने जनाएको छ।

हालै कान्तिपुर दैनिकमाथि सर्वोच्च अदालतमा चलिरहेको मानहानीको मुद्दालगायत केही घटनाक्रममा सर्वोच्चको नेतृत्व न्यायका सार्वभौम मान्यताविपरीत रहेको देखिएको सोसाइटीद्वारा सोमबार जारी विज्ञप्तिमा जनाइएको छ।

राज्यका अन्य अंगको स्वैच्छाचारितालाई निरुत्साहित गर्ने अभियानमा सञ्चार जगत्‌को अभिभावकको रूपमा हेरिने सम्मानित न्यायालयको नेतृत्व प्रतिशोधको भावना लिएर प्रेस स्वतन्त्रताकै विरुद्ध लाग्ने कुरा कल्पनाभन्दा बाहिरको सोचाइ भएको सोसाइटीले जनाएको छ।

सोसाइटीले आइतबार सार्वजनिक भएको कान्तिपुर दैनिकका विषयमा गरिएको आदेशमा उल्लेख गरिएको प्रेस काउन्सिललाई मिडियामाथि कारबाही गर्न दिएको अन्तरिम आदेश र संविधानको धारा १९ का विषयमा गरिएको पूर्वसेन्सरसिपलाई स्थापित गर्ने खालको व्याख्या तत्काल सच्याउन माग गरेको छ।

अकुण्ठित प्रेस स्वतन्त्रताका पक्षमा सम्मानित न्यायालयले आफ्नो व्यावहारिक प्रतिबद्धता जाहेर गर्नेमा आफ्नो विश्वास रहेको जनाइएको छ। सोसाइटीले सदाझैं प्रेस स्वतन्त्रताको पक्षमा उभिएर जनतालाई सुसूचित गर्दै जनताका प्रतिनिधिले बनाएको संविधानको मर्मअनुसार सबै निकायलाई चल्न र सोहीअनुरूपको लोकतान्त्रिक व्यवहार गर्नसमेत सम्बन्धित सबै निकायलाई आग्रह गरेको छ।

# नेपाल ल क्याम्पसमा अनावश्यक असुली

काठमाडौं, (नेस)

नेपाल ल क्याम्पस प्रदर्शनीमार्गले विद्यार्थीसँग अनावश्यक शुल्क असुल गरेको पाइएको छ। अनावश्यक शुल्क असुल गरेको भन्दै विद्यार्थीले विरोध जनाएपछि अनावश्यक असुली भएको खुलेको हो।

क्याम्पसले त्यहाँ कानुन विषय पढ्न भर्ना भएका विद्यार्थीसँग मनपरी शुल्क तय गरेको बताइन्छ। क्याम्पस प्रशासनले विभिन्न शीर्षकमा अनावश्यक शुल्क उठाउने कार्य गरिरहेको ३ वर्षे स्नातक दोस्रो वर्षमा अध्ययनरत एक विद्यार्थीले आरोप लगाए। उनले भने- 'क्याम्पसले हामी विद्यार्थीसँग अनावश्यक रकम असुल गरिरहेको छ। यो सीधै ठगी र भ्रष्टाचार हो।'

उनले हालसम्म तिरिरहेको बिलमा ल रिभ्यु, औषधि शुल्क, खेलकुद शुल्क, विद्यार्थी कल्याणकारी कोष शुल्कमा मनपरी गरेको आशंका गर्दै विरोध जनाए। बित्रलमा उल्लेख गरिएको औषधि शुल्क शंका लागेको भन्दै उनले भने- 'बिलमा मात्रै रकम तिरेको हो। क्याम्पसमा सिटामोल राखेको पनि देखिदनँ।'

क्याम्पसका उपप्रशासक उर्मिला शर्माले विद्यार्थीले भर्ना हुँदाका क्रममा तिर्ने रकममा केही शंका नरहेको बताए। उनले विद्यार्थीलाई शंका नगर्न आह्वान गर्दै भने- 'फि लिने बेला मनपरी ढंगले लिएको छैन। शंका नगर्नुस्। एक-एक हिसाबकिताब क्याम्पससँग छ।' उनले क्याम्पसमा विद्यार्थीको स्वास्थ्यलाई मध्यनजर गर्दै एक जनाको हेल्थ असिस्टेन्ट त्रिभुवन विश्वविद्यालयकै दरबन्दीमा राख्न बारबार ताकेता गरे पनि नपाएको गुनासो गरिन्।

उनले क्याम्पसमा खेल खेल्ने ठाउँ नभए पनि खेलकुद शुल्क लिनुपर्ने त्रिविको नियमअनुसार लिएकाले यसबारे पुनर्विचार गर्न क्याम्पस प्रमुखसँग कुरा राखेको बताइन्। यता क्याम्पसको जुनै तहको बिलमा उल्लेख हुने विविध शुल्कका बारेमा आर्थिक उपनियन्त्रक रोशनी चित्रकारले खुलाउन नहुने रकमहरू यसै शीर्षक दिएर विद्यार्थीसँग रकम लिएको बताइन्।

## २२२ स्कुलको...

नमुना विद्यालयमा सय जना विद्यार्थी अट्ने छुट्टाछुट्टै छात्र र छात्रा होस्टल, प्रअ र शिक्षकका लागि प्रशासन भवन, विज्ञान, कम्प्युटर र कलाको ल्याब, पुस्तकालय, स्वाथ्य सुविधा भएको ट्रिटमेन्ट रुम, परामर्श कक्ष, व्यावसायिक कक्ष, चेन्जिङ रुमको सहितको शौचालय, क्यान्टिन, किचेन, अत्याधुनिक कक्षा कोठा, खानेपानी, खेलमैदान, सोलार ब्याकअप, बगैंचा, स्कुलको संग्रहालयलगायतका अनिवार्य सुविधासहितको संरचना हुनुपर्ने व्यवस्था छ।

होस्टलसहितको नमुना विद्यालयलाई विद्यालय विकास कार्यक्रम एसएसडीपी योजनाले सहयोग गर्नेछ। विभागले ७ सय ४४ वटै स्थानीय तहमा एक-एक वटा नमुना विद्यालय बनाउने गरी तयारी गरेको नमुना विद्यालय निर्देशिकामा भूकम्प अति प्रभावितदेखि विद्यार्थी संख्या बढी भएका विद्यालयसम्मलाई नमुना विद्यालय बनाउने योजना तय छ।

नमुना विद्यालयको रूपमा छनोट भएपछि ती विद्यालयमा विज्ञान, गणित र अंग्रेजी शिक्षक उपलब्ध गराइनेछ भने करारमा प्रधानाध्यापक नियुक्ति गरिने प्रावधान राखिएको छ। नमुना विद्यालय एउटै मोडलमा आधारित हुनेछ। विद्यार्थीको संख्या र भौतिक अवस्थाको आधारमा छनोट गरिएको नमुना विद्यालयको ढाँचा तय भएपछि विभागले बजेट उपलब्ध गराउनेछ।

## आत्मसमर्पण...

कैलालीको टीकापुर घटनाका मुख्य आरोपी चौधरीले सोमबार बिहान जिल्ला अदालत कैलालीमा आत्मसमर्पण गरेका थिए। लामो समयदेखि फरार रहेका चौधरीसँग अदालतले सोमबार नै बयान लिएको थियो।

प्रहरीको फरार सूचीमा रहेका चौधरीले वारेसमार्फत राष्ट्रिय जनता पार्टीबाट उम्मेदवारी दिएका थिए। प्रतिनिधिसभा सदस्यमा जितेपछि उनले वारेसमार्फत नै प्रमाणपत्र पाउनुपर्ने माग गर्दै सर्वोच्चमा रिट दर्ता गराएका थिए। अदालतले वारेसमार्फत प्रमाणपत्र दिन नमिल्ने आदेश गरेको थियो। स्मरणीय छ, २०७२ भदौ ७ गते थरुहट आन्दोलनका क्रममा कैलालीको टीकापुरमा नेपाल प्रहरीका प्रहरी वरिष्ठ उपरीक्षक (एसएसपी) लक्ष्मण न्यौपानेसहित सात सुरक्षाकर्मी र एक बालकको ज्यान गएको थियो।

# मेड्रिड र काठमाडौंबीच भगिनी सम्बन्ध

नेपाल समाचारपत्र

काठमाडौं

स्पेनको मेड्रिड र नेपालको काठमाडौं महानगरपालिकाबीच भगिनी सम्बन्ध स्थापना भएको छ। वसन्तपुर नासल चोकमा सोमबार आयोजना गरिएको समारोहमा काठमाडौंका मेयर विद्यासुन्दर शाक्य र मेड्रिड शहरका उपप्रमुख लुइस कार्लोस क्युटोले भगिनी सम्बन्ध स्थापनासम्बन्धी सहमति-पत्रमा हस्ताक्षर गर्नुभयो।

समारोहलाई सम्बोधन गर्दै महानगरका प्रमुख विद्यासुन्दर शाक्यले दुई नगरबीचको सम्बन्धबाट आपसी हित, आर्थिक, सामाजिक, लैङ्गिक तथा सांस्कृतिक क्षेत्रमा सहयोग आदान-प्रदान हुने विश्वास व्यक्त गर्नुभयो। 'यस सम्बन्धबाट दुई शहरका नागरिकले सूचना सञ्चार तथा सूचना प्रविधि, पर्यटन, पूर्वाधार विकास, क्षमता विकास, सामाजिक संस्कारको आदान-प्रदानमा लाभ लिन सक्नेछन्।' -मेयर शाक्यको भनाइ थियो।

सो समारोहमा बोल्दै मेड्रिडका नगरका उपप्रमुख क्युटोले दुई ठूला राजधानी शहरबीचको सम्बन्धबाट नगरका नागरिकलाई मात्र नभई दुवै देशका लागि फाइदा पुग्ने बताउनुभयो। उहाँको भनाइ थियो- 'दुई नगरकाबीच नगरबासी तथा समुदायलाई फाइदा पुग्ने गरी शिक्षा, कला-संस्कृतिको आदान-प्रदान, व्यापार प्रवर्द्धनका क्षेत्रमा काम हुनेछ।' सोही अवसरमा धारणा राख्दै महानगरका प्रमुख प्रशासकीय अधिकृत धनीराम शर्माले भगिनी सम्बन्ध दिगो रहने धारणा राख्दै दुई नगरबीचको सम्बन्ध सीमाविहीन हुनुपर्ने बताउनुभयो।

हार्दिक श्रद्धाञ्जली

जन्म : १९७४



स्वर्गारोहण : २०७४/११/०३

स्व. सेतलाल भण्डारी

सहायक रथी गणेशबहादुर भण्डारी (अ.प्रा.)का पुजनीय पिता

सेतलाल भण्डारीको

१०० वर्षको उमेरमा असामयीक निधनले हामी स्तब्ध भएका छौं। यस दुःखद घडीमा उहाँको मृत आत्माको चिरशान्तिको कामना गर्दै शोक सन्तप्त परिवारमा धैर्य धारण गर्ने शक्ति मिलोस् भनी भगवान्‌सँग प्रार्थना गर्दै हार्दिक समवेदना प्रकट गर्दछौं।

| | |
|---|---|
| महारथी प्रधान सेनापती राजेन्द्र क्षेत्री | प्रमोद दाहाल |
| देवेन्द्र गोपाल श्रेष्ठ | कृष्ण जिरेल |
| विनोद शंकर पालिखे | सुमन जिरेल |
| शेखर पौडेल | देव प्रसाद योगी |
| प्रेमराज कार्की | प्रेम लामा |
| कृष्ण कमल अधिकारी | हेमन्त काफ्ले |
| नारायण पौडेल | कुमार बाबु शिवाकोटी |
| देवीराज शर्मा | आसिष के.सी. |
| सतिस विक्रम शाह | बलमान पुन |
| शैलेन्द्र कुमार श्रेष्ठ | प्रकाश मोहन धौभडेल |
| थानेश्वर राई | मुकुन्द दाहाल |
| शैलेन्द्र खनाल | प्रकाश श्रेष्ठ |
| गगन विष्ट | कुमार श्रेष्ठ |
| समिरजंग शाह | निरञ्जन राजवंशी |
| अजय बम | |

केदारबाबु शिवाकोटी
तथा
राष्ट्रिय पारा ओलिम्पिक कमिटी, परिवार

Malangawa Municipality
Office of the Municipal Executive
Malangawa, Sarlahi
Province No.: 2

**Invitation for Bids**

First Date of Publication: 2074/11/15 (2018-02-27 AD)

1. Malangwa Municipality invites sealed bids from eligible bidders for the work description specified in the table below under National Competitive Bidding procedures. Bidding is open to all eligible Nepalese Bidders.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Malangawa Municipality, Malangwa Sarlahi. A complete set of Bidding Documents may be purchased from the office by eligible Bidders on the submission of a written application. along with the copy of company/firm registration certificate and upon payment of a non-refundable fee of 3000.00 till 2074/12/14.
3. Sealed bids must be submitted to the office Malangwa Municipality, Malangawa Sarlahi by hand/courier on or before 1200 Hours on 2074/12/15. Bids received after this deadline will be rejected.
4. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 1400 Hours on 2074/12/15 at the office of Malangwa Municipality. Malangwa Sarlahi. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security, amounting to a minimum of specified in the table below, which shall be valid for 30 days beyond the validity period of the bid.
   **Information to deposit the bid security amount in Bank:**
   **Name of the Bank:** Nepal Bank Limited Malangwa Sarlahi
   **Name of Office:** Malangwa Municipality, Malangwa Sarlahi
   **Office Account No. (Dharauti Khata):** 02903000000003000100
5. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
6. Construction period shall be before 31st of Jestha 2075.

| S. No. | Contract ID No. | Description of work | Estimated Amount. Nrs. (without VAT & Contingencies) | Bid Security Amount Nrs. |
|---|---|---|---|---|
| 1 | M1w/BADP/NCB/ Works/01-2074/075 | Construction of Brick Masonry Drain on the both sides of existing PCC Road at ward No. 1 | 5,217,291.74 | 1,30,000.00 |
| 2 | M1w/BADP/NCB/ Works/02-2074/075 | Expansion of existing PCC Road on the both sides and construction of RCC Slab cover for drain at wad No. 1 | 5,217,150.59 | 1,30,000.00 |
| 3 | M1w/BADP/NCB/ Works/03-2074/075 | Construction of Black Topped Road at ward No. 2 | 2,608,655.33 | 65,000.00 |
| 4 | M1w/BADP/NCB/ Works/04-2074/075 | Construction of Black Topped Road at ward No. 8 | 2,173,285,25 | 55,000.00 |

**Chief Administrative Officer**



# अर्थ

परिसूचक घटे पनि कारोबार रकम अघिल्लो दिनको तुलनामा बढेको छ। १ सय ५१ वटा कम्पनीको १४ लाख ३८ हजार आठ सय ८६ कित्ता खरिद बिक्रीबाट ५५ करोड २४ लाख २० हजार दुई सय ७० रुपियाँ बराबरको कारोबार भएको छ।

2018, FEB
Tuesday
27


## हिमाल स्टील आजको भाउ

ज्योति

| | टोरस्टिल | | | टि. एम. टि. टेम्पकोर | | | टोरकारी | एनिल्ड |
|---|---|---|---|---|---|---|---|---|
| | ८ मि.मि. | १०-२० मि.मि. | २५-३२ मि.मि. | ८ मि.मि | १०-२० मि.मि | २५-३२ मि.मि. | ४.७५-७ मि.मि. | |
| काठमाडौं | ८१.३५ | ८०.३५ | ८२.८५ | ८१.८५ | ७८.८५ | ८१.३५ | ८१.१५ | ९०.७२ |
| बीरगंज | ७९.४५ | ७८.४५ | ८०.९४ | ७९.९५ | ७६.९५ | ७९.४४ | ७९.२५ | ८८.९२ |
| विराटनगर | ७९.९५ | ७८.९५ | ८१.४४ | ८०.४५ | ७७.४५ | ७९.९४ | ७९.७५ | ८९.५२ |

• अन्त: शुल्क/भ्याट बाहेक प्रति किलो मूल्य • १००० के.जी. माथि नेपालभरि फ्रि होम डेलिभरी
• अन्य ठाउँको मूल्य नजीकको डिपोबाट लिनु होला । तौलमा हुक र चुरा समावेश छ ।

RHINO 500D
GUARANTEED DUCTILITY

## बिक्री मूल्य रू. प्रति किलोग्राम

| स्थानहरू | राईनो स्टील | | | |
|---|---|---|---|---|
| | ८ एम.एम | १०-२० एम.एम | २५ एम.एम | २८-३२ एम.एम |
| काठमाडौं, भक्तपुर, ललितपुर, बनेपा | ८५ | ८२ | ८५ | ८५ |
| सिमरा, वीरगञ्ज, कलैया, हेटौंडा | ८३।४० | ८०।४० | ८३।४० | ८३।४० |
| मलंगवा, जनकपुर, नारायणघाट | ८४ | ८१ | ८४ | ८४ |
| लाहान, विराटनगर, धरान, इटहरी, बुटवल, भैरहवा, कृष्णनगर | ८४ | ८१ | ८४ | ८४ |
| विर्तामोड, दमक, नेपालगञ्ज, धनगढी | ८५ | ८२ | ८५ | ८५ |
| पोखरा, स्याङ्जा | ८५ | ८२ | ८५ | ८५ |

नोटः उपरोक्त मूल्यमा १ रुपैयाँ प्रति के. जी. अन्तशुल्क र १३% मु.अ.कर थप लाग्नेछ।
नेपालमा पहिलो पटक, नेपालकै लागि

Available at : Samakhushi (01-4384786), Sanobharang (9841356008), Satungal (9841687562), Dhumbarai (01-4446169), Sanepa (01-5555259, 01-5525049 ), Bhaktapur (01-6616205), Banepa (9851054994), NGT (056-570695), Parsa Chitwan (9855055795), Bardibas (044-550702), Birtamode (9842871718), Balkhu (01-4450166, 9851120096), Pokhara (9845494757), Gwarko (01-5200333, 9851027694), Dakshindhoka, Jorpati (9851007467), Sallaghari (9851118515), Janakpur (9844104194, 9854020183, 9854026965), Birgunj (9855025151), Sitapaila (9851133746), Kalanki (9851152480), Melamchi (9851058093), Sukute (9851089323), Dharan (9852056372), Biratnagar (9852020186, 9842360444), Itahari (9852020953), Hetauda (9855067550, 9845030450)


## विनिमय दर

नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग
२०७४ फागुन ११, फेब्रुअरी २३, २०१८

### खुला बजार विनिमय दर नेपाल राष्ट्र बैंकको

| | खरिद दर | बिक्री दर |
|---|---|---|
| भारतीय रूपियाँ १०० को रू. | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर १ का रू. | १०३।७७ | ११०४।३७ |
| युरो १ को रू. | १२७।४८ | १२८।२२ |
| पाउन्ड स्टर्लिङ १ को रू. | १४४।०० | १४४।८३ |
| स्विस फ्रन्क १ को रू. | ११०।६३ | १११।२७ |
| अस्ट्रेलियन डलर १ को रू. | ८१।१५ | ८१।६२ |
| क्यानाडियन डलर १ को रू. | ८१।७८ | ८२।२५ |
| सिङ्गापुर डलर १ को रू. | ७८।४७ | ७८।९२ |
| जापानी यन १० को रू. | ९।६७ | ९।७२ |
| चिनियाँ युआन १ को रू. | १६।३१ | १६।४१ |
| साउदी अरब रियाल १ को रू. | २७।६७ | २७।८३ |
| कतारी रियाल १ को रू. | २८।५० | २८।६७ |
| थाई भाट १ को रू. | ३।२९ | ३।३१ |
| सं. अरब इमिरट दिराम १ को रू. | २८।२५ | २८।४२ |
| मलसियन रिङ्गिट १ को रू. | २६।४९ | २६।६५ |
| दक्षिण कारियन वन १०० को रू. | ९।५९ | ९।६४ |

#### खरिद दर

| | खरिद दर |
|---|---|
| स्विडिस क्रोनर १ का रू. | १२।७५ |
| डेनिस क्रानर १ का रू. | १७।१२ |
| हङकङ डलर १ का रू. | १३।२६ |

नोट : वर्तमान व्यवस्थाअन्तर्गत वणिज्य बैंकहरूले तोकेका खुला बजार विनिमय दर भने फरक हुन सक्नेछ। चिनियाँ युआन चिनियाँ पर्यटक, नेपाली निर्यातकर्ता तथा आयातकर्ता, चीन भ्रमणमा जाने नेपाली नागरिकहरू र चीनमा अध्ययन गर्ने विद्यार्थीसँग मात्र खरिद/बिक्री गर्न पाइने।

# वित्तीय अनुशासन कायम गर्ने नवनियुक्त अर्थमन्त्रीको प्रतिबद्धता

**नेपाल समाचारपत्र**
काठमाडौं

केन्द्रीय सरकारको अर्थमन्त्रीमा डा. युवराज खतिवडा नियुक्त हुनु भएको छ। राष्ट्रियसभा सदस्यमा मनोनित हुनु भएका खतिवडालाई सांसदको सपथ खुवाउन सर्वोच्च अदालतले अन्तरिम आदेश दिएको भोलिपल्ट उहाँलाई प्रधानमन्त्री केपी शर्मा ओलीले अर्थमन्त्रीमा नियुक्त गर्नुभएको हो।

राष्ट्रियसभाको यात्रामा तत्कालका निम्ति बाधा उत्पन्न भए पनि डा. खतिवडा छ महिनाका लागि ढुक्क अर्थमन्त्री हुनु भएको छ। मन्त्री नियुक्त हुँदा सांसद नभए पनि मन्त्री भएको छ महिनाभित्र सांसद चयन हुनुपर्ने कानुनी व्यवस्था रहेको छ। नेपाल राष्ट्र बैंकमा लामो समय जागिर गर्नु भएका खतिवडा गभर्नरबाट अवकाश पाउनु भएको थियो। त्यसका अलवा पटक-पटक राष्ट्रिय योजना आयोगको सदस्य र उपाध्यक्षसमेत बन्नु भएका उहाँ पछिल्लोपटक नेकपा एमालेको घोषणापत्र निर्माण र वर्तमान सरकार प्राथमिकता तय गर्ने कार्यदलमा रहनु भएको थियो।

दिल्ली स्कुल अफ इकोनमिक्सबाट मौद्रिक अर्थशास्त्रमा विधावारिधी गर्नुभएका डा. खतिवडाले सोमबार पद तथा गोपनीयताको सपथ लिनु लिनुका साथै पदभारसमेत सम्हाल्नु भएको छ। सोमबार पदभार ग्रहणपश्चात उहाँले मान्छेको क्षमता संकटको बेलामा पहिचान हुने बताउँदै आफ्नो कार्यकालमा पाँच वटा एजेन्डामा रहेको बताउनुभयो।

राज्यले निर्दिष्ट गरेको नीति तथा सिद्धान्तमा रहेर वाम गठबन्धनले जारी गरेको प्रतिबद्धता पूरा गर्न बताउनुभयो। उहाँले केही नयाँ कुरा बाहेक हिजोकै कुरालाई नै निरन्तरता दिने उल्लेख गर्नुभयो। देशको आर्थिक नीति कस्तो हुन्छ भनेर अब बहस गर्नु पर्दैन। संविधानमा व्यवस्था भएअनुसारकै आर्थिक नीतिमा चल्ने भन्दै उहाँले अहिले अर्थतन्त्रमा विकृति देखिएको छ, वित्तीय अनुशासन कायम छैन, आर्थिक क्षेत्रमा अनुशासन कायम राख्ने नै मेरो प्रतिबद्धता हो भन्नुभयो।

नवनियुक्त अर्थमन्त्री खतिवडाले भन्नुभयो-'हामीले राष्ट्रिय र अन्तर्राष्ट्रिय क्षेत्रमा केही प्रतिबद्धता गरेका छौं, विकाशील राष्ट्रमा लैजाने हाम्रो प्रतिबद्धता छ, त्यसलाई हामीले पूरा गर्ने छौं। सरकारले संविधान अनुसारको काम गर्नेछ। संविधानले आर्थिक विकासको लागि राज्य निजी क्षेत्र र सहकारी क्षेत्रको साझेदारीमा अगाडि बढ्ने भनेको छ त्यो अनुसार हामीले काम गर्ने हो। सरकारको केही भूमिका हुन्छ, सुरक्षा दिने काम राज्यले गर्नेछ।'

अर्थिक वृद्धिदरको इन्जिन निजी क्षेत्र हो। आन्तरिक र बाह्य लगानी परिचालन गरी अगाडि बढ्ने उल्लेख गर्दै उहाँले लगानी बढाउनको लागि लगानी बोर्डलाई क्रियाशील बनाउनुपर्ने धारणा राख्नुभयो।

'हामीले जतिसुकै जे भने पनि अन्तर्राष्ट्रिय सहयोग र लगानीबिना उल्लेख्य प्रगति गर्न सक्दैनौं। त्यसका लागि त्यस्ता अन्तर्राष्ट्रिय सहयोग र प्रविधिलाई हाम्रो राष्ट्रिय स्वार्थ अनुकूल भित्र्याएर उपयोग गर्नुपर्छ। ऋण तिर्न सक्ने र क्षमता विकास गर्न सक्ने तथा हाम्रो अन्तर्राष्ट्रिय साख बढाउने गरी काम गर्छौं।' खतिवडाले भन्नुभयो-'आजै धेरै कुरा नगरौं, हामीले योजना बनाउने हो र सबैसँगै मिलेर देश बनाउने बाटोमा अघि बढ्ने हो।'



- वाम गठबन्धको प्रतिबद्धता पूरा गर्ने।
- संविधानले मार्गनिर्देश गरेको भूमिका अनुरूप राज्यलाई नेतृत्वदायी र अभिभावक बनाउने।
- सरकारीवित्तव्यस्थापनमाअनुशासनहीनताको अन्त्य गर्ने, वित्त प्रणालीमा पारदर्शीता र खर्चको प्रभावकारितामा जोड।
- उच्च आर्थिक वृद्धिका लागि निजी क्षेत्रको परिचालन।लगानी बोर्डलाई क्रियाशील बनाउने
- अन्तर्राष्ट्रिय सहयोग र प्रविधिलाई हाम्रो राष्ट्रिय स्वार्थ अनुकूल भित्र्याएर उपयोग।

## नेप्सेमा दोहोरो अंकको गिरावट

काठमाडौं, (नेस)

साताको दोस्रो दिन पनि शेयर बजार दोहोरो अंकले घटेको छ। सोमबार नेप्से परिसूचक १५ दशमलव ७८ अंकले घटेर १३५८ दशमलव ९५ अंकमा पुगेको छ।

सोमबारको कारोबारमा सबै उपसूचक ओरालो लागेका छन्। बीमा समूह सबैभन्दा धेरै १ सय २२ दशमलव ५ अंकले घटेको छ।

होटल समूह ५७ दशमलव ८, उत्पादनमूलक समूह ३२ दशमलव ४२ र जलविद्युत् समुह २९ दशमलव २९ अंकले घटेको छ। त्यसैगरी बैंकिङ समूह ९ दशमलव ८४, विकास बैंक समूह ११ दशमलव ५, फाइनान्स समूह ६ दशमलव १७, व्यापार समूह २ दशमलव ११ र अन्य समूह ८ दशलमव ९७ अंकले घटेको छ।

परिसूचक घटे पनि कारोबार रकम अघिल्लो दिनको तुलनामा बढेको छ। १ सय ५१ वटा कम्पनीको १४ लाख ३८ हजार आठ सय ८६ कित्ता खरिद बिक्रीबाट ५५ करोड २४ लाख २० हजार दुई सय ७० रुपियाँ बराबरको कारोबार भएको छ।

सबैभन्दा बढी शेयर कारोबार हुनेमा नेपाल लाइफ इन्स्योरेन्सको १० करोड ५६ लाख ८६ हजार रुपियाँ बराबरको कारोबार भएको छ। त्यसैगरी प्रभु बैंक र एनसीसी बैंकको क्रमशः ५ करोड ९० लाख र ५ करोड ४५ लाख रुपियाँ बराबरको सेयर कारोबार भएको छ।

राष्ट्रिय बीमा कम्पनीको प्रोमोटर शेयरका लगानीकर्ताले सबैभन्दा बढी गुमाएका छन्। बीमा कम्पनीका लगानीकर्ताले ८ दशमलव ६३ प्रतिशतले गुमाएका हुन्।




छलफलका क्रममा महालेखापरीक्षक दंगालले नेपाल राष्ट्र बैंक मुलुकको महत्वपूर्ण सार्वजनिक संस्था भएकाले यसको आन्तरिक सुशासन र नियमनकारी क्षमताको सुदृढीकरणमा जोड दिनुभयो।

# अर्थ

## महालेखाको क्षेत्राधिकार नरहेका संस्थाको नियमन आवश्यक

काठमाडौं, (नेस)

महालेखा परीक्षक टंकमणि शर्मा (दंगाल) ले हाल नियामक निकायको क्षेत्राधिकार बाहिर रहेका नागरिक लगानी कोष, कर्मचारी सञ्चय कोष, सामाजिक सुरक्षा कोष तथा सहकारी संस्थाले गर्ने आर्थिक क्रियाकलापलाई नियमन गर्न नयाँ कानुनी व्यवस्थाको खाँचो रहेको बताउनुभएको छ।

सोमबार नेपाल राष्ट्र बैंकका गर्भनर डा. चिरञ्जीवी नेपालसहित राष्ट्र बैंकको लेखापरीक्षण टोलीसँगको छलफलका क्रममा महालेखापरीक्षक दंगाालले ती संस्थामा रहेका जोखिम र त्यसले भविष्यमा पार्न सक्ने असरका सम्बन्धमा चासो राख्नुभएको हो। त्यस्ता निकायका क्रियाकलापलाई नियमन गर्न उपयुक्त कानुनी व्यवस्थाको खाँचो रहेको दंगालको भनाइ छ।

राष्ट्र बैंक टोलीसँग गत आर्थिक वर्ष २०७३/७४ को लेखापरीक्षणको प्रतिवेदन उपर पनि छलफल भएको थियो। छलफलका क्रममा महालेखापरीक्षक दंगालले नेपाल राष्ट्र बैंक मुलुकको महत्त्वपूर्ण सार्वजनिक संस्था भएकाले यसको आन्तरिक सुशासन र नियमनकारी क्षमताको सुदृढीकरणमा जोड दिनुभयो।

लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएका व्यहोराका सम्बन्धमा जवाफ दिँदै गर्भनर डा. नेपालले समग्र वित्तीय क्षेत्रको सुधारका लागि प्रयासरत रहने प्रतिबद्धता व्यक्त गर्नुभयो। गभर्नर नेपालले बैंकमा रहेको सम्पत्तिको उचित व्यवस्थापन गर्ने, लगानी व्यवस्थापनबाट अधिकतम् आर्थिक लाभ प्राप्त गर्ने, नेपाल वित्तीय प्रतिवेदनमान लागू गरी बैंक तथा वित्तीय संस्थामा पारदर्शिता र संस्थागत सुशासन कायम गर्न आवश्यक पहल गर्ने धारणा राख्नु भएको थियो।

## निगममा नयाँ सफ्टवेयर प्रयोग गरिने

काठमाडौं, (नेस)

नेपाल वायुसेवा निगमलाई नयाँ प्रविधि उपलब्ध गराई काममा छिटो छरितो र उडानमा सुरक्षाको स्तर वृद्धि गर्ने भएको छ। यसका लागि एआरएमएस २ दशमलव ५ सफ्टवेयर (एभिएसन रिसोर्स म्यानेजमेन्ट सिस्टम) प्रयोगमा ल्याइने निगमले जनाएको छ। नयाँ प्रविधि प्रयोगका लागि भारतीय कम्पनी सेओरी डिजिटल सिस्टमसँग सोमबार सम्झौता भएको छ।

सम्झौतामा निगमका तर्फबाट महाप्रबन्धक सुगतरत्न कंसाकार र भारतीय कम्पनीका मुम्बईस्थित कार्यालयका कार्यकारी निर्देशक रोहित झाले हस्ताक्षर गर्नुभयो। यो सफ्टवेयर प्रणाली प्रयोगमा ल्याएपछि सुरक्षित उडानदेखि, मर्मत सम्भार, गुणस्तर सुधारमा समेत सकारात्मक परिवर्तन हुनेछ।

उडान कर्मचारी को कहाँ छ ? कतिको फुर्सदिलो छ भन्ने कुरा पत्ता लगाउनेदेखि आवश्यक पार्टपूर्जा कति र कहाँ छ, त्यस्ता पार्टपूर्जाको आयु कति छ, कुन बेला कस्तो तालिम कसलाई आवश्यक छ। कहिले गर्न सकिन्छ भन्ने कुरा सफ्टवेयरबाट नै हेर्न सकिन्छ। यी काममा हाल मानवीय शक्ति प्रयोग भइराखेकोमा अव नयाँ प्रविधिले सबै कुरा कम्प्युटरमा देखाउने छ र छिटो छरितो काम हुनेछ।

नेपाल वायुसेवा निगमसँग यो प्रणाली नहँदा गन्तव्य विस्तार गर्नदेखि आवश्यक पार्टपूर्जाको व्यवस्थापन गर्न समेत समस्या रहेको थियो।

## सिटिजन्स बैंकको ६८औं शाखा खुल्यो

काठमाडौं, (नेस)

सिटिजन्स बैंक इन्टरनेसनलले आफ्नो ६८औं शाखा कास्कीको सिमलचौरमा सञ्चालनमा ल्याएको छ।

उक्त शाखा बैंकका सहायक प्रमुख कार्यकारी अधिकृत बोधराज देवकोटाले पूजापाठ गरी बैंकिङ कारोबारको शुरूवात गर्नु भएको छ। सिटिजन्स बैंक इन्टरनेसनलले ६८ वटा शाखा, ६५ वटा एटीएम काउन्टर र ९९ वटा शाखारहित आधुनिक बैंकिङ सेवाबाट करिब ३ लाख ५० हजार ग्राहकलाई सेवाप्रदान गर्दै आएको जनाएको छ।

उक्त शाखाका प्रबन्धक अरूण अधिकारीले यस क्षेत्रमा कृषि कर्जा, पशु पालन, पर्यटन तथा अन्य व्यावसायिक क्षेत्रमा प्रचुर सम्भावना रहेको र बैंक यस्ता उत्पादनमुलक क्षेत्रमा लगानी गर्न आतुर रहेको कुरा जानकारी गराउनुभयो।

मुलुक संघीय प्रणालीमा गएसँगै अब दुर्गम क्षेत्रका सर्वसाधारणले बैंकिङ सेवा लिन जिल्ला सदरमुकाम वा शहर बजारमै पुग्नु पर्ने बाध्यात्मक परिस्थितिको अन्त्य गर्नका निम्ति अब आउने निकट भविष्यमानै बैंकले थप शाखा संचालन गर्ने योजना अगाडि सारेको बैंकका नायब प्रमुख कार्यकारी अधिकृत तथा प्रवक्ता गणेशराज पोखरेलले जानकारी गराउन भयो।

## पर्यटनको अन्तर्राष्ट्रिय सम्मेलनमा नेपालको सहभागिता

काठमाडौं, (नेस)

युएईको भएको भएको पाटा 'एडभेन्चर ट्राभल एन्ड रिस्पोन्सिबल टुरिजम कन्फेरेन्स एन्ड मार्टमा' नेपालले सक्रिय सहभागिता जनाएको छ। मार्टमा ३३ वटा मुलुकका १८० जनाको सहभागिता रहेको थियो।

सो मार्टमा नेपालबाट पाटा नेपाल च्याप्टर, नेपाल पर्यटन बोर्ड, सोल्टी क्राउन प्लाजा र नेपाल वायुसेवा निगमसहित ११ वटा निजी पर्यटन व्यावसायिक कम्पनीको सहभागिता रहेको थियो। मार्टको युएईका संस्थापक सेख जायेद बिन सुल्तान अल नयनको एक सयौं जन्मजयन्ती मनाइरहेको अवसरमा युएईले मार्टको आयोजन आतिथ्यता गरेको हो। संस्कृति तथा पर्यटन विभाग आबुधाबीका कार्यकारी निर्देशक महामहिम सुल्तान अल मुतावा अल धहेरीले मार्टको उद्घाटन गर्नु भएको थियो।

मार्टमा पाटा नेपाल च्याप्टरका सीईओ सुरेशसिंह बुडालले नेपालमा हरेक प्रकारको साहसिक पर्यटकको तिर्खा मेटाउने स्रोत तथा वस्तु सेवा उपलब्ध भएकाले नेपाललाई साहसिक पर्यटनको गन्तव्यको रूपमा सक्रिय प्रवर्द्धन तथा बजारीकरण गरिनुपर्ने बताउनुभयो।

सन् २०१२ मा राजकुमार बदर बिन खालिद बिन फाहदले नेपालमा सफलतापूर्वक सगरमाथा आरोहण गरी सातवटै महादीपका उच्च हिमश्रृङ्खला आरोहण गर्ने पहिलो साउदी अरेबियनको कीर्तिमानी बनेका थिए। आधिकारीक तथ्यांकअनुसार प्रत्येक वर्ष ५ देखि ६ हजार अरबी पर्यटकले नेपाल भ्रमण गर्ने गरेका छन्।

# PRESS RELEASE

## सेञ्चुरी बैंकबाट पनि सी-आस्बा

काठमाडौं, (नेस)

सेञ्चुरी कमर्सियल बैंकले धितोपत्र खरिद गर्न सी-आस्बा सेवा सञ्चालनमा ल्याएको छ। आईपीओ, एफपीओ र हदप्रद शेयरको दरखास्त अनिवार्य रूपमा सी-आस्बामार्फत् हुने भएकाले बैंकले आफ्ना ग्राहकहरूलाई सुविधा दिने उद्देश्यले उक्त सेवा सञ्चालनमा ल्याएको जनाएको छ। सेञ्चुरी बैंकको शाखा कार्यलय तथा केन्द्रीय कार्यालयमा सम्पर्क गरी बैंक खाता एवम् डिम्याट खाता अध्यावधिक गरी सीआरएन रजिष्ट□शन नम्बर लिन सकिने बैंकले जनाएको छ।

## सिजीका दुई नयाँ स्मार्टफोन बजारमा




काठमाडौं, (नेस)

सिजी माबाइलस प्रालिले बजेट सेगमेन्टको दुई नयाँ स्मार्टफोन ओमेगा ३ र ब्लेज एन नेपाली बजारमा ल्याएको छ। ओमेगा ३ बेजेल लेस डिस्प्ले र १८:९ डिस्प्ले रेसियोका साथमा आउँछ जसको मूल्य ७ हजार ८४९ रुपियाँ रहेको कम्पनीले जनाएको छ।

ओमेगा ३ मा ७६ प्रतिशतको स्क्रीन टू बडी रेसियो, प्रयोगकर्ताका लागि अतुलनीय अनुभव प्रदान गर्दछ। ओमेगा ३ यो सेगमेन्टको पहिलो स्मार्टफोन हो जसमा १८:९ इन्फिनिटी डिस्प्ले रहेको छ।

ओमेगा ३, ड्यूल सिम भएको स्मार्टफोन जुन नगेट ७ मा आधारित रहेर सञ्चालन हुन्छ। यसमा १ दशमलव २ गिगाहर्ज क्वाड कोर प्रोसेसर छ। जुन १ जीबी ऱ्यामका साथमा आउँछ। क्यामेरातर्फ हेर्दा, ओमेगा ३ मा ५ मेगापिक्सेलको रियर क्यामेरा राखिएको छ भने सेल्फीका लागि अग्रभागमा २ मेगापिक्सेलको ड्यूल फ्ल्याससहितको क्यामेरा छ।

स्टोरेजका लागि ओमेगा ३ मा ८ जीबीको आन्तरिक स्टारेज छ, जसलाई माइक्रो एसडी कार्डको साथमा ३२ जीबीसम्म बढाउन सकिन्छ।

कनेक्टिभिटीका लागि थ्रीजी कनेक्टिभिटी, ब्लूटूथ, जीपीएस, र एफएम रहेको छ। ओमेगा ३ को तौल १६३ ग्राम छ जसमा २,३०० एमएएचको ब्याट्री रहेको कम्पनीले जनाएको छ। यो स्मार्टफोनमा यूएन पपुलेसन फण्डको सहकार्यमा, युवा पुस्ताको लागि निकै उपयोगी मोबाइल एप खुल्दुली एप बिल्ट इन गरिएको कम्पनीको भनाइ छ। यो मोबाइल एप यौनिक तथा प्रजनन स्वास्थ्य र नेपालमा किशोरको अधिकार प्रवर्द्धन गर्नका लागि उपयोगी छ। त्यसैगरी उनीको स्वास्थ्यको बारेमा सही सूचना सम्प्रेषण गर्दै स्वस्थ्य जीवनशैली उपयोग गर्न सहयोग गर्दछ। यो एप अफ लाइन रहेर पनि प्रयोग गर्न सकिन्छ, जुन यसको अर्को फाइदा हो।

अर्को स्मार्टफोन, ब्लेज एन ड्यूल सिम ह्याण्डसेट हो जुन एन्ड्रोयड नगेट ७.० भर्सनमा संचालन हुन्छ। यो फोन १.२ गीगाहर्ज क्वाड कोर प्रोसेसरका साथमा १ जीबीको ऱ्यामसहित आउँछ। क्यामेराका लागि, ब्लेज एनमा ८ मेगापिक्सेलको रियर क्यामेरा छ भने ५ मेगापिक्सेलको फ्रन्ट क्यामरा छ। स्टोरेज र कनेक्टिभिटीतर्फ, ब्लेज एन ओमेगा ३ को जस्तै फिचरहरू छन्। ब्लेज एन स्मार्टफोन बजार मूल्य ७ हजार ३४९ रुपियाँ तोकिएको छ। दुवै स्मार्टफोन गुगलद्वारा प्रमाणित एन्ड्रोइड प्रणाली उपलब्ध छ।

## सिप्रदीको डिलर मिट सम्पन्न



काठमाडौं, (नेस)

सिप्रदी ट्रेडिङ प्रालिअन्तर्गत एक्साइड ब्याट्रीले आफ्ना डिलरहरूलाई सम्मान गरेको छ। कम्पनीले पूर्वी क्षेत्रका डिलर लाई भेला गरी एक्साइड ब्याट्रीले पूर्व क्षेत्रीय डिलर मिटको आयोजना गरेको थियो।

उक्त कार्यक्रममा आफ्नो उत्कृष्ट प्रतिफल दिने डिलर लाई क्रमश: डाइमन्ड, प्लाटिनम र गोल्डेन डिलरको उपाधिले सम्मानित गरिएको कम्पनीले जनाएको छ। जसमा नेसनल इन्टरप्राइजेज, इटहरीलाई डाइमन्ड डिलरको उपाधि प्रदान गरिएको थियो भने टायर सेन्टर, विराटनगरलाई प्लाटिनम डिलरको उपाधि प्रदान गरिएको थियो। त्यस्तै गोल्डेन डिलरको उपाधि रामकृष्ण इलेक्ट्रो पावर, झुम्कालाई प्रदान गरिएको थियो।

नयाँ विधामा मोस्ट सर्भिस इफिसेन्ट डिलरको उपाधि फातिमा ब्याट्री ट्रेडर्स, धरान र आकर्षक शोरुमको उपाधि नेसनल इन्टरप्राइजेज इटहरीलाई प्रदान गरिएको थियो। उक्त कार्यक्रममा डिलरको उत्सुकतालाई देखेर यस्ता कार्यक्रम आगामी दिनमा पनि देशका विभिन्न शहरमा समेत आयोजना गरिने कम्पनीका महाप्रबन्धक सुरेशकुमार तिवारीले बताउनुभयो।

## शंकर ग्रुपको सिमेन्ट प्याकेजिङसम्बन्धी सम्मेलन




काठमाडौं, (नेस)

शंकर ग्रुपअन्तर्गतको जगदम्बा सेन्थेटिक्स प्रालिले प्राविधिक स्टारलिंगर एन्ड कम्पनीसंग मिलेर एड स्टार लेमिनेटेड ब्याग्स एन्ड सिमेन्ट प्याकेजिङ सम्बन्धी सम्मेलन गरेको छ।

उक्त प्रविधि सेकेन्ड जेनेरेसन ब्याग्सको रूपमा प्रतिष्ठित रहेका छ। जसलाई सन् २०१२ देखि जगदम्बा सेन्थेटिक्सले नेपाली बजारमा ल्याएको हो। उक्त प्रविधिको पहिलो ग्राहक जगदम्बा सिमेन्ट रहेको थियो। सिमेन्ट कम्पनीहरूले प्रयोग गर्दै आएका साधारण प्याकेजिङमा विभिन्न समस्याहरू रहेका थिए। सिमेन्ट चुहिने ,बढी धुलो उड्नुका साथै ३ देखि ४ किलो कम हुने गर्दथ्यो।

एड स्टार ब्याग प्रयोगपछि यी सबै समस्यासमाधान हुनुको साथै ५० किलो तौल भएका सिमेन्टमा शतप्रतिशत तौल ग्यारेन्टी रहने गर्दछ। उक्त ब्याग प्रयोगबाट धुलो नउड्ने, चिसो तथा पानी नछिर्ने, वातावरणमैत्री र पुन: प्रयोग गर्न सकिने जस्ता फाइदा लिन सकिन्छ।

अस्ट्रिया, इटाली, भारत, बंगलादेश र चीनबाट आएका विभिन्न व्यक्तिको सहभागिता रहेको उक्त सम्मेलनमा प्रमुख अतिथि इण्डियन आयलका निर्देशक ए के झा रहनु भएको थियो। त्यस्तै शंकर ग्रुपका उपाध्यक्ष सुलभ अग्रवाल, स्टारलिंगरका लिण्डर हुमर, नेपाल गुणस्तरका महानिर्देशक विश्वबाबु पुडासैनी र जगदम्बा सिमेन्टका प्रमुख राजेश अग्रवालको सहभागिता रहेको थियो।

## सिटी एक्सप्रेस र अल बिलादबीच सम्झौता

काठमाडौं, (नेस)

साउदी अरबको बैंक अल बिलाद, एन्जाज सर्भिस सेन्टर र सिटी एक्सप्रेस मनी ट्रान्सफरबीच रेमिट्यान्स सेवा शुरू भएको छ। एन्जाज सर्भिस सेन्टरको १७९ रेमिटान्स सेन्टरबाट नेपालमा सिधैं नगद पठाउन

CITY EXPRESS MONEY TRANSFER
11 Years service excellence
© Copyright City Express Money Transfer All rights reserved
Please donot print this email until its necessary! GO GREEN!!!

वा नेपाला रहेको कुनै पनि बैंक खातामा रकम जम्मा गर्न सक्ने छन्।

उक्त सम्झौतामा सिटी एक्सप्रेस मनी ट्रान्सफरका प्रबन्ध निर्देशक चन्द्र टण्डन र अल बिलाद बैंकका प्रमुखहरू साद अल द्रीस र अहमेद अल एनाजीले हस्ताक्षर गर्नुभएको थियो। अल बिलाद बैकंले सिटी एक्सप्रेससँग सिधा रेमिट्यान्स सम्झौता भएकोमा खुशी ब्यक्त गर्दै आगामी दिनमा सिटी एक्सप्रेससँग नयाँ प्रविधिअनुसार सहकार्य गर्दै जाने जानकारी दिनुभयो।

## एनसीसी बैंकको पोखरामा नयाँ शाखा

काठमाडौं, (नेस)

नेपाल क्रेडिट एन्ड कमर्स बैंकको पोखराको बिरौटामा सञ्चालित शाखाका पोखरा लेखनाथ महानगरपालिकाका प्रमुख मानबहादुर जिसीले उद्घाटन गर्नुभयो। सो कार्यक्रममा पोखरा उद्योग वाणिज्य संघका अध्यक्ष विश्व शंकर पालिखे, निर्माण व्यवसायी संघ कास्कीका वरिष्ठ उपाध्यक्ष सुरेश श्रेष्ठलगायतको सहभागिता रहेको थियो।

त्यस क्रममा बैंक सञ्चालक समितिका अध्यक्ष उपेन्द्रकेशरी न्यौपानेले यस क्षेत्रका बासिन्दा, जनप्रतिनिधि र समस्त उद्योग व्यवसायीको सहयोग र शुभेच्छा आवश्यक रहेको र बैंकले पनि वित्तीय अनुशासन भित्र रही उत्कृष्ट बैंकिङ सेवा प्रदान गर्ने विचार व्यक्त गर्नुभयो। त्यस्तै एनसीसी बैंकका प्रमुख कार्यकारी अधिकृत रमेशराज अर्यालले यस क्षेत्रमा स्थापना भएको यस शाखाले कृषि र पर्यटन उद्योगमा हुने लगानीलाई जोड दिने, गुणस्तरीय र उत्कृष्ट सेवा प्रदान गर्ने प्रतिबद्धताका साथै आगन्तुक सम्पूर्ण अतिथिलाई स्वागत गर्नु भएको थियो।

## लक्ष्मी बैंकले सी-आस्बा शुरू गऱ्यो

काठमाडौं, (नेस)

नेपाल धितोपत्र बोर्डबाटबाट जारी निर्देशन बमोजिम धितोपत्रको सार्वजनिक निष्काशन आईपीओ एफपीओ र हकप्रद शेयरको दरखास्त अनिवार्य रूपमा सी-आस्बामार्फत् गर्नुपर्ने व्यवस्था बमोजिम बैंकले आफ्ना ग्राहकका लागि सी-आस्बा सेवाको शुरूवात गरेको छ। बैंकबाट सी-आस्बा रजिष्ट्रेसन नम्बर (सीआरएन) प्राप्त गर्न ग्राहकले कुनै पनि शाखामा सम्पर्क राखी सो सेवा लिन सक्ने बैंकले जनाएको छ।



# म्यानचेस्टर सिटी लिग कप च्याम्पियन



लन्डन, (एजेन्सी)

आर्सेनलविरुद्ध एकतर्फीय जित निकालेर म्यानचेस्टर सिटी जारी सिजनको इंग्लिस लिग कप च्याम्पियन बनेको छ।

आर्सेनललाई ३-० गोलअन्तरले पराजित गर्दै म्यानचेस्टर सिटीले इंग्लिस लिग कपको उपाधि जितेको हो। मेनेजरका रूपमा पेप ग्वार्डिओलाले पहिलोपटक इंग्लिस क्लबलाई आफ्नो नेतृत्वमा उपाधि दिलाएका छन्। यसअघि स्पेन र जर्मनीमा सफल प्रशिक्षकका रूपमा काम गरिसकेका ग्वार्डिओलाले प्रिमियर लिगमा पनि सिटीलाई उपाधि यात्रातर्फ लम्काइरहेका छन्।

सन् २०१६ मा जर्मन क्लब वायर्न म्युनिख छाडेर इंग्ल्यान्ड पुगेयता उनी उपाधिविहीन थिए। २००८ देखि २०१२ सम्म बार्सिलोनाको प्रशिक्षक रहँदा उनले टिमलाई कुल १४ वटा उपाधि दिलाएका थिए। यता सिटीको जारी सिजनमा यो पहिलो उपाधि हो। सिटी एफए कपबाट भने बाहिरिसकेको छ।

सिटीलाई उपाधि दिलाउन खेलको १८औं मिनेटमा सर्जियो अगुएरोले गोलको खाता खोलेका थिए। गोलरक्षक क्लाउडियो ब्राभोको मिलाइदिएको पासमा अगुएरोले आर्सेनलका गोलरक्षक डेभिड ओस्पिनालाई चिप गर्दै गरेको गोलसँगै पहिलो हाफसम्म सिटीलाई अग्रता दिलाएका थिए। यस्तै लामो समय घाइते रहेका कप्तान भिन्सेन्ट कोम्पानीले खेलको ५८औं मिनेटमा टोलीको अग्रता दोब्बर पारे। खेलको ६५औं मिनेटमा डेभिड सिल्भाले तेस्रो गोल गर्दै सिटीको जित सुनिश्चित पारे।

# विश्वकप टी-२० छनोट तालिका सार्वजनिक

दुबई, (एजेन्सी)

आगामी अस्ट्रेलियामा हुने विश्वकप टी-२० क्रिकेटका लागि छनोट तालिका सोमबार सार्वजनिक गरिएको छ। अन्तर्राष्ट्रिय क्रिकेट काउन्सिल (आईसीसी) ले गरेको तालिकाअनुसार विभिन्न महादेशबाट ६१ देशको सहभागिता हुनेछ। जसमा पहिलो चरणको छनोट १२ क्षेत्रमा हुनेछ। अफ्रिकाबाट ३, उत्तर र दक्षिण अमेरिकाबाट २, एसियाबाट २, पूर्वी एसियाबाट २ र युरोपबाट ३ क्षेत्र रहेका छन्।

पहिलो चरणको १२ क्षेत्रको छनोटबाट २५ टोलीले दोस्रो चरणका लागि छनोट हुन पाउनेछन्। दोस्रो चरणको छनोट ५ क्षेत्रमा सञ्चालन हुनेछ। यस छनोट चरणबाट ७ टोली अन्तिम चरणका लागि छनोट हुनेछन्। यसमा विश्वकप टी-२० मा खेलेका ६ टोली समावेश भएपछि अन्तिम चरणमा १३ टोलीले प्रतिस्पर्धा गर्नेछन्। यसबाट छनोट भएका ६ टोलीले अस्ट्रेलियामा हुने विश्वकप टी-२० मा खेल्न सौभाग्य प्राप्त गर्नेछन्।

टी-२० को मान्यता रहेको टोलीसंख्या हाल १६ रहेको छ। सन् २०१८ डिसेम्बरमा शीर्ष १० वरीयता प्राप्त टोलीले विश्वकप टी-२० मा स्वत: छनोट हुने प्रावधान रहेको छ। शीर्ष १० भित्र नपर्ने ६ टोली अन्तिम चरणको छनोटमा प्रतिस्पर्धा गर्न बाध्य हुनेछन्। वरीयतामा शीर्ष १० प्राप्त टोलीसँगै छनोट भएर आएका ६ टोली गरी २०२० को विश्वकप टी-२० मा कुल १६ टोलीले सहभागी जनाउनेछन्।

## पाटन र क्यारिबियन भिड्ने

काठमाडौं, (नेस)

क्यारेबियन कप अन्तरकलेज टी-२० क्रिकेट प्रतियोगिताको सेमिफाइनलमा आयोजक क्यारिबियनले पाटन मल्टिपल क्याम्पससँग खेल्ने पक्का गरेको छ। त्यस्तै आजै हुने अर्को सेमिफाइनल खेलमा गोल्डेनगेटले नेपाल कमर्स क्याम्पसको सामना गर्नेछ। पुल्चोक इन्जिनिएरिङ कलेजको मैदानमा भएको क्वार्टरफाइनल खेलमा पाटनले नेपाल इन्जिनिएरिङ कलेज 'ए' लाई १ रनले पाखा लगाएको थियो। यसै गरी गोल्डेनगेटले युनिग्लोबलाई ८ विकेटले हराएको थियो।

## हेल्प नेपाल र पुलिस विजयी

काठमाडौं, (नेस)। चौथो एनएसटी-एनभीए राष्ट्रिय महिला तथा पुरुष भलिबल प्रतियोगितामा हेल्प नेपाल स्पोर्ट्स क्लबले मणिमुकुण्ड भलिबल क्लबलाई हराएको छ। त्यस्तै सोमबार भएको पुरुषतर्फको अर्को खेलमा विभागीय टोली नेपाल पुलिस क्लबले नयाँ बजार सामाजिक क्लबलाई २५-६, २५-९ र २५-१४ को सेटमा सहजै हरायो। त्रिपुरेश्वरको कभर्डहलमा सञ्चालन भएको महिलातर्फको खेलमा शिवम् न्यु डायमन्ड एकेडेमीले पद्मोदय युथ क्लब चितवनलाई २५-१४, २५-१२ र २५-१८ को सोझो सेटमा पराजित गर्न सफल भयो। त्यस्तै, महिलातर्फकै अर्को खेलमा पुलिसले जावलाखेल ट्रेनिङ सेन्टरलाई २५-११, २५-१० र २५-१२ को सोझो सेटमा पराजित गर्‍यो।

## मल्पीलाई उपाधि

नेपाल समाचारपत्र

काठमाडौं



मल्पी इन्स्टिच्युट 'ए' ले तेस्रो काष्ठमण्डप कप अन्तर ए लेभल थ्री बाई थ्री छात्र बास्केटबल प्रतियोगिताको उपाधि सोमबार जितेको छ।

मण्डिखाटारमा भएको फाइनल खेलमा मल्पीले आयोजक एवं साविक उपविजेता काष्ठमण्डपलाई १२-६ ले पराजित गर्‍यो। मल्पीको जितमा प्रसंगध्वज मास्केले सर्वाधिक १० अंक योगदान गरे। प्रसंग 'मोस्ट भेलुएबल प्लेयरसमेत चुनिए। यसअघि हिजै सम्पन्न सेमिफाइनल खेलमा मल्पीले आफ्नै 'बी' टिमलाई ८-६ तथा काष्ठमण्डपले गत दुवै संस्करणको विजेता साइपाल एकेडेमीलाई १०-९ ले हराउँदै उपाधि भिडन्त पक्का गरेका थिए।

ARISTON
Made in Italy
Breathing new life into the conventional water heater.

HOME FURNISHERS PVT. LTD.
होम फर्निशर्स प्रा. लि.
Tripureshwor, (Way to Thapathali)
Kathmandu, Nepal.
Ph.: 977-1-4254601, 977-1-4262240
E-mail: bath@wlink.com.np

## घरहरा

### भाउ बढ्ने संकेत



सरकारले अघि सारेको स्वैच्छिक अवकाश योजनामा करिब ४ हजार निजामती कर्मचारी गतिलै दानापानी लिएर बिदा हुने सुरसार देखाएका छन्। ५० वर्ष उमेर र २० वर्ष सेवा अवधि पुगेका कर्मचारीका लागि यस्तो योजना ल्याइएको छ। प्रदेश र स्थानीय तहमा समायोजन हुन नचाहने कर्मचारीका लागि यस्तो विकल्प दिँदा झण्डै ४ हजारले यस्तो विकल्प रोजेका छन् रे।

स्वैच्छिक अवकाश रोज्नेमा तीन जना सचिव पनि रहेछन्। करिब ४ हजार कर्मचारीले अवकाश रोजेपछि उनीहरूका लागि करिब ८ अर्ब रुपियाँ बिदाइ खर्च राज्यले व्यहोर्नुपर्ने अनुमान गरिएको छ। बाँकी सेवा अवधि र उमेरका आधारमा ७ वर्षको एकमुष्ट पेन्सन पाइने भएपछि केको दुःख गर्नु हैन त कर्मचारी मित्रहरू ? एकमुष्ट दाम लिएपछि 'देखाजाएगा'।

केको टेन्सन लिनु प्रदेश र स्थानीय तहको ? परिवक्व कर्मचारीले स्वैच्छिक अवकाश रोज्ने भएपछि प्रदेश र स्थानीय तहमा भने भर्खरका युवा र आलाकाँचा कर्मचारीको बाहुल्य हुने पक्कापक्की भयो। शिशु संघीयताको अभिभावक उनै आलाकाँचा हुने भए, आफैं हुर्किंदै संघीयता हुर्काउँदै। अब बाँकी रहेका परिपक्वहरूको पो झन् भाउ बढ्ने संकेत देखियो है। 'फलाना ठाउँमा पठाउँछौ भने ठीकै छ, हैन भने अवकाश लिन्छु' यसो भन्दै उनीहरूले घुर्की लगाए भइहाल्यो।



Subscribe the balanced and credible Nepal Samacharpatra.
Please call Corporate Office (4261179, 98510 69830, 9841 336729), Gaushala (98511 87322, 98433 37052), Kamal Pokhari (98600 07570), Kalimati (98511 29457, 4233172), Patan (9841 507317, 9841 336729), Jhochhen (98510 93762, 4233172), Bhaktapur (9841 585321, 98510 93762), Banepa/Dhulikhel (9849 316660) from 10 am - 5 pm for more details.

कामना न्यूज पब्लिकेसन्स् प्रालिद्वारा प्रकाशित कार्यालय: कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं, पो.ब.नं. २०४५, फोन: ४-२६११७९, फ्याक्स: ४-२१८९९०, Email: nepalsamacharpatra@gmail.com प्रमुख कार्यकारी अधिकृत तथा प्रबन्ध सम्पादक: दिरेकलाल श्रेष्ठ, प्रधान सम्पादक: पुष्करलाल श्रेष्ठ